# अध्याय-एक
## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

विश्वको सर्वोच्च शिखरको साथमा अविरल हिमश्रृङखलाका काखमा अवस्थित नेपाल बहुभाषिक, बहुजातीय तथा विविध संस्कृति भएको एक सानो सुन्दर देश हो । यसको कुल क्षेत्रफल १,४७,१८१ वर्ग.कि.मी. छ । क्षेत्रफलको दृष्टिकोणले विश्वको संपूर्ण भू-भागको ०.०३ प्रतिशत र एशियाको ०.३ प्रतिशत मात्र जमिन नेपालले ओगटेको छ । क्षेत्रफलमा सानो भएतापनि नेपालको भौगोलिक, सामाजिक र सांस्कृतिक विशेषता भने आफ्नै किसिमको रहेको छ । यहाँ धेरै जातजाति तथा जनजातिहरु बस्दछन् । त्यसैले नेपाललाई विश्व भित्रको एउटा सानो विश्व पनि भनिन्छ । "बहुजातीय परम्परा आधुनिक नेपालको जातीय स्वरुप हो ।" नेपालको निर्माण र समृद्धिमा सवैजातको सक्रिय योगदान र आ-आफ्नो प्रकारको महत्वपूर्ण स्थान छ ।

नेपालको पूर्व मेची देखि पश्चिम महाकालीसम्म तथा हिमालदेखि तराईसम्म बसोबास गरेका सबै जातजाति सिंगो नेपाली संस्कृतिको अभिन्न अंगको रुपमा रहेका छन् । सिंगो संस्कृती भित्रका हरेक जात-जातिका आ-आफ्नै सांस्कृतिक वैशिष्ट्य रहेका छन् । यी सबै जात-जातिहरुको समुचित अध्ययन नगरिकन यिनीहरुको सांस्कृतिक वैशिष्ट्यको पहिचान पनि हुन सक्दैन । यसैले यस्ता कैयन जात जातिहरुको खोजी गरी उनीहरुको पहिचान गर्नु आजको सन्दर्भमा महत्वपूर्ण छ । नेपालको भू-भाग भित्र पहिले देखि नै बसोबास गर्दै आएका जाति या समुदाय उनीहरु नेपाली राष्ट्रियताका अभिन्न अंगका रुपमा रहेका हुन्छन् र उनीहरुलाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्दै जानु आजको टड्कारो आवश्यकता पनि हो ।

विश्व मानचित्रमा हेर्दा सानो देश भए पनि नेपाललाई विविधताको देश भनिन्छ । प्राकृतिक स्वरुप, हावापानी, वनस्पति आदिमा झै यहाँका बासिन्दाहरुमा पनि विविधता देखिन्छ । बर्षौ देखि यहाँ विभिन्न जातका मानिसहरु बसोबास गर्दै आएका छन् । प्रत्येक जातिलाई विशिष्ट रुपमा चिनाउने खालका विभिन्न भेषभूषा, संस्कृति, भाषा र रीतिरिवाज नेपालमा देख्न सकिन्छ । भौगोलिक विविधता भएजस्तै नेपालीहरुको जनजीवन पनि अनेकौं रङ्गमा रङ्गिएको छ । जाति, पेशा, धर्म र सस्कृति एवं रहन सहनमा पनि आफ्नै किसिमको विशेषताले सजिएको नेपाल एशियाकै जातीय "संगम स्थल" तथा फूलबारीको रुपमा अवस्थित छ भन्दा अत्युक्ति हुँदैन । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भू-भागमा कुनै खास जातिको निश्चित बसोबास नभएकाले जातीय एकता र सामञ्जस्यता भएको पाइन्छ ।

बिशेष गरी नेपालको हिमाली प्रदेशमा शेर्पा, हुम्ली, थकाली आदि जातिहरुको बसोबास रहेको छ भने पहाडी प्रदेशमा बाहुन, क्षेत्री, राई, लिम्बु, मगर, तामाङ्ग, कामी, दमाई, चेपाङ, दरै, नेवार, माझी, सार्की, धिमाल, गाइने आदि जातिहरुको बाहुल्यता रहेको देखिन्छ । तराई प्रदेशमा थारु, कुमाले, राजबंशी, मुसलमान, धोवी, यादव, राजपुत, सतार, बाहुन, क्षेत्री, चमार आदि जातिहरु रहेका छन् । यिनीहरुको आफ्नै संस्कारहरु, भाषा तथा भेषभूषा रहेका छन् ।

जसले नेपालीहरुको पहिचान राख्न मद्दत गरेको पाइन्छ । त्यसैले नेपालका विभिन्न जातिहरुमा एक आपसमा समानता र असमानता दुवै पक्ष रहेको हुँदा यी जातजातिहरुको अध्ययन समय समयमा  हुँदै आएको पाइन्छ ।

जाति विशेषलाई लिएर नेपालमा विभिन्न संगठन तथा निकायहरुबाट अध्ययन अनुसन्धान हुँदै आएका छन् । यसरी जातिगत विषयमा अध्ययन गर्ने विदेशी विद्वान्हरु जसले नेपालका जातिहरुको अवस्था तथा तिनीहरुको उत्पत्ति, संस्कृति आदि विषयमा उल्लेख गर्ने गरेका छन् जसमध्ये वायन हुटेन हड्सन (१८७४, १८००), कर्क प्याटिक (१८११) र वी ह्यामिष्टर ( १८१९) को पुस्तक प्रकाशनले नेपालको जातजाति तथा  जनजातिको अध्ययनलाई निकै सहयोग पुगी विश्व सामु नेपालीको परिचय स्पष्ट हुन पुगेको छ (रावल-२०५९, पृ.-१) ।

त्यसपछि क्रमशः अंग्रेज, फ्रेन्च, जर्मन, जापान तथा भारतका विशेषज्ञहरुले नेपालको मानवशास्त्रीय अध्ययनमा चाख लिएको देखिन्छ । जसमध्ये थोमस काग्स प्रमुख हुन् । इ.सं १९५१ पछि नेपालको समाज, संस्कृति, जातजाति तथा जनजातिको अध्ययन गर्न बिदेशीहरुलाई अनुमति दिइयो । त्यसपछि स्वदेशी तथा विदेशी विद्वान्हरुबाट नेपाली समाज, संस्कृतिका साथै जातीय अध्ययनको क्रम शुरु भयो । नेपालीहरुले समाजशास्त्र तथा मानवशास्त्रको खोज गर्ने परम्परालाई नयाँ रुप दिएका छन् । नेपाली समाजमा  मानवशास्त्रमा विषयगत रुपमा चाख लिई खोज अनुसन्धान गर्ने विशेषज्ञहरुमा  यादव, पिताम्बरलाल (२०४६), बिष्ट, डोरबहादुर ( २०३०), खत्री, प्रेमबहादुर (२०४८), अधिकारी, राधाकृष्ण (२०५१), चौधरी, बिष्णुदेव ( २०४८), बराल, केदार (२०४४), थापा ज्ञानुदेवी (विष्ट), (२०३९), पाण्डे, रामकुमार (२०३९), बराल खगेन्द्र (१९८३), शर्मा, शरदचन्द्र (२०५४), नेपाली , गोपालसिंह (१९६५), शर्मा, जनकलाल ( २०५४), शास्त्री, रजनी कान्त (१९८१), शास्त्री, ढुण्डीराज (२०१५), शर्मा, नगेन्द्र (२०५२), श्रेष्ठ, हरिप्रसाद ( २०४६) प्रमुख रहेका छन् । यिनीहरुले दिएको योगदानले नेपाली संस्कृति परम्परागत  जातीय अन्वेषणमा महत्वपूर्ण सहयोग पुगेको छ । त्यस्तै CNAS, ICIMOD जस्ता संघसंस्थाहरुले पनि नेपाली संस्कृति र जातजातिहरुको अध्ययनमा इँटा थप्ने काम गरेका छन्  ( रावल-२०५९, पृ-२) ।

नेपालमा विभिन्न जातजातिहरुबारे धेरै जसो विदेशी विद्वान्हरुबाट अध्ययन नभएको होइन । तर ती विदेशी विद्वानहरुले नेपालका धेरै जातजातिहरुका संस्कृतिलाई आफ्नै परिवेश हेरेर व्याख्या गरेका छन् , जसले गर्दा कतिपय नेपाली संस्कृतिलाई “पश्चिमा” तरिकाले बुझ्नु पर्ने हुन्छ । केही नेपाली विद्वानहरुले पनि नेपालका जातजातिहरुबारे अध्ययन गरेका छन् तर ती अध्ययनहरुमा तुलनात्मक नभई एकै परिवेशलाई हेरेर व्याख्या गर्न खोजिएको छ ( दाहाल , २०५६) ।

नेपाल हिन्दू धर्मबाट नै निर्देशित भएको हुनाले यहाँ जातीय विभाजन आज एक्काइसौं शताब्दीमा पनि कठोर देखिन्छ । उच्च भनिने बाहुन, क्षेत्री देखि तल्लो तहका मानिने च्यामे, पोडे जस्ता छुन नहुने र छोइएमा छिटो हाल्नु पर्ने जात पनि यहाँ विद्यमान रहेका छन् । अछुत जातिहरु कामी, दमाई र सार्कीहरु मुख्यतया नेपालको पहाडी भेगमा बसोबास गर्दछन् । त्यस्तै तराई क्षेत्रमा डुम, तेली, सतार, मुसहर जस्ता अछूत जातिहरु बसोबास गर्दछन् । यी अछूत

जातिहरुको अवस्था दयनीय छ । समाजमा यिनीहरु विशेष गरी गैरदलितहरुबाट थिचोमिचोमा पिल्सिएका छन् ।

नेपालमा बसोबास गर्ने दलितहरुमध्ये दमाई पनि एक हो । यिनीहरु हिन्दू धर्मावलम्बीहरु हुन् । समाजमा यिनीहरुले दमाहा बजाउने भएकोले यिनीहरुलाई दमाई भनिएको हो । दमाई जातिले समाजमा हरेक वर्गका आवश्यकताहरु परिपूर्ति गर्ने गर्दछन् । पुरुष दमाईले लुगा सिउने र स्त्री जातिले लुगाका टाँका लगाउने, तुना लगाउने, टाँकघर बुन्ने जस्ता सघाउने काम गर्दछन् । दमाई जातिले लुगा सिउने बाहेक बाजा बजाउने पनि गर्दछन् । विवाह, चाडपर्व, चुडाकर्म, न्वारन तथा संस्कारहरु सम्पन्न गर्दा परम्परागत बाजा बजाउन यिनीहरुको आवश्यकता पर्दछ । सामाजिक संरचनामा यो जातिलाई दलित भित्रै पनि गाइने र सुनारभन्दा माथि र सार्की, कामी, कंडरा भन्दा तल मानिन्छ । समाजमा दमाईहरु परियार भनेर चिनिन्छन् तापनि दर्जी, नगर्ची, सूचीकार, दर्नाल, बस्याल, भिर्कोटी, स्यायो, सुगरेखाती, बगरेखाती आदि नामले पनि संवोधन गरिन्छ । राष्ट्रिय जनगणना २०५८, केन्द्रिय तथ्याङ्क विभागका अनुसार नेपालमा बसोबास गर्ने दलितहरुको कूल जनसंख्या ३०,२१,३८६ रहेकोमा दमाईहरुको जनसंख्या ३,९०,३०५ छ । जसमध्ये १,८८,३२९ पुरुष र २,०१,९७६ महिला छन् (पाण्डेय २०६३, पृ.-२७) ।

दमाई जातिभित्र तीन गोत्र र ३९ थरहरु पाइएका छन् । आत्रे, कौडिन्य र कौशिक तीन गोत्रहरु हुन भने ३९ थरहरुमा खड्का, खुलाल्, रिजाल, बराल, सापकोटा, सिलवाल, राना, कटुवाल, रानाखुलाल, सार्की, पोखरेल, खत्री, दर्नाल, सेवा, हिङ्माङ, सुनाम, खाती, परियार, मोथे, भरेल, खोपतरी, घिमिरे, भण्डारी, शिवाकोटी, बस्नेत, मुसाल, नेगी, दर्लामी, बरेवा, लवान, पञ्चकोटे, छर, घले, सुन्दास्, थटाल, रुफेली, त्रिपाठी, कार्कीढोला र दास छन् (पाण्डेय-२०६३,पृ.२७-२८) ।

दमाई जाति नेपालका प्रायजसो सवै विकास क्षेत्र, जिल्ला, गा.वि.स. मा पाइन्छन् । उनीहरुको छुट्टै कुनै निश्चित भू-भाग छैन । हिन्दू समाजभित्र उनीहरुको बसोबास बाक्लो छ । यिनीहरुका घरहरु माटाले बनेका तथा खर र स्याउलाले छाएका हुन्छन् । प्रायः धेरै जसोका घरहरु एक या दुई तले मात्र हुन्छन् । घरका भित्ताहरु गोबर माटाले लिपेर त्यसमा पांगो माटो, कमेरो माटो अथवा गेरु माटाले रंग्याएका हुन्छन् । घरभित्र पनि गोबरमाटाले लिपपोत गरेका हुन्छन् । तल्लो तलामा अगेनो हुन्छ । माथिल्लो तलामा अनाज राख्छन् । माथि चढ्नका लागि लिस्नो राखिएको हुन्छ ।

दमाई जातिको शारीरिक बनावटलाई हेर्दा उनीहरु अलि कालो वर्णका हुन्छन् । अनुहारको बनावट ब्राहमण, क्षेत्रीसंग मिल्दो हुन्छ । हाम्रो देशको समाजले उच्च जातिको श्रेणीमा राखेका ब्राह्मण त्यसपछि क्षेत्री, ठकुरी सबैले बोल्ने मातृभाषा नेपाली नै दमाई जातिको पनि मातृभाषा हो । यिनीहरुको आफ्नो छुट्टै मातृभाषा छैन । नेपाली समाज हिन्दू धर्ममा आधारित भएकोले दमाई जातिले पनि हिन्दू धर्म मान्दछन् र हिन्दूधर्म अनुसार चाडपर्वहरु मनाउँछन् । यसो हुँदा हुँदै पनि दमाई र अन्य जाति वीच उच निचको भावना रहेको पाइन्छ ।

यो अध्ययन पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत स्याङ्गजा जिल्ला बहाकोट गा.वि.स.मा बसोबास गर्ने दमाईहरुमा केन्द्रित छ । यस गा.वि.स.मा बसोबास गर्दै आएका अन्य जातजातिरुमा ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ्ग, मगर, कुँवर, गिरी, भुजेल, सुनार, कामी र सार्की हुन् । यहाँ बसोबास गर्ने जम्मा २९ घर परिवार दमाईहरु छन् जसमध्ये वडा नं.३ मा २, वडा नं. ४ मा २ र वडा नं. ७ मा २५ घरपरिवार छन् ।

यहाँका दमाईहरुको मुख्य पेशा कृषि र मजदूरी हो । बर्तमान अवस्थामा भने वैदेशिक रोजगारमा यिनीहरुको संख्या बढ्दै गएको पाइन्छ । खेतीपातीका लागि यिनीहरुको प्रशस्त जग्गा जमीन छैन । आफ्नो खेतबारीबाट भएको उत्पादनले उनीहरुलाई छ महिना पनि खान पुग्दैन । पहाडी क्षेत्र भएकाले खेतीयोग्य भूमिको अभाव छ । आफ्नो खेतबारी प्रशस्त नभएकाले अन्य जातिहरुको जग्गा अधियाँमा कमाई गरी खाने तथा पर्म लगाई छिमेकी गाउँहरुमा समेत पुगेर ज्याला मजदुरी गरी कमाई गर्ने गरेको पाइन्छ । केही पुरुषहरु ठकुरी, मगर र गुरुङ्ग समुदायमा पुगी हलो जोत्ने तथा विवाह, ब्रतबन्ध र यस्तै अन्य समारोहहरुमा बाजा बजाउने काममा संलग्न हुने गरेको पाइन्छ । हाल यिनीहरुमा कपडा सिलाउने परिवार नगन्य छन् । शैक्षिक क्षेत्रमा यिनीहरु पछि नै छन् । यस समुदायबाट हालसम्म एस.एल.सी. सम्मको अध्ययन पूरा गर्नेहरुको संख्या अति न्यून छ भने सोभन्दा माथिल्लो तहको अध्ययन पूरा गर्नेको संख्या शून्य नै छ । विद्यालयमा पढ्दा पढ्दै वीचमै छाड्ने तथा पढाइ छाडेर विदेशतर्फ लाग्ने युवाहरुको संख्या बढ्दो छ । वैदेशिक रोजगारका लागि भारत, मलेशिया, साउदी अरब, दुबई, कतार आदि देशहरुमा जाने गरेको पाइन्छ ।

अनुसन्धानको क्रममा गरिएको स्थलगत सर्वेक्षण २०६५ अनुसार यस गा.वि.स.मा बसोबास गर्ने दमाईहरुको कुल जनसंख्या २२५ रहेको छ । जसमध्ये पुरुषको संख्या१२० छ भने महिलाको संख्या १०५ छ । यी दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था कस्तो छ ? रहन-सहन कस्तो छ ? यिनीहरुले कसरी जीविकोपार्जन गरेका छन् ? यिनीहरको शैक्षिक तथा राजनैतिक अवस्था कस्तो छ ? भन्ने अवस्थाहरुको अध्ययन अनुसन्धान गरी यथार्थता पत्ता लगाउने प्रयास स्वरुप यो अनुसन्धान गर्न लागिएको हो ।

## १.२ जातीय छुवाछूतको पृष्ठभूमि

शरीर, आकृति, गुण, रङ्गका आधारमा विश्वका मानव समुदायको जाति (Race) छुट्टायाइको पाइन्छ । जाति अनुसार नै मानिसको रङ्ग, आकृति र गुणमा फरक पाइन्छ । भी.डी. जोतोभले विश्व मानव समुदायलाई "युरोपियड" सेतो वर्ण 'मङ्गोलेइड' पहेलो वर्ण र 'निग्रोइड' कालो वर्ण गरेर जम्मा तीन जातिमा विभाजन गरेका छन् । यसरी नै ब्लकले ककेशियन, मंगोलियन, अमेरिकन, मलायन र इथियोपियन गरेर जम्मा पाँच जातिमा विभाजन गरेका छन् । यसै गरी हक्सले पाँच जातिहरु, डकवर्थले सात मुख्य जातिहरु तथा डेनिकरले सत्र समूह र उनन्तीस जातिहरुमा वर्गीकरण गरेका छन् । उल्लेखित विद्वानहरुको मानव वर्गीकरणलाई हेर्दा दुई छुट्टाछुट्टै जातिहरु बीचको आन्तरिक संबन्धमा तेस्रो जातिको उत्पत्ति भएको देखिन्छ । अहिले संसारमा तीस मानव जातिहरु पाइन्छ भन्ने जोतोभको दावी छ । नेपालमा रहेका जातीय विभेदको पृष्ठभूमि हेर्दा महाभारत (हिन्दुस्थान) बाट आएका आर्यहरुले नै नेपाली समाजमा

जातीय विभेद र छुवाछूतको बिरुवा रोपी हुर्काएको पाइन्छ । भारतमा प्रवेश गर्ने आर्यहरु कुन जातिका थिए भन्ने सवालमा विद्वान्हरुवीच मत भिन्नता पाइन्छ । डा. रमाशंकर त्रिपाठीका अनुसार भारत प्रवेश गर्ने आर्यहरु युरोपियन (ककेशियन) जातिकै एक शाखा थिए । जसको आदिभूमि कालो सागरको उत्तरी मैदान मध्ये एशिया र मध्य तथा पश्चिम जर्मनी आदि क्षेत्रहरु थिए । उक्त भनाइमा अन्य कुनै पनि विद्वानहरुको मतैक्यता छैन । त्यसैले वर्णाश्रम धर्मभित्र बाँधिएका चार वर्ण   ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जातिहरु छुट्टै जाति नभएर एउटै जाति भएको कुरा पुष्टि हुन्छ । उनीहरुवीच रङ्ग, गुण, आकृति फरक नभएको, उनीहरु एउटै नश्लको भएको कुरामाथि उल्लेखित विद्वान्हरुको भनाईबाट पुष्टि हुन्छ । यथार्थता पनि यही हो । भारत, नेपाल लगायतका दक्षिण एशियाली देशहरुमा रहेको जातीय विभेद छुट्टा-छुट्टै मूल र वंशका नागरिकहरुवीच नभई एउटै मूल र वंश वीचमा रहेको छ । ऋग्वेदको पुरुष सूक्तमा उल्लेखित वर्णाश्रम व्यवस्थालाई बंग्याएर “फुटाउ र शासन गर” मूल मन्त्रका साथ मनुस्मृतिले गरेको ब्याख्या पश्चात् जटिल बन्दै गएको जातीय व्यवस्था लिच्छवीकाल (ई.सं. २०० देखि ८७९) को शुरुमा चार वर्ण १८ जातको थिति कायम गरेर इ.सं. ६०० सम्ममा समाजमा जातपात र छुवाछूतका प्रथा कायम गरियो । त्यसको प्रमाणिक अभिलेख राजा नरेन्द्रदेवको (इ.सं.६४५-६७९) अनन्त लिंगेश्वर अभिलेख हो (लाम्गादे, २०६१, पृ. ३-४) ।

मिथिला प्रदेशका कर्णाट राज्य (ई.सं. १०९७-१३२५) कर्णाली प्रदेशका पृथ्वी मल्लले ( इ.सं.१३३८-१३६०), इ.सं.१४३७ मा राजा जयस्थिति मल्लले पण्डित कीर्तिनिधि उपाध्याय सहित ५ जना ब्राहमणको अगुवाइमा मानव न्यायशास्त्र अन्तर्गत सामाजिक कलंकका रुपमा रहेको छुवाछुत प्रथालाई पराकाष्ठमा पुरचाउन राज्यले गाँउ-गाँउमा पञ्जिकाधिकारीहरु  नियुक्ति गरी कुत्सित प्रयत्न गरेका  थिए । गोरखाका राजा रामशाह द्वारा (ई.सं. १६०६-६०) सम्म आइपुग्दा चार जात छत्तीस वर्णमा परिभाषित गरियो । काठमाडौं  उपत्यकाको मध्यकालीन मल्ल राज्यमा जातपात र छुवाछुत प्रथा चरम रुपमा लागू गरियो । वि.सं. १९१० मा जंगबहादुर राणाले पण्डित लेखपति लोकपति झाको सहयोगमा  मुलुकी ऐन जारी गरी जातपात र छुवाछुत प्रथालाई कडाईकासाथ लागू गर्न घटीबढी जातमा  वर्गीकरणको महल बनाई छोइछिटो हाल्नुपर्ने र नपर्ने दुई जात भनी  पानी नचल्ने जात भन्ने महलको ७ मा समाजका सवै जात-जातिका वीचमा ठूलो जातका मान्छेले तल्ला जातका मान्छेबाट छोएको खाएमा वा विवाह गरेमा तल्लै जातमा झारिने र थप दण्ड सजांयको कानूनी व्यवस्था लागू गर्दै छुवाछुत प्रथाको कानुनी सञ्जाल खडा गरियो । अझ राज्यले कथित अछुत जाति भनिएका समुदायको धर्म, भाषा, कला, मौलिक संस्कृति तथा पूर्वज बंशको थर गोत्रको पहिचान समेत नामेट पार्ने दुस्प्रयास भयो । अतः कालो इतिहासको कालखण्डबाट गुज्रिएका हिजोका कथित शुद्र, नीच, अछुत जाति नै आज दलित वर्गको रुपमा परिणत हुन पुगेका छन् (नेपाल सरकार राष्ट्रिय दलित आयोग बुलेटिन २०६०, पृ. २-३) ।

नेपाली समाजमा रहेको दलित समस्या गलगाँडकै रुपमा रहेको छ । मुलुक केन्द्रीकृत एकात्मक तथा राजतन्त्रात्मक राज्य व्यवस्थाबाट मुक्त भएर संघीय गणतन्त्रात्मक राज्यको संरचनातर्फ उन्मुख छ । दलित समस्या भनेको के हो ? र संघीय राज्य प्रणालीमा यसका समाधानका उपायहरु के हुन् भन्ने कुरा चासोको विषय बनेको छ ।

सामान्यतया छुवाछूत भेदभावलाई मात्र दलित समुदायका समस्या भनेर बुझ्ने गरिएको छ । अर्को तर्फ दलित समस्या हिन्दू जात, समुदाय भित्रको मात्र समस्या हो भन्ने बुझाई पनि छ । त्यस बुझाईलाई आंशिक रुपमा मात्र सत्य भन्न सकिन्छ । यो समस्या हिन्दू समाजभित्रको उत्पादन हो तर नेपालमा हिन्दू सामन्तवादी शासकहरु र शासनप्रणाली भित्र्याएर आदिवासी जनजाति माथि शासन गर्ने र सामन्तवादी मान्यताबाट जबर्जस्त प्रशिक्षित गर्ने प्रक्रियाले गैर हिन्दु आदिवासी जनजातिमा समेत पर्याप्त मात्रामा प्रभाव जमाएको छ । यसरी आदिवासी-जनजाति समुदायको कोणबाट हेर्दा दलित समुदायको समस्या विजातीय उत्पत्तिको समस्या भए पनि उनीहरुको समेत सरोकारको समस्या बन्न गएको छ । हिन्दू उच्चजातको बाहुल्यता भएको क्षेत्रमा मात्र नभई आदिवासी-जनजातिको बाहुल्यता रहेको क्षेत्रमा समेत दमाई तथा दलित समुदायको स्थिति उस्तै प्रकारले शोषित, उत्पीडित र बहिस्कृत छ (गोरखापत्र, २०६५ कार्तिक ३०) ।

## १.३ नेपालमा जातीय प्रथाको शुरुवात :-

नेपालमा जातपात र छवाछूत प्रथा यही जन्मेको नभइ भारततिरबाट सर्दै सर्दै आएको हो । शुरुमा यो तराई क्षेत्रतिर मात्रै सीमित थियो र ईसाको आसपास लिच्छवी, मल्ल आदिको साथसाथ पहाडी, हिमाली क्षेत्रतिर पनि सर्दै मध्यकालमा आएर झन झ्यांगिदै गयो । अझ विशेष गरी पन्ध्रौ-सोह्रौ शताब्दीतिरका मुसलमानी आक्रमणले उत्तरी भारतका हिन्दू धर्मी जनता र राजा रजौटाहरु शरणार्थीका रुपमा पहाडतिर आउन थाले र सोह्रौ-सत्रौं शताब्दीतिर कुमाउ र पौडीगढवालतिरबाट हिन्दूहरु पूर्वी यात्रातिर लम्के । त्यसले नेपालको पहाडीक्षेत्र र वाग्मती उपत्यका हुँदै सिक्किम, भुटान र आसामसम्म व्यापकता लिदैं गयो । अर्कातिर जातपात र छुवाछूतले उत्पीडित जनतालाई वर्ग र छुवाछूतको भेदभाव नभएका इस्लाम र ईसाइ धर्मले पनि प्रभावित गर्दै गए । धर्मको आडमा विदेशी आक्रमण र साम्राज्यबाद र उपनिवेशवादले फिजाएको जाललाई सबैले देखिरहकै छन् । यस्ता आक्रमण र जाल विस्तारलाई हिन्दू धर्मको जातपात र छुवाछूतको फुटले मलिलो आधार दिएको छ । अहिले पनि भारतमा वीसौं करोड र नेपालमा पच्चीसौं लाख जनता छुवाछूत प्रथाको कठोर उत्पीडन भोगिरहेका छन् । हामीलाई थाहै छ, नेपाली भू-भागमा वुद्धकालदेखि आजसम्म जातपात र छुवाछूत विरुद्ध अनेकौ सुधारवादी विचार संघर्ष देखा पर्दै आएका छन् र हालैका दशकहरुमा यस उत्पीडनबाट मुक्तिको निम्ति अनेकौ क्षेत्रबाट काम र संघर्ष हुँदै आएका छन् । फलस्वरुप जातपात र छुवाछूत प्रथालाई संविधान र ऐन कानूनले निषेध गर्ने ऐतिहासिक चरणमा हामी आइपुगेका छौ । तर हजारौं वर्षको कुसंस्कारको कुहिगन्धे हिलोको ताल परेको समाजमा विधान र कानुनको उल्लेखले मात्र यस महारोगको निर्णायक उपचार हुन सक्दैन । अर्को कुरा पनि स्पष्ट छ, जबसम्म हामी समाजबाट छुवाछूतको कलंक, जातपातको अमानवीय विभाजन र जातीय भेदभावलाई पूर्ण रुपले उन्मूलन गर्न सक्दैनौ, तवसम्म हाम्रो समाज एकतावद्ध भएर प्रगतिको बाटोमा अघि बढ्न सक्दैन (प्रश्रित २०५८,पृ. ६५-६६) ।

मनुस्मृतिमा मनुले चार वर्णको कार्य विभाजनको उल्लेख गरेको पाइन्छ (अधिकारी, २०५१) । जसमा उल्लेख भए अनुसार ब्राह्मणले वेद पढ्नु-पढाउनु, दान लिनु-दिनु, यज्ञ गर्नु, क्षेत्रीले राजकाज चलाउनु तथा मारकाट गर्नु, वैश्यले वाणिज्य व्यवसाय तथा कृषि कार्य गर्नु र

शूद्रले आफूभन्दा माथिका तीनवटै वर्णको सेवा गर्नु भन्ने छ । महाभारतमा मृगु ऋषि भन्छन्- ब्रम्हाले सर्बप्रथम ब्राह्मणको सृष्टि गरे । त्यसपछि क्रमशः क्षेत्री, वैश्य र शूद्रको सृष्टि भयो ।

वि.सं. १२२५ मा लेखिएको श्लोक संहिताबाट नेपालमा जातजाति भएको कुरा स्पष्ट हुन्छ । विभिन्न शिलालेख तथा विदेशी स्रोतबाट इस्वीको पांचौ शताब्दीबाट वा सो भन्दा पनि अगाडि देखि नेपालमा क्षत्रीयहरुको शासन र समाजमा ब्राह्मणहरुले धार्मिक कार्य सम्पन्न गर्ने गरेको कुरा उल्लेख छन् । अंशुवर्माको समयभन्दा अगाडि र पछाडिका विभिन्न लिच्छवी शासकहरुका शिलालेखमा ब्राह्मणहरुले धार्मिक कार्य सम्पन्न गर्ने गरेको कुराको प्रशस्त उल्लेख पाइन्छ । उनीहरुको शिलालेखमा ब्राह्मणहरुलाई 'पास' भनेर सम्बोधन गरेको पाइन्छ । राजा र रानीबाट ब्राह्मणहरुलाई प्रशस्त उपहार दिएको कुरा लिच्छवी शिलालेख (मानदेव ३८६ संवत्) मा उल्लेख छ । यसबाट पनि त्यस समयको नेपाली समाज जातीय व्यवस्थामा आधारित थियो भन्ने प्रमाण मिल्दछ । ब्राह्मणहरुलाई माथिल्लो जातिको सदस्य मानिन्थ्यो । ब्राम्हणहरुले नै धार्मिक कार्यहरुको व्यवस्था गर्न निर्देशन दिने गर्दथे । त्यस समयमा क्षेत्रीय तथा वैश्यको पनि उल्लेख छ । तर शूद्र वा दलित जातिको बारेमा साधारण झलक मात्र दिएको पाइन्छ । यस प्रकार नेपालमा जातिप्रथा फैलिएको पाइन्छ ।

मल्लकालन राजा जयस्थिति मल्लले नेपालको समाजलाई चार जात र छत्तिस वर्णमा विभाजित गरेकालीन थिए । चार जातिमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र पर्दथे । ब्राह्मणहरु पनि पञ्चगौडा र पञ्च द्रविड गरी दुई वर्गमा विभाजित गरिएका थिए । ब्राह्मणहरुलाई देवदेवीको पूजा गर्नुका साथै अन्य उच्चकर्म गर्ने, क्षेत्रीले राजकाज संबन्धी कार्य गर्ने, वैश्यले व्यापर र खेतीपाती गर्ने र शूद्रले माथिल्लो जातको सेवा गर्ने गरी कार्य विभाजन गरिएको थियो । ब्राह्मण र क्षेत्रीले सामाजिक जीवनका लागि उमेर अनुसार ब्रम्हचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास धर्मको पालन गर्नु पर्ने नियम लागू गरिएको थियो । अन्य वर्गहरु ६४ जातिमा विभाजित गरिएको थियो । नेवार समाजमा आचार्य, वैद्य, दैवज्ञ र श्रेष्ठ उच्च स्तरका मानिन्थे । आचार्यलाई ३ वर्गमा, वैद्यलाई ४ वर्गमा, दैवज्ञलाई ४ वर्गमा र श्रेष्ठलाई अनेक वर्गमा विभाजित गरिएको थियो । श्रेष्ठमध्ये दश थर र उपरोक्त तीन जातिका नेवारलाई मात्र यज्ञोपवीत (जनै) धारण गर्ने अधिकार दिइयो । बाँकीसमाज ३६ जातिमा बाँडियो । जसमध्ये ३२ जाति ज्यापु मात्र थिए । माथिल्लो ४ जातिलाई तल्लो जातिले छोएको खानपिन गर्न प्रतिबन्ध लगाइएको थियो । पोडे, चमार आदिको पानी नचल्ने भयो । तल्लो जातिका व्यक्तिहरुले आफूभन्दा माथिल्लो जातिका व्यक्तिहरुलाई सम्मान र उचित आदर दर्शाउनु पर्ने चलन चलेको थियो (रावल, २०५९, पृ.५) ।

राजा सुरेन्द्रको शासनकालमा निर्माण गरिएको पुरानो मुलुकी ऐन र त्यसपछि समय-समयमा संशोधन तथा सुधार भएका ऐनहरु जुन सन् १८५३ देखी १९५० सम्म बनेर देशमा लागु गरिएका थिए, ती ऐनहरु जातिगत आधारमा लागु हुन्थे (शर्मा, १९७७, १९७८) । त्यस समयमा समाज जातिगत आधारमा बाँडिएको थियो र राज्यका ऐन नियमहरु पनि जातिकै आधारमा लागुहुने कुरा स्पष्ट छ । त्यस समयको कानुनले पनि सांस्कृतिक विभिन्नतालई ख्यालमा राखी सबै जातिलाई हिन्दू जातीय व्यवस्था अनुरुप समेटी शासन गर्ने प्रयास भएको पाइन्छ । त्यस समयमा गरिएको सबै जातीय वर्गीकरणलाई मुख्यतया चार वर्ण छत्तीस जातमा

विभक्त गरी श्रेणी विभाजन गरेको पाइन्छ । पुरानो मुलुकी ऐन अनुसार निर्दिष्ट गरिएको जातीय संरचना यस प्रकार रहेको पाइन्छ :

१. तागाधारी
२. मतवाली
३. पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने
४. पानी नचल्ने छोइछिटो हाल्नु पर्ने ।

यहाँ तागाधारी वर्गमा बाहुन, ठकुरी, र क्षेत्रीहरु पर्दछन् । मतवली अन्तर्गत पर्ने जातिहरुमा राई, लिम्बु, गुरुङ्ग, नेवार, मगर उपल्ला मतवाली र दनुवार, चेपाङ्ग, कुमाल, मेचे जस्ता जातिहरु तल्ला मतवाली अन्तर्गत पर्दछन् । मतवालीहरुलाई छोइछिटो हाल्न नपर्ने तर अन्य सामाजिक, खानपान, विवाह, आदिमा भने बन्देज रहने ब्यवस्था छ । पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने जातिहरुमा धोवी, मुसलमान, तला, कुलु, कसाई, कुशले, कुडारा र म्लेच्छ पर्दछन् भने पानी नचल्ने छोइछिटो हाल्नुपर्ने जातिहरुमा सार्की, कामी, दमाई, गाइने, सुनार, बादी, पोडे, च्यामे, हुड्के, वड आदि पर्दछन् (रावल, २०५९, पृ-६) ।

प्राचीनकालको सुरुमा परिवारका विभिन्न सदस्यहरुले पेशाको आधारमा फरक-फरक पेशामा संलग्न हुन पाँउथे । तर समयको परिवर्तन सँगै मध्य युगमा आएर जन्म नै पेशा चयनको मुख्य आधार हुन पुग्यो । प्राचीनकालदेखि जातीय प्रथा रहेको लिच्छवीकालमा पेशागत चार वर्ण नै चारजातको रुपमा विभक्त भई समाजमा हालपनि विद्यमान रहेको छ । हिन्दुधर्मको जाति व्यवस्थामा सवैभन्दा तल्लो जातिको दर्जीलाई शूद्र जातिमा राखेको पाइन्छ । शुद्रका पनि विविध जातिहरु छन् । प्राचीनकालदेखि विद्यमान जाति प्रथामा लिच्छवीकालमा जरो गाडेको जातिप्रथा मल्लकालमा पनि प्रभावकारी रुपमा रहयो । यसलाई अझ बलियो पार्ने काम जयस्थिति मल्लले गरेका थिए । सामाजिक मान्यता स्वरुप राजा सुरेन्द्रको पालामा ऐन कानुनमा समेत जाति प्रथाले स्थान पाई झन् सवल र सशक्त रुपमा मौलाउँदै आएको पाइन्छ ।

## १.४ समस्याको कथनः-

नेपाल विभिन्न जात जतिहरुको साझा फूलबारी हो । यहाँका विभिन्न जाति, पेशा, संस्कृति एवं रहनसहनमा आफ्नै किसिमको बिशेषता रहेको पाइन्छ । नेपालमा हाल अति धनी देखि अति गरिब मानिसहरु रहेका छन् । घुमन्ते जीवन बिताइ हिड्ने, वनजंगलका कन्दमूल खाने देखि ठुलाठूला महल र भवनमा बसोबास गर्ने, विदेशी खाना खाने सम्मका मानिसहरु नेपालमा पाइन्छन् । प्राचीन समयदेखि नै केही ठूलाठालु ब्यक्तिहरु उच्च जाति भएकै कारण समाजमा उनीहरुको सम्मान, प्रतिष्ठा, इज्जत उच्च रहेको पाइन्छ भने तल्ला जातिहरुको मान प्रतिष्ठा, इज्जत कम भएको पाइन्छ ।

बहाकोट गा.वि.स. मा बसोबास गर्ने दमाई जाति अछुत जाति भित्रकै एक जाति हो । यस जाति संग छोइएमा छोइछिटो हाल्नुपर्ने परम्परा अझ पनि विद्यमान छ । समाजमा

यिनीहरुको स्थान निम्न स्तरको छ । आजको वैज्ञानिक परिवर्तनशील विश्वमा भौतिक परिवर्तनका साथसाथै मानवीय मूल्य र मान्यताको विकास भएको पाइन्छ । हाल मानवीय चेतना विकास एवं शहरीकरणले गर्दा मानिसहरुको सोचाइ र दृष्टिकोणमा केही परिवर्तन आएको पाइन्छ । ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा परिवर्तन राम्रो देखिन्छ । जातीय विभेदीकरणले देशलाई विखण्डनको नकरात्मक पक्षतिर लैजान सक्ने भएकोले समयमै यस तर्फ चनाखो हुनु आवश्यक छ । यसको लागि शिक्षाको माध्यमद्वारा समुदायका हरेक व्यक्तिमा चेतनाको विकास गराउनु आजको प्रमुख आवश्यकता हो ।

बहाकोट गा.वि.स.मा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्दछन् । ब्राहमण, क्षेत्री, ठकुरी, गुरुङ्ग, मगर, भुजेल, कामी, सार्की , सुनार, कुँवर, गिरी र दमाई जातिका मानिसहरु नै यहाँका बासिन्दा हुन् । यहाँ बस्ने एक जाति जीवनयापनका लागि अर्को जातिमाथि निर्भर देखिन्छन् । आपसी सहयोगबाट जीवन यापन गर्दछन् । खेतिपाती लगाउने कामदेखि सामाजिक कार्यहरुमा यिनीहरु आपसमा मिलेर काम गर्दछन् । दमाई जातिका मानिसहरुले अन्य जातिका कपडा सिलाउने र जन्म, विवाह जस्ता खुशीयालीमा बाजा बजाउने काम गर्दछन् । आफ्नो जीविकाको लागि यहाँका दलित महिलाहरु आफ्नै गाउँटोल तथा छिमेकी गाउँहरुसम्म पुगेर कृषि र मजदूरी कार्य गर्ने गरेको पाइन्छ । यसैगरी पुरुषहरु भारी बोक्ने, हलो जोत्ने, मजदूरी गर्ने जस्ता कामहरुमा ब्यस्त रहँदै आएको पाइन्छ । यही वस्तु स्थितिलाई आधार बनाई यहाँका दमाई जातिको अध्ययनका लागि निम्न अनुसन्धान प्रश्नहरुको उठान गरिएको छ -

(क) दमाई जातिको पुख्य पेशा के हो ? र उक्त  पेशा हाल विद्यमान छ या छैन ?
(ख) उनीहरुको मुख्य पेशा बाहेक अन्य पेशामा कस्तो पहुँच रहेको छ ?
(ग) बालीघरे प्रथाको अवस्था कस्तो रहेको छ ?
(घ) दमाई जातिको अन्य जातिहरुसंगको जातीय अन्तरसंबन्ध कस्तो रहेको छ ?

## १.५ अध्ययनको उद्देश्यहरु :

कुनै पनि बिषयको अनुसन्धान कार्यमा उद्देश्यहरुको निर्धारण गर्दा विशेष ध्यान पुर्याउनु आवश्यक हुन्छ । अध्ययनमा व्यापक रुपले उद्देश्यहरु नसमेटिएमा निचोड ( Finding) मा पुग्न गाह्रो पर्दछ । तसर्थ उद्देश्यहरुको निर्धारण गर्दा सजिलो किसिमले तथ्य पत्ता लगाउन सकिने खालको हुनुपर्छ । यसै मान्यतालाई ध्यानमा  राखी  अध्ययनलाई सकेसम्म सरल बनाउने तरिकाले यस अध्ययनमा निम्न उद्देश्यहरु राखिएका छन् ।

(अ) सामान्य उद्देश्य :
(क) दमाई जातिको सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक अवस्थाको अध्ययन गर्नु,
(आ) बिशिष्ट उद्देश्यहरु :
(क) दमाई जातिको परम्परागत पेशाका बारेमा अध्ययन गर्नु,
(ख) वालीघरे प्रथामा आएको परिवर्तनको अध्ययन गर्नु ।

## १.६ अध्ययनको औचित्य तथा महत्व :

नेपाल विभिन्न जात जातिको लागि एउटा खुला संग्राहलयको रुपमा विविध सांस्कृतिक पक्षहरु बोकेर विश्वसामु उभिएको छ । यहाँ बसोबास गर्ने विभिन्न जात जातिले आफ्नै जाति समुदायको सांस्कृतिक, रितिरिवाज, चालचलन, सामाजिक संरचना तथा आर्थिक पक्षको आफ्नै जातिगत चिनारी दिन सफल भएका छन् । विभिन्न भाषा र जातीयताका वावजुद पनि परम्परामा मेल मिलाप गरी आफ्नो परिचय दिनु राष्ट्रको एउटा राम्रो उपलब्धि मान्नुपर्छ ।

कुनै पनि राष्ट्रको निर्माणमा त्यहाँका जनताहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सिङ्गो राष्ट्रले त्यहाँका जनताहरुको योगदानको अपेक्षा गरिरहको हुन्छ । कुनै एक व्यक्ति तथा जातिको एक्लो प्रयास मूर्खता सिवाय अरु केही हुँदैन । त्यसैले “सामूहिक प्रयास नै देश निर्माणको मूल आधार हो ” भन्ने मान्यतालाई आत्मसात् गर्दै सबै जाततातिहरुलाई विकासको मूल धारमा समाहित गर्नु राष्ट्रको दायित्व हो । संबन्धित क्षेत्रमा पुगी गरिएको अध्ययनले मात्र त्यहाँका जातजातिहरुको सामाजिक, आर्थिक, सांस्कृतिक लगायत विविध पक्षहरुको अवस्थाबारे सत्यतथ्य थाहा हुन सक्छ । अनि मात्र राष्ट्रले पछि परेका जातजातिहरुको उत्थानमा जोड दिन सक्छ । हरेक जातजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा विकास हुनु भनेको समग्रमा सिङ्गो राष्ट्रको विकास हुनु हो ।

यस अध्ययनले स्याङ्गजा जिल्ला बहाकोट गा.वि.स.मा बसोबास गर्ने दलित अन्तर्गत पर्ने दमाई जातिको सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक पक्षको चित्रण गरेको छ । यो जातिको बारेमा यस भन्दा अगाडी खासै अध्ययन भएको पाइँदैन । जसले गर्दा आगामी दिनहरुमा यस जातिको सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक पक्षका बारेमा जान्न चाहनेहरुलाई यस अध्ययनले मार्ग निर्देशन गर्नेछ भने स्वयं दमाई जातिलाई पनि उनीहरुको जातीय उत्थानमा समेत सहयोग पुग्नेछ । यसका साथै विभिन्न अनुसन्धान कर्ता, नीतिनिर्माता, योजना निर्माण संबन्धी निकायहरुलाई पनि यसले सहयो पुर्चाउने छ भने समाजशास्त्र/मानवशास्त्र बिषयको अध्ययनमा समेत सहयोग पुग्नेछ भन्ने आशा राखिएको छ ।

## १.७ अध्ययनका सीमाहरु :

कुनै पनि क्षेत्रमा अनुसन्धान गर्ने क्रममा सीमाहरुको निर्धारण गर्नु अपरिहार्य हुन्छ । यसरी सीमाहरुको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समय र आर्थिक अभावले गर्दा सम्पूर्ण पक्षको अध्ययन गर्न नसकिनु हो । शोधकार्य भनेको कुनै एउटा निश्चित समस्याको पहिचान गरी एउटा निश्चित विषयमा केन्द्रित रही निश्चित अवधिमा निश्चित ठाउँमा निश्चित उद्देश्य प्राप्त गर्नका लागि गरिने कार्य हो । यो अध्ययन पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराको समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तहको शोधपत्रको लागि मात्रै तयार गर्न लागिएको हो । यस अध्ययनमा निर्धारण गरिएका सीमाहरु यस प्रकार छन् -

१. यो अध्ययन एउटा सानो क्षेत्रमा केन्द्रित रहेकोले यस बाट प्राप्त परिणाम र निष्कर्षहरु अन्य  ठाउँमा प्रभावकारी नहुन पनि सक्छन् ।
२. सीमित खर्च र समयमा गरिएको अध्ययन भएकोले प्राप्त गर्नुपर्ने सबै तथ्याङ्कहरु प्राप्त नहुन पनि सक्छन् ।
३. यस अध्ययनमा कुनै सिद्धान्त (Theory) लगाइएको छैन । विभिन्न तथ्याङ्क, सूचना तथा व्यक्तिगत रायको आधारमा अध्ययन कार्य पूरा गरिएको छ ।

## १.८ शोधपत्रको संरचनात्मक रुपरेखा :

सम्पूर्ण शोधपत्रलाई सातवटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको सामान्य परिचय समेटिएको छ, जसअन्तर्गत जातीय छुवाछूतको पृष्ठमूमि तथा नेपालमा जातीय प्रथाको शुरुवात, शोधपत्रमा समेटिएका जिज्ञासाहरु, अध्ययनका उद्देश्यहरु, औचित्य तथा महत्व सीमा उल्लेख गरिएको छ । दोस्रो अध्यायमा अध्ययन क्षेत्रको चिनारी दिइएको छ । तेस्रो अध्याय अन्तर्गत पूर्व अध्ययनमा स्वदेशी तथा विदेशी विद्वान्हरुले नेपालका विभिन्न जातजातिहरुको बारेमा अध्ययन गरी लेखिएका विभिन्न पुस्तक, लेख, रचना, बुलेटिन एवं पत्र-पत्रिकाहरुको समीक्षा गरी केही महत्वपूर्ण अंशहरुलाई अध्ययनमा प्रस्तुत गरिएको छ । अध्याय चारमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययन क्षेत्र छनौटका कारणहरु, अनुसन्धानको ढाँचा, नमुना छनोटको ढाँचा, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्कको प्रकृति, तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्क संकलनमा आइपरेका समस्याहरु र तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण विधि उल्लेख गरिएको छ ।

अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा अध्याय पाँचमा सामाजिक र आर्थिक अवस्थासंग संबन्धित तथ्याङ्कहरुको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । जसमा लिङ्ग, उमेर, परिवार, पेशा, शिक्षा, आम्दानी आदिको आधारमा छुट्टाछुट्टै तालिकाद्वारा देखाउने प्रयास गरिएको छ । छैटौं अध्यायमा बालीघरे प्रथाका बारेमा उल्लेख गर्दै उक्त प्रथामा परिवर्तन आउनाका कारणहरु प्रस्तुत गरिएको छ ।सातौं अध्यायमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरुलाई व्यवस्थित गरिएको छ र अन्तमा परिशिष्ट-१ अन्तर्गत अनुसन्धान केन्द्रित गरिएको  स्याङ्गजा जिल्ला बहाकोट गा.वि.स. को मानचित्र प्रस्तुत् गरिएको छ । अध्ययनका सिलसिलामा प्रयोगमा ल्याइएका पुस्तक, लेख, रचना, शोध पत्र तथा पत्रपत्रिकाहरुलाई सन्दर्भसामग्रीका रुपमा राखिएको छ । साथै घरधुरी सर्वेक्षणको प्रश्नावली पनि अन्तमा समावेश गरिएको छ ।

# अध्याय-दुई
## अध्ययन क्षेत्र

### २.१ परिचयः

स्याङ्गजा जिल्लाका ६० गा.वि.स.हरु मध्येको एक गा.वि.स.हो-बहाकोट । बहाकोट नाम कसरी रहयो भन्ने सम्बन्धमा कुनै ठोस प्रमाण त भेटिएको छैन तर बूढापाकाहरुको भनाइ अनुसार नेपालको एकीकरण पूर्व बहाकोटका डाँडामा राज्य स्थापना गर्न आएका एक जना राजाले एउटा सुतिरहेको बाघ भेटेका थिए र उनले सो बाघलाई सुतिरहेकै अवस्थामा काटेर मारेको हुँदा त्यसै समयदेखि यस ठाउँको नाम 'बाघ-काटे' रहन गएको र पछि सो शब्द अपभ्रंश भई यसलाई बहाकोट हुन गएको हो भन्ने जनश्रुति रहेको छ । यहाँ एउटा आश्चर्य लाग्दो कुरो के छ भने कालिका मन्दिरको काटमार गर्ने ठाउँमा अहिले पनि मौलो सुताएर राखिएको छ । यसको कारण राजाले बाघलाई सुतिरहेको अवस्थामा काटेको हुँदा मौलो पनि भुइँमा सुताएर राखिएको हो भन्ने भनाइ रहेको छ ।

यो गा.वि.स. निर्वाचन क्षेत्र नं. १ र इलाका नं. २ अन्तर्गत जिल्लाको पूर्वी भेगमा पर्दछ । यस गा.वि.स.को पूर्वमा कोल्मा गा.वि.स. र तनहूँ जिल्लाको फिर्फिरे गा.वि.स. पर्दछ भने पश्चिममा पुतलीबजार नगरपालिका, उत्तरमा ठूलाडिही गा.वि.स र दक्षिणमा राङ्गभाङ्ग र ओरष्टे गा.वि.स. हरु पर्दछन् । यस गा.वि.स.का वडागत गाउँहरुमा वडा नं. १ डाडाँस्वाँरा, वडा नं.२ द्याङ्गदी, वडा नं. ३ भञ्ज्याङ्ग, वडा नं. ४ धोवादी, वडा नं. ५ गैया, वडा नं. ६ बहाकोट, वडा नं. ७ कलियाथोक र गैडाकोट, वडा नं. ८ अर्भ्याङ्ग र वडा नं. ९ काहुले रहेका छन् । वडा नं. २ को द्याङ्गदी (अरौदी) गाउँ जिल्ला सदरमुकाम स्याङ्गजा बजारबाट सबभन्दा नजिक करिब २.५ कि.मी.को दूरीमा पर्दछ भने वडा नं. ५ को गैया गाउँ सबभन्दा टाढा करिब १३ कि.मी. को दूरीमा पर्दछ । यस गा.वि.स.को कूल क्षेत्रफल ११.६६ वर्ग.कि.मी. छ । बहाकोट गा.वि.स.को मानचित्र परिशिष्ट-१ मा दिइएको छ ।

समुद्री सतहबाट करिब ८७० मि.देखि करिब १,३५० मि. सम्म को उचाइमा फैलिएको यो गा.वि.स. पर्वतीय प्रदेशमा नै पर्ने भएकोले यहाँ समशीतोष्ण खालको मनसूनी हावापानी पाइन्छ । मौसमी वर्षा आषाढदेखि असोजसम्म र सामान्य वर्षा कार्तिक देखि ज्येष्ठसम्म हुन्छ । वि.सं २०५५ साल भाद्र १३ गतेको बाढी, पहिरोले यस गा.वि.स. भरि नै ठूलो क्षति पुरचाएको थियो । वडा नं. ९ काहुले गाउँमा १६ जना र वडा नं. ७ कलियाथोक गाउँमा ८ जनाले ज्यानै गुमाउनु परेको थियो । केही घरपरिवारहरु विस्थापित भएका थिए । खेतीयोग्य भूमि बाढीले कटान गरी बगाएपछि अहिले यस गा.वि.स. भित्रका अधिकांश जग्गाहरुमा बनमारा बुट्यानले ढाकेको छ । यहाँ पाइने वनस्पतिहरुमा कटुस, चिलाउने, साल, सल्लो, टुनी, मौवा, बाँस, निगाला, सिमल, काउरो, खनियो, बडहर, दुदिलो, आँखेपकुवा, वर, पिपल, ऐसेलु, चुत्रो आदि हुन् । जंगली जनावरहरुमा बाघ, दुम्सी, बाँदर, मलसाँप्रो, मृग आदि पाइन्छन् भने चराहरुमा गिद्ध, चिल, बाज, भँगेरा, ढुकुर, बनकुखुरा, काल्चे, डाँग्रे, जुरेली, सुगा, काग, न्याउरी, धोवेनी, लामपुछ्रे आदि छन् । यस गा.वि.स.मा प्रशस्त डाँडा-काँडा, खोला-खोल्सा, उकाली-ओराली जस्ता रमणीय ठाउँहरु रहेका छन् ।

यस गा.वि.स.का अधिकांश मानिसहरु कृषि पेशामा आश्रित छन् । यसरी कृषिमा आश्रित भई वर्षभरि काम गरेर पनि वर्षभरि खान भने पुग्दैन । २०५५ सालपछि यहाँको उत्पादन घटेको छ । त्यो सालको बाढीले खेतबारी र सिंचाईका कुलाहरु बगाएपछि थप समस्या सिर्जना भएको र  एक दशक वितिसक्दा पनि पहिलेका अवस्थामा पुग्न सकिएको छैन । यहाँ लगाइने बालिहरुमा धान, मकै, कोदो, गहुँ, तोरी र आलु हुन् । फलफूलहरुमा सुन्तला, केरा, आँप, मेवा, अम्बा, भोगटे, ज्यामिर, निवुवा, केरा, आँप, आदि हुन् भने दालबालीहरुमा भटमास, बोडी, सिमी, मस्याङ्ग र अडहर छन् । पशुपालन अन्तर्गत यहाँका मानिसहरुले गाई, भैसी, गोरु, बाखा, सुंगुर आदि जनावरहरु पाल्ने गर्दछन् भने पंक्षीहरुमा कुखुरा, परेवा र हाँस पाल्दछन् । केही कृषकहरुले सहायक  पेशाको रुपमा मौरी पालन पनि गरेको पाइन्छ ।

यस गा.वि.स.मा कुनै किसिमको उद्योग कल कारखाना छैन । कुट्न  पिस्नको लागि वडा नं. १, २, ४, ७ र ९ मा एक-एक वटा मिलहरु राखिएका छन् । हालै सहकारी सदस्यहरुको निजी जग्गामा कफी रोपणका लागि वडा नं. १ डाँडास्वारामा “डाँडास्वारा हाइलेण्ड कफी प्रोजेक्ट” स्थापना गरिएको छ । जसको संचालक अध्यक्ष श्री धनप्रसाद गुरुङ्ग हुनुहुन्छ । सहकारी तर्फबाट ४ जना र हाइलेण्ड कफी प्रमोसन कम्पनी (काडमाडौं)  का तर्फबाट ३ जना गरी जम्मा ७ सदस्यीय प्रोजेक्ट संचालक समिति गठन भएको छ । यस प्रोजेक्टको कार्यक्षेत्र बहाकोट गा.वि.स. र कोल्मा बराह चौर गा.वि.स. रहेको छ । प्रोजेक्टमा कार्यरत प्राविधिक केदार प्रसाद बस्यालका अनुसार ८०० रोपनी क्षेत्रफलमा कफी खेती गरिने छ । जसमध्ये पहिलो बर्षमा ५० रोपनी, दोस्रो बर्ष ३०० रोपनी, तेस्रो बर्ष ३०० रोपनी र चौथो बर्ष १५० रोपनी क्षेत्रफलमा कफी  रोपण कार्य गरिने छ । यस कार्यको लागि लागतको ६० प्रतिशत सहकारीको तर्फबाट र ४० प्रतिशत हाइलेण्ड कफी प्रमोसन कम्पनी लिमिटेड ( HCPCL) को तर्फबाट ब्यहोरिने छ । यस प्रोजेक्टबाट उत्पादित कफी राष्ट्रिय एवं अन्तराष्ट्रिय बजार (अमेरिका, जापान, यूरोप) मा विक्री वितरण गरिनेछ ।

यस गा.वि.स. मा एक -एक वटा अतिरिक्त हुलाक र उप-स्वास्थ्य चौकी रहेका छन् । धार्मिक ऐतिहासिक एवं पर्यटकीय स्थलहरुमा सिद्धबराहथान, कालिका कोट, बहाकोट भञ्ज्याङ्ग चण्डीस्थान, कैलाश गुफा, पंचेश्वर गुफा आदि प्रमुख छन् । यी स्थानहरुमा विभिन्न पर्वहरुमा मेला लाग्दछ । सामुदायिक विद्युतीकरण अन्तर्गत सवै वडाहरुमा विद्युत जडान गरिएको छ । यस गा.वि.स. का अधिकांश युवाहरु वैदेशिक रोजगार अन्तर्गत सिंगापुर, बेलायत, भारत, मलेशिया, हङकङ, दुबई, साउदी, कतार आदि मुलुकहरुमा सैनिक एवं गैरसैनिक सेवामा कार्यरत छन् भने केही सैनिक सेवाबाट निबृत्त भैसकेका छन् ।

यस गा.वि.स.को ऐतिहासिक महत्व पनि छ । राणा शासनको दमनबाट देशलाई मुक्त गर्ने उद्देश्यले वि.स. २००७ साल ज्येष्ठ ११ गते बहाकोट भञ्ज्याङ्गबाट क्रान्तिको आगो सल्केको थियो । तत्कालीन जिल्ला अड्डा नुवाकोटबाट आएको  पुलिसको फौजले परिवर्तनगामी जनताहरुलाई कुटपिट गर्दै गिरफ्तार समेत गरेको थियो । कैयौं वीर योद्धाहरु घाइते हुन पुगेका थिए । यस क्षेत्रबाट संघर्षमा उत्रेका वीर योद्धाहरुमा होवीर आले, ठानबाहादुर सिंह, दूत प्रसाद गुरुङ्ग, रमण बहादुर हमाल, उजिरबहादुर शाही, लोकबहादुर सिंह, चित्रबहादुर थापा, गौकुमारी मल्ल, इन्द्रकुमारी मल्ल, पारु राना मगर र जीतकुमारी सिंहको नाम अग्रपंक्तिमा आउँछ ।

स्व.होवीर आलेको त टाउकाको मोल नै तोकिएको थियो । यसरी राणा विरुद्धको क्रान्तिको शुरुवात भएको स्थल बहाकोट भञ्ज्याङ्गमा एउटा चौतारीको निर्माण गरिएको छ, जसलाई क्रान्ति चौतारीको नामले चिनिन्छ । २००७ सालको ऐतिहासिक क्रान्तिको स्मरण गर्दै हरेक वर्ष ज्येष्ठ ११ गते बहाकोट गा.वि.स.को आह्वानमा यस स्थान (चौतारी) मा क्रान्ति दिवस मनाइन्छ। यस कार्यक्रममा गा.वि.स. भित्र तथा बाहिरका प्रबुद्ध व्यक्तिहरुको उपस्थिति हुन्छ र उनीहरुबाट विशेष गरी २००७ साल भन्दा अगाडिदेखी वर्तमानसम्मको देशको राजनैतिक अवस्थाका बारेमा विश्लेषण गर्ने काम हुन्छ । उक्त दिन यस ठाउँमा मेला पनि लाग्ने गर्दछ । मेलामा विशेष गरी यस गा.वि.स. अन्तर्गत वडा नं. ३ र ५ का कृषकहरुले आफूले उत्पादन गरेका विभिन्न बस्तुहरु विक्रीको लागि ल्याउने गर्दछन् । सोही अवसरमा यहाँको क्रियाशील क्रान्तिद्वीप युवा क्लवले भलिवल लगायतका विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरुको आयोजना गरी यस दिनको महत्वलाई अझ बढाउँदै आएको पाइन्छ ।

## २.२ वडा स्तरीय जनसंख्या :

यस गा.वि.स. का वडाहरुको क्षेत्रफल फरक-फरक छ । कुनै वडाको क्षेत्रफल बढी र कुनै वडाको क्षेत्रफल कम छ । तुलनात्मक रुपमा हेर्दा वडा नं. ५, ७ र ९ ले बढी क्षेत्रफल ओगटेको छ भने अन्य वडाहरुले ओगटेको क्षेत्रफल कम छ । क्षेत्रफल अनुसार वडागत जनसंख्या र घरपरिवार संख्या पनि धेरै थोरै छ । यस विवरणलाई तालिका २.१ मा प्रस्तुत् गरिएको छ ।

### तालिका २.१

बहाकोट गा.वि.स.को वडा स्तरीय जनसंख्या र घरपरिवार विवरण :

| वडा नं. | पुरुष | महिला | जम्मा | घरपरिवार संख्या | औसत परिवार |
|---|---|---|---|---|---|
| १ | ८१ | १०७ | १८८ | ४३ | ४.४ |
| २ | ११४ | १४५ | २५९ | ५९ | ४.४ |
| ३ | ७६ | ९१ | १६७ | ३८ | ४.४ |
| ४ | ६२ | ६४ | १२६ | २५ | ५.० |
| ५ | १७० | १९९ | ३६९ | ७४ | ५.० |
| ६ | ५३ | ८२ | १३५ | २९ | ४.७ |
| ७ | १८६ | २२२ | ४०८ | ८९ | ४.६ |
| ८ | १३२ | १५४ | २८६ | ६५ | ४.४ |
| ९ | १३१ | १८२ | ३१३ | ७३ | ४.३ |
| जम्मा | १,००५ | १,२४६ | २,२५१ | ४९५ | ४.५ |

स्रोतः रा.ज.ग. २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।

यसरी बहाकोट गा.वि.स.को वडा अनुसार जनसंख्या फरक-फरक देखिन्छ । हरेक वडामा पुरुषको भन्दा महिलाको जनसंख्या बढी छ । त्यस्तै सबभन्दा बढी अर्थात ८९ घरपरिवार संख्या वडा नं. ७ मा देखिन्छ र जनसंख्या पनि त्यही वडामा सबभन्दा बढी छ । यसैगरी वडा नं. ५ र वडा नं. ९ मा पनि घरपरिवार संख्या धेरै नै देखिन्छ र जनसंख्या पनि अरु वडाको तुलनामा बढी नै छ भने सबैभन्दा कम अर्थात २५ घरपरिवार मात्र भएको वडा नं. ४ मा कूल जनसंख्या १२६ मात्र छ । गा.वि.स. भरिमा जम्मा पुरुषको संख्या १,००५ र महिलाको संख्या १,२४६ गरी कुल जनसंख्या २,२५१ रहेको छ । यसै गरी कुल घरपरिवार संख्या ४९५ र औसत परिवार संख्या ४.५ देखिन्छ ।

यस गा.वि.स.को वडा नं. १ मा गुरुङ्ग, वडा नं. २ मा ब्राह्मण, वडा नं.३ मा ठकुरी, वडा नं. ४ मा ठकुरी, वडा नं. ५ मा मगर, वडा नं. ६ मा मगर, वडा नं. ७ मा ठकुरी, मगर र दमाई, वडा नं ८ मा ठकुरी र वडा नं. ९ मा गुरुङ्गहरुको वस्ती बढी रहेको छ । यी जातिहरु बाहेक क्षेत्री, भूजेल, कामी, सार्की र अन्य जातिहरु पनि रहेका छन् । यस गा.वि.स.को जातजाति अनुसारको जनसंख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका २.२

बहाकोट गा.वि.स.मा जातजाति अनुसारको जनसंख्या विवरण:

| जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १७२ | ७.६४ |
| ठकुरी | ६२९ | २७.९४ |
| क्षेत्री | ९८ | ४.३५ |
| भुजेल | ८३ | ३.६९ |
| मगर | ६२२ | २७.६४ |
| गुरुङ्ग | ३७० | १६.४४ |
| दमाई | १५२ | ६.७५ |
| कामी | ८० | ३.५५ |
| सार्की | २६ | १.१६ |
| अन्य | १९ | ०.८४ |
| जम्मा | २,२५१ | १००.०० |

स्रोत : रा.ज.ग. २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।

उपरोक्त तालिकाले यस गा.वि.स. मा सबैभन्दा बढी ठकुरी (२७.९४%), र त्यसपछि मगर (२७.६४%) को जनसंख्या रहेको देखाउँछ । यसै गरी गूरुङ्ग १६.४४%, ब्राह्मण ७.६४%, दमाई ६.७५%, क्षेत्री ४.३५%, भूजेल ३.६९%, कामी ३.५५%, सार्की १.१६% र अन्य ०.८४% प्रतिशत रहेका छन् । अन्य जातिहरुमा सुनार, गिरी र कुँवर पर्दछन् । राष्ट्रिय जनगणना २०५८ अनुसार यस गा.वि.स.को जनघनत्व १९३.०५ प्रति वर्ग कि.मी रहेको छ ।

सामाजिक मूल्य र मान्यतामा ब्राह्मण, क्षेत्री र ठकुरी आफूलाई श्रेष्ठ सम्झन्छन् । दलित वर्गमा पर्ने दमाई, कामी र सार्कीहरुको सामाजिक एवं आर्थिक अवस्था अत्यन्त कमजोर रहेको पाइएको छ ।

## २.३ शैक्षिक अवस्थाः

शिक्षालाई विकासको मेरुदण्ड मानिन्छ । शिक्षाद्धारा नै मानवीय चेतनाको विकास, सामाजिक कुरीतिको अन्त्यका साथै आर्थिक स्थितिमा सुधार आउँछ। यस गा.वि.स. मा आधुनिक शिक्षाको शुरुवात वि.स. २०१० सालदेखि भएको पाइन्छ । हालको श्री नु. वहाकोट मा.वि. प्राथमिक विद्यालयको रुपमा वि.स. २०१० सालमा स्थापना भएको थियो । यो विद्यालय जिल्लाकै सबैभन्दा पुरानो विद्यालयहरु मध्ये एक हो । हाल गा.वि.स.मा संचालन भएका शैक्षिक संस्था (विद्यालय) हरुको विवरण निम्न तलिकामा प्रस्तुत गरिएको छ ।

### तालिका २.३

बहाकोट गा.वि.स. को शैक्षिक संस्था (विद्यालय) हरुको विवरणः

| विद्यालयको नाम र प्रकार | अवस्थिती | संचालित कक्षा | शिक्षक दरवन्दी | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| श्री शौदाह प्रा.वि. | वडा नं.२, द्याङ्गदी | १-३ | २ | ८ | ८ | १६ |
| श्री जनता प्रा.वि. | वडा नं. ९, काहुले | शिशु-५ | ४ | २४ | ३६ | ६० |
| श्री चण्डेश्वरी प्रा.वि. | वडा नं.८, अर्भ्याङ्ग | शिशु-३ | ३ | १५ | २६ | ४१ |
| श्री जनजाग्रित प्रा.वि. | वडा नं.७, भयरस्थान | १-५ | ४ | १७ | २४ | ४१ |
| श्री सरस्वती सदन प्रा.वि | वडा नं.५, गैया | शिशु-५ | ४ | २० | २३ | ४३ |
| श्री नु. बहाकोट मा.वि. | वडा नं.३, भञ्ज्याङ्ग | शिशु-१० | ११ | १०५ | १०४ | २०९ |
| जम्मा | | | २८ | १८९ | २२१ | ४१० |

स्रोतः प्रा.वि. र मा.वि. अभिलेख २०६५

यस गा.वि.स.मा जम्मा ६ वटा सामुदायिक विद्यालयहरु संचालित छन् । जसमध्ये ५ वटा प्रा.वि. र एउटा मात्र मा.वि. छ । वडा नं. २, ५, ८ र ९ मा १/१ वटा प्रा.वि. रहेका छन् भने वडा नं. १, ४ र ६ मा विद्यालयहरु छैनन् । यी वडाका विद्यार्थीहरु वडा नं. ३ मा रहेको मा.वि.मा अध्ययन गर्दछन् । गा.वि.स. भरिकै एउटा मा.वि.को रुपमा स्थापित श्री नु.बहाकोट मा.वि. वि.सं.२०१० सालमा प्रा.वि.को रुपमा स्थापित भएको थियो तर बिडम्बना यस

विद्यालयले हालसम्म पनि कक्षा ८, ९ र १० को संचालनको लागि स्थायी स्वीकृति पाएको छैन । जुन यस क्षेत्रका जनताहरुको लागि दुर्भाग्य नै मान्नुपर्छ । निजी स्रोतमा शिक्षकहरु नियुक्ति गरी विद्यालयमा पठन-पाठन कार्य हुँदै आएको छ । यस विद्यालयमा हाल १३ जना शिक्षक शिक्षिकाहरु कार्यरत छन् । प्रा.वि. दरवन्दीमा ६ जना, नि.मा.वि. दरवन्दीमा ३ जना र मा.वि. दरवन्दीमा १ जना । यसै गरी एक जना शिशु शिक्षिका र दुई जना निजी स्रोतका शिक्षकहरु पनि विद्यालयमा कार्यरत छन् । यस शोधपत्र तयार गर्ने क्रममा लिइएका दमाई जातिका बालबच्चाहरुमध्ये कोही जनजाग्रित प्रा.वि. भयरस्थानमा र कोही नु. बहाकोट मा.वि.भञ्ज्याङ्गमा अध्ययनरत छन् । यी बाहेक अन्य विद्यालयहरुमा दमाई जातिका विद्यार्थीहरु छैनन् ।

उपरोक्त तालिका अनुसार अधिकांश विद्यालयहरुमा छात्रको भन्दा छात्राको संख्या बढी देखिन्छ । जम्मा विद्यार्थीहरुमध्ये  छात्राको संख्या नै बढी छ । यसबाट यस गा.वि.स. का मानिसहरुले शैक्षिक क्षेत्रमा आफ्ना छोराछोरीहरु प्रति कुनै भेदभाव नराखेको महशुस हुन्छ । तर अधिकांश दलित जातिका केटा केटीहरु भने नियमित रुपमा विद्यालय आउँदैनन् र आए पनि माध्यमिक तहको अध्ययन पूरा नगर्दै पढ्न छाडी अरु आयआर्जन तथा आर्थिक जीविकोपार्जनतर्फ लाग्छन् ।

यस गा.वि.स. मा रहेका सबै विद्यालयहरुमा विद्यार्थीहरुको संख्या अति न्यून देखिन्छ । यसको मुख्य कारण यहाँका अधिकांश मानिसहरुले आफ्ना छोराछोरीलाई वोर्डिङ्ग स्कूलमा पढाउन चाहन्छन् । गा.वि.स.मा रहेका ६ वटा विद्यालयहरुमा हाल १८९ जना छात्र र २२१ जना छात्रा गरी जम्मा ४१० जना विद्यार्थीहरुले अध्ययन गरिरहेका छन् । यस्तै प्रा.वि, नि.मा.वि.र मा.वि. दरबन्दीमा गरी जम्मा २८ जना शिक्षक-शिक्षिकाहरु कार्यरत छन् ।

# अध्याय-तीन
## पूर्व साहित्यको पुनरावलोकन

### ३.१ पूर्व साहित्यको पुनरावलोकन :

कुनै पनि अनुसन्धान कार्यका लागि पूर्ववत संबन्धित अध्ययनहरुमा समावेश गरिएका पुस्तक, लेख, रचना तथा विभिन्न पत्रपत्रिकाहरुको सहायता लिनु आवश्यक हुन्छ । यस अध्ययनमा पनि स्वदेशी तथा विदेशी विद्वानहरुद्वारा नेपालका जाति जनजातिहरुका परम्परागत सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक पक्षहरुमाथि अध्ययन गरी प्रकाशित भएका पुस्तक, वुलेटिन, पत्रपत्रिकाहरुलाई सान्दर्भिक रुपमा समीक्षा गरी तिनका आवश्यक अंशहरु यस अध्ययनमा राखिएका छन् ।

सबै प्रकारका जातीय भेदभावहरुको उन्मूलन संबन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ को धारा २ (१) मा राज्यपक्षद्वारा जातीय विभेदको निन्दा गर्दै कुनै बिलम्ब नगरी सबै उपयुक्त माध्यमहरुको प्रयोग गरेर जातीय विभेद तथा यसका सबैखाले स्वरुपहरुको उन्मूलन गर्ने नीति अबलम्बन गरिनुपर्छ  साथै सबै जातिका वीच समझदारी विकास गराउन तथा यस उद्देश्यको पूरा गर्न प्रयत्नरत रहनु पर्छ भनिएको छ । धारा ५ मा यसै महासन्धिको धारा २ मा उल्लेख गरिएका आधारभूत दायित्वका सम्बन्धमा रहेको प्रतिबद्धता अनुसार राज्य पक्षद्धारा सबै खाले जातीय विभेदहरुको उन्मूलन र निषेधका लागि जाति, रङ्ग, राष्ट्र वा जातीय समुदायका आधारमा कुनै भेदभाव नगर्ने कुरा सुनिश्चित गर्न आवश्यक कानुनी व्यवस्था मिलाउनु पर्छ भनिएको छ ।

पि.कप्लान (सन् १९७२) ले नेपाली हिन्दु समाजमा उच्च जात मानिने पश्चिम नेपालका बाहुन र अछुत मानिने सार्कीहरु बीचको सामाजिक तथा आर्थिक संबन्धलाई देखाउन खोजेका छन् । जसमा सामाजिक रुपमा अछुत रहेका सार्कीहरु वा अछुत जातलाई राजनीतिमा आफ्नो पक्षमा ल्याउन बाहुन जातका मानिसले खेलेको भूमिकालाई उल्लेख गरेका छन् ।

हेमचुरी (सन् १९९९) का अनुसार सामाजिक अपमान र छुवाछूतको पीडाले दलित आक्रान्त छ । यसको बढी मार दलित महिलालाई परेको छ । धारामा पानी लिन जाँदा ठूला जातको पानीको भाडो छोइदियो भने कुटाइ खानु पर्ने, पानीको पालो समयमा नपाउने, धाराको पानी नपाउदा फोहर पानी पिउनु पर्ने आदि कार्यमा बढी संलग्नता महिलाहरुको नै हुने हुँदा महिलाले बढी समस्या भोग्नु परेको छ । धारामा पानी लिन जाँदा छोइयो भनेर कुटाई खानु सामान्य हो । यो समस्या अदालतसम्म पुगेको छ । साथै दलित महिलाको शरीरसित खेल्न पाउँदासम्म त्यहाँ जातपात केही हुदैन तर जब ती महिलाई समाजमा  प्रतिष्ठित स्थान दिनुपर्ने बेला भयो भने जातपातले निकै ठूलो भूमिका खेल्दछ । यौन शोषणको सबैभन्दा बढी असर वादी जातका महिलाले भोग्नु परेको छ ।

आज पनि दक्षिण एशियाका नेपाल र भारत तथा हिन्दु जनसंख्या भएका देशहरुमा सबै भन्दा गरिब र सबैभन्दा बढी उत्पीडनमा दलितहरु छन् । आज पनि दलितहरुका बस्तीमा आगो लगाउनु, दलित महिलाहरुलाई सामूहिक बलत्कार गर्नु र त्यसको कुनै पुर्पक्ष नहुनु सामान्य कुरा हो । अहिले पनि दलितहरु पेशा परिवर्तन गर्न स्वतन्त्र छैनन् । कानुनी रुपमा उपलब्ध स्वतन्त्रता सांस्कृतिक बन्देजका कारणले समाजको पिँधमा लागू हुन सकेको छैन । उच्च जातका घरमा मरेका जनावरहरुको सिनु फाल्नुपर्ने, सुत्केरीको सालनाल काट्नु पर्ने, लासको कपडा स्याहार्नु पर्ने, नङ काटिदिनु पर्ने लगायतका सयौ बाध्यताहरु ज्यूँ का त्यूँ छन् । अहिले पनि दलितसंग बसेर अधिकांश उच्च जातका मानिसले खाना खाँदैनन्, उसले छोएको पानी खाँदैनन्, उसलाई घरभित्र पस्न दिंदैनन्, । अहिले पनि दलितहरुले उत्पादन गरेको दूध धेरै ठाउँमा बिक्दैन । दलितलाई गाली गर्ने अर्कै शब्द छ । रुपवती दलित महिला 'बाहुनी जस्ती' भनिन्छ, खराब बानीको ब्राह्मणलाई 'अछुत जस्तो' भनिन्छ । यसरी आज पनि समस्त सुन्दरता संबन्धी मनोविज्ञान अरुको भागमा पारिन्छ भने कुरुपता जति दलितको भागमा पारिन्छ ( आहुति-२००४, पृ.४७६) ।

'सबै प्रकारका जातीय विभेद निर्मूल सम्बन्धी महासन्धि १९६५' अन्तर्गत संयुक्त राष्ट्रसंघद्वारा दक्षिण अफ्रिकाको डर्बानमा आयोजित 'जातीय विभेद विरुद्ध विश्व सम्मेलन-२००१' को तयारी समितिको जेनेभामा सम्पन्न दोस्रो बैठकमा भारतको सरकारी प्रतिनिधिहरुको कडा विरोधका कारण दलित जातीय विषयलाई छलफलको कार्य सूचीबाटै हटाइयो । यस अघि इरानको तेहरानमा सम्पन्न सो सम्बन्धी क्षेत्रीय सम्मेलनमा नेपाली सरकारी प्रतिनिधिहरुले औपचारिक सम्बोधनमै दलित प्रश्नलाई उठाएका थिए । तर तयारी समितिको जेनेभा बैठकमा भारतीय सरकारी प्रतिनिधिहरुको विरोध पछि नेपाली सरकारी प्रतिनिधि मौन रहे (आहुति-२००४, पृ-४७७) ।

विश्वविद्यालयका अध्यापकहरुमा दलितहरु एक दर्जनको हाराहारीमा पुगेका छन् । उद्योग, वाणिज्य संघ र नेपाल चेम्बर अफ कमर्सजस्ता संस्थाहरुमा कोही पनि दलितको केन्द्रीय पदाधिकारी छैनन् । प्रशासन क्षेत्रमा एकाध शाखा अधिकृत छन्, त्यसभन्दा माथिल्लो तहमा पुगेका विरलै भेटिन्छन् र जो पुगेका छन् तिनीहरु मध्ये थुप्रैले 'जात' ढाँटेको र आफ्नो समुदायसंग अलग रहेको स्थिति छ । अहिलेसम्म दलितहरुमा २ जना डाक्टर र १५ जना इञ्जिनियर रहेका छन् (विश्वकर्मा, २००१) । साहित्यमा नेपाल र भारतका (नेपाली मूलका) गरी मुस्किलले एक दर्जन जति स्थापित छन् । नेपाली समाजको कलाक्षेत्र मात्रै एउटा क्षेत्र छ, जहाँ दलितहरुको उपस्थिति सामान्यतया ठिकै छ, त्यो हो-गायन र संगीत । नेपालको रेडियोमा गायन र सङ्गीतमा मूलतः कामी, दमाई र नेवार दलितको ठिकठिकै उपस्थिति छ । फिल्म क्षेत्रमा नेपालभित्रका दलित एक जना पनि निर्देशक छैनन् । दुई जना दलित निर्देशक छन्, ती पनि नेपाली मूलका भारतीय हुन् । रोचक त के छ भने दार्जिलिङतिरबाट भित्रिएका दलित फिल्म निर्देशक तुलसी घिमिरे, गायिकाहरु कुन्ती मोक्तान, देवीका प्रधान, सङ्गीतकारहरु रञ्जीत गजमेर, सचिन सिंह जस्ता प्रतिभाहरुले 'जात' नलेखी थर लेखेकाले धेरैलाई उनीहरु दलित हुन् भन्ने पनि थाहा छैन (आहुति, २००४ पृ-४९१-४९२) ।

वि.सं. २०११ सालमा पशुपति मन्दिर प्रवेश सङ्घर्षका निम्ति सिद्धिबहादुर खड्गीको संयोजकत्वमा सहर्षनाथ कपाली, मेवा कपाली, मोहनलाल कपाली, गणेश योगी आदि रहेको "पशुपति मन्दिर प्रवेश सङ्घर्ष समिति" गठन गरिएको थियो । त्यति बेला टङ्कप्रसाद अचार्य गृहमन्त्री थिए । हजारौं दलितहरु त्यसमा पनि अत्यधिक महिलाहरुको सहभागिता रहेको जुलुसमाथि ब्यापक लाठीचार्ज गरी ७५० जनालाई गिरफ्तार गरिएको थियो । उक्त संघर्ष पश्चात् पहिलोचोटि मन्दिरको ढोकामा राखिएको "अछुतलाई निषेध" लेखिएको बोर्ड हटाइयो ( इन्सेक, २०५३) । तर कालक्रममा फेरि पनि दलितहरु माथि भेदभाव बाँकी रहेकाले २०५८ मा ने.क.पा. (ए.मा.ले.) संग सम्बद्ध दलित संगठनले पुनः मन्दिर प्रवेशको आयोजना गर्‍यो ( अहुति,२००४,पृ-४९७-४९८) ।

मुलुकी ऐन , २०२० को महल १९ को अदलको १० (क) मा भनिएको छ "कसैले कसैलाई जातिपाति, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार वा बहिस्कार वा निषेध गरेमा तीन महिनादेखि तीन बर्षसम्म कैद वा एक हजार रुपैया देखि पच्चिस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ" भनिएको छ ।

गिरी (२०५४:८०) का अनुसार "अन्तर्जातीय विवाहको समस्या  दलित समुदायकै जातिहरुवीच पनि समाधान हुन सकेको छैन । एउटा दमाईले सार्कीसंग अथवा अन्य कुनै दलितसमुदायका ब्यक्तिले आफ्नो भन्दा भिन्न जातिको दलितसंग बैबाहिक संबन्ध गाँसेर सद्भावपूर्ण एकतामा बाँधिन हिच्किचाइ रहेको देखिन्छ ।"

विष्ट (२०५५) ले नेपालका विभिन्न जाति, जनजातिका सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको बारेमा सूक्ष्म  रुपले उठाउन खोजेको देखिन्छ । सम्भवतः धेरै जाति तथा जनजातिहरुको विभिन्न अवस्थाको बारेमा वर्णन गरिएको र समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले महत्वपूर्ण मानिने यो नै नेपालको पहिलो पुस्तक हो र यसमा नेपाली समाजमा विभिन्न जाति जनजातिको आगमन के कसरी भएको थियो ? तिनीहरुको अवस्था के कस्तो रहेको छ ? अन्य जातिसंग के कस्तो सामाजिक सांस्कृतिक संबन्ध रहेको छ ? भन्ने तथ्यलाई उठाएका छन् ।

आजको नेपालमा कानुनको दृष्टिमा जात ठूलो र सानो भनी मानिंदैन । त्यसैले पेशा र काम अनुसार जात छुटयाउन सकिंदैन । जसले जे काम गरे पनि हुन्छ । धेरै मानिस आफूलाई मन परेको काम गर्दै आएका छन् । तैपनि पुरानो परम्परा अनुसार जात जातले पाइआएको काम  गरिआउने मानिस प्रशस्त संख्यामा हुनाले यस्तो काम हेरी जात केही मात्रामा छुटयाउन सकिन्छ (विष्ट, २०५५, पृ- ९) ।

दलित तथा उपेक्षित समुदाय राष्ट्रका सम्पत्ति हुन् र उनीहरुको पेशागत दक्षता, सीप र ज्ञान मुलुकको प्रमुख स्रोत हो । यस समुदायको सन्तुलित विकास नभएसम्म वा यिनीहरुको सक्रिय सहयोग प्राप्त गरिए मात्र सर्वाङ्गीण राष्ट्रिय विकास अभियान सम्भव छ । यही तथ्यलाई मनन गरी यस समुदायलाई विकासका सभ्केदारका रुपमा प्रत्यक्ष सहभागी गराई कार्यक्रम सञ्चालन गर्ने लक्ष्य अनुरुप तर्जुमा भएका नीति कार्यक्रमको प्रभावकारी सामाजिक सद्भाव,

समानता, सामाजिक चेतनामा अभिवृद्धि र समान अवस्थाको सिर्जना गरी कार्यन्वयनबाट गरिबी निवारण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा राखिएको छ (राष्ट्रिय योजना आयोग, भाद्र २०५५) ।

ऋग्वेदका दश मण्डलमध्ये दशौं मण्डल वेदव्यासकालीन धारणा र मान्यता भएको मानिएको छ । ऋग्वेदका अघिल्ला मण्डलहरुका ऋचाहरुमा कतै पनि बर्णव्यवस्थाको उल्लेख छैन । पछिल्लो दशौं मण्डलमा पुगेपछि मात्र 'त्यस विराट पुरुषको मुख ब्राहमण, हात क्षेत्रीय, जाँघ वैश्य र खुट्टा शूद्र थिए' भनी उल्लेख गरेको भेटिन्छ (प्रश्रित, २०५६ , पृ.८७-९८) ।

असमानताको स्थितिले दलितहरुको पीडादायी जीवनलाई प्रतिविम्वित गर्दछ । बाँच्नका लागि खेतीयोग्य जमिन नहुनाले र  अन्य क्षेत्रमा रोजगारीको अभावका कारणले दलितहरु मूलतः कृषि क्षेत्रमा मोही किसान र कृषि श्रमिकका  रुपमा रहेका छन् । पहाडमा खेताला, हली, गोठाला, र तराईमा जन (खेताला), हरुवा, चरुवा, कमैयाका रुपमा क्रियाशील छन् । त्यसै गरी दलितहरुको करीव ४० प्रतिशत संख्या परम्परागत जातीय सीपमूलक पेशामा संलग्न छन् ( शर्मा, २०५७ ) । तर कृषि र सीपमूलक व्यवसाय दुवैमा उनीहरु सामन्ती र अर्धसामन्ती शोषणमा परेका छन् ।

जाति व्यवस्थामा ठूलो जाति र सानो जाति भन्ने भावना बढेपछि छुवाछूतले पनि मान्यता पाएको देखिन्छ । नेपाली समाजको कुनै निश्चित जातलाई अछूत मान्नु , उसले छोएको खाना खान नहुने धारणा राख्नु, अछूत जातले छोएमा पानी  छर्कने र चोख्याउने गर्नु पर्ने धारणा राख्नु र जति सफासुग्घर भए पनि अछूत मानिने जातको मानिसलाई छुन नहुने धारणा राख्नु जातिप्रथा संबन्धी  अमानवीय धारणा र व्यवहार हुन् । यस प्रथामा ठूलो सानोको भेदभाव हुने हुनाले यसले जाति-जाति बीचमा वैमनस्यता सिर्जना गर्न सक्दछ । यसैबाट जातीय संघर्ष, झै-झगडा र कचिंगल पनि सिर्जना हुन सक्छन् । तसर्थ जाति प्रथालाई घृणित प्रथाको रुपमा पनि लिने गरेको पाइन्छ (दाहाल र खतिवडा, २०५७, पृ.१९१) ।

दलित पिताका नजरमा पुत्री शिक्षाको महत्व कस्तो रहेको छ भन्ने बारेमा  एउटा घटना यहाँ उल्लेख गरिएको छ - रामेछाप गाउँ विकास समिति वडा नं. ३ का तपे कामीले छोरीलाई विद्यालय पठाएर चेतनशील हुन्छिन् र पोइल जान्छिन भनेर प्रौढ कक्षामा सामेल हुन दिएनन् । जिल्ला सदरमुकामबाट नजिकै घर भएर पनि चेतना नखुलेका तपेले स्थानीय गैर सरसरकारी संस्था तामाकोशी सेवा समितिबाट दलित उत्थानका लागि संचालन गरिएको प्रौढ कक्षामा सामेल भएमा छोरीको खुट्टा भाँचिदिने घोषण गरेको कारण उनकी छोरी सो कार्यक्रममा सामेल हुन सकिनन् । आफ्ना बाबुको निर्णयबाट दुःखित बनेकी शर्मिलाले भनिन् -"अरु जातिका मेरा उमेरका त्यही ठाउँमा पढ्दा कोही पनि पोइल गएनन् । म मात्र बाबुको दृष्टिमा गलत भएँ" (गोरखापत्र, ४ बैशाख २०५७) ।

गीतकार शरद पौडेलद्वारा रचित एवं सङ्गीतबद्ध गीतको एक अंश यहाँ प्रस्तुत गरिएको छ -

रगत चल्छ, श्रम चल्छ, सीप चल्दछ
तर पनि किन हाम्रो पानी चल्दैन ?
**(पौडेल, २०५८:५९)**

आदिम समाजका मानिसहरु जात र कुलमा सबै समान थिए, अर्थात् त्यहाँ मानिस मानिस वीच असमानता र भेदभाव थिएन (शान्तिपर्व, १०७/३०) ।

शूद्रले वेद सुनेमा सीसा र लाहा पगालेर उसको कानमा हालिदिनु, वेदको मन्त्र उच्चारण गरेमा जिभ्रो काटिदिनु, वेदमन्त्र कण्ठस्थ गरेमा ज्यानै मारिदिनु । उसले आसन, बिस्तरा, बाटो आदिमा उच्च जातिसंग दाँजिन खोजे १०० पण दण्ड गर्नु (गौतम सूत्र-१२) ।

पृथ्वीनारायण शाहले नेपाललाई चारजात छत्तीस वर्णको साझा फूलबारी भनेका थिए । वास्तवमा भन्ने हो भने चार जात छत्तीस वर्ण हुँदैन र चार वर्ण छत्तीस जात हुन्छ । वर्ण शब्दले ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्रलाई बुझाउँछ भने जाति वा जात शब्दले कुनै कुलमा जन्मेको कारणले पाएको मर्यादा-भेद वर्णसङ्करत्व वा पेशातत्वलाई अंगाल्छ (शर्मा, २०५८ पृ.७१) ।

आम नेपालीको सरदर आयुको तुलनामा दलितको आयु पाँच वर्ष कम छ । मातृमृत्यु दर, शिशुमृत्यु दर, कुपोषण र खाद्य असुरक्षा जस्ता महत्वपूर्ण क्षेत्रहरुमा अन्य जातिको तुलनामा दलितहरुको स्थिति अत्यन्तै गम्भीर छ । राज्यका प्रमुख अंगहरुमा दलितहरुको सहभागिता नगण्य छ । सेना र प्रहरीभित्र पनि छुवाछूत कायम छ । २०५६ सालमा पहिलोचोटी एक अधिकृतले सेनामा दलितको हातबाट छोएको खाएको समाचार प्रकाशित गरिएकोले पनि स्थिति प्रष्ट हुन्छ (कान्तिपुर, १३ मंसीर २०५८) ।

न्यायपालिकाको क्षेत्रमा लेखन्दास र एकाध अधिवक्ता बाहेक न्यायधीश स्तरका एक जना पनि दलितहरु छैनन् । पत्रकारिताको क्षेत्रमा एक दर्जन भन्दा कम रिपोर्टर, त्यति नै संख्यामा स्तम्भ लेखक र दलित संम्बन्धी एकाध पत्रिकाका सम्पादकहरु छन् (पराजुली र गौतम २०५८) ।

आज पनि पश्चिम नेपालका दार्चुला बैतडी, डडेलधुरा, बझाङ, डोटी, अछाम लगायतका जिल्लाहरुमा दलितहरुले उच्च जातिका डोली बोक्नु पर्ने, बाटामा जम्काभेट हुँदा बाटोको तल झरिदिनु पर्ने, गाउँका ब्राह्मण, क्षेत्री मर्दा जुठो बार्नु पर्ने लगायतका उत्पीडनहरु जारी छन् । नेपालको कानुनी रुपमा जातीय भेदभावको अन्त्य गरेको तीन दशक वितिसक्दा पनि छुवाछुत समाजमा व्याप्त छ । सेभ द चिलड्रेन यु.एस.ले पाँच विकास क्षेत्रमा छुवाछुतको स्थिति बारे गरेको अध्ययन अनुसार झापामा ६९ प्रतिशत, चितवनमा ७१ प्रतिशत, सुर्खेतमा ९० प्रतिशत कैलालीमा ९४ प्रतिशत छुवाछुत छ [दर्नाल, २०५८(२०५७):५४] । ती सबै जिल्लाहरु सुगम जिल्लाका रुपमा चिनिन्छन् ।

जांगिलोत्पत्ति ग्रन्थमा विश्वकर्माका सन्तति खातीलाई ब्राह्मण सिंद्ध गरिएको छ ( शर्मा, २०५८) । राजधानीको मैतीदेवी धोवीखोला छेउमा बसोबास गर्ने करिब ३० घर पोडे (दलित)

जातिका मृतकहरुलाई पशुपतिको आर्यघाटमा जलाउन नदिएपछि उनीहरुले छुट्टै घाट बनाउनु पर्‍यो (नेपाल समाचार पत्र पुस १०, २०५८) ।

२०४६ सालको परिवर्तन पश्चात् नेपाली समाजमा विभिन्न दातृ संस्थाहरुको लगानी र प्रायोजनमा गैरसरकारी संस्थाहरु खुल्ने क्रम वर्षाको भेलझैं उर्लिएको छ । दलित जातिको हितसंग संबन्धित भनेर १५० भन्दा बढी गैरसरकारी संस्थाहरु खुलेका देखिन्छन् (वन्त र अरु २०५८) । तर ती मध्ये आधा दर्जन जतिलाई छाडेर अरु सबै दलितका नाममा दातृ संस्थाहरुद्वारा पर्याप्त रकम व्यक्तिगत लाभमा लगाउनमै केन्द्रित छन् वा निश्क्रिय छन् । दलित सेवा सङ्घ, दलित महिला सङ्घ, जनउत्थान प्रतिष्ठान, सेफ नेपालगञ्ज, नेपाल राष्ट्रिय समाजकल्याण सङ्घ कञ्चनपुर र आत्मनिर्भर विकास मञ्च लगायतका गैरसरकारी संस्थाहरु जेजस्तो रुपमा भएपनि दलितजातिवीच सक्रिय भने रहेका देखिन्छन् । त्यसै गरी स्थानीय स्तरका एकसय भन्दा बढी गैरसरकारी संस्थाहरुको छाता संगठनका रुपमा दलित गैरसरकारी संस्था महासंङघ पनि गठन भई संचालित छ । सबैजसो गैरसरकारी संस्थाहरुले दलितहरुबीच साक्षरता कार्यक्रम आयआर्जन , रोजगारी कार्यक्रम र विकास निर्माण कार्यक्रम लगायतका क्षेत्रमा काम गरेको देखिन्छ । त्यसबाहेक आत्मनिर्भर विकास मञ्चले दलितहरुको राजनैतिक र सांस्कृतिक चेतनास्तरको विकास एवं दलित अधिकारका निम्ति सामाजिक सङघर्षका क्षेत्रमा पनि दलितहरुलाई उत्प्रेरित गर्ने गरेको देखिन्छ भने दलित सेवा संघले रेडियो र टि.भी. मा दलित जागरण कार्यक्रम प्रसारण गर्ने  र जनउत्थान प्रतिष्ठानले मूलतः प्रकाशनको क्षेत्रमा आफूलाई केन्द्रित  गरेको देखिन्छ ।

नेपाल हिन्दू राष्ट्र वा धर्मनिरपेक्ष राज्य के हुने त्यसबारे दलितहरुमा एकै खालको विचारधारा देखिंदैन । हिन्दू रहने वा धर्म निरपेक्षता अंगाल्ने भन्ने विवादमा दलितहरुमा तीनवटा धारहरु देखा परेका छन् । पहिलो सोचाई के हो भने वर्ण व्यवस्था या जातपातका कारण दलित समुदाय अपहेलित अवस्थामा पुगेको छ  र यो व्यवस्था समाजबाट हटाउन सकेमा दलितहरु सम्मानसाथ बस्न सक्नेछन् । यस धारको बिचारयोग्य  कुरा के छ भने जातभात हिन्दू धर्मसंगै जोडिएको कुरा होइन, यो पछि थपिएको कुरा हो भन्ने धारणाले यसमा मान्यता पाएको छ । राज्यले हिन्दू धर्मलाई अंगालेमा कुनै समस्या छैन यद्यपि जातभातको उन्मूलन हुनुपर्छ भन्ने ( पहिलो धारको अडान छ । दोस्रो धारअनुसार वर्णव्यवस्था हिन्दू धर्मको अभिन्न अंग भएकाले हिन्दु धर्मभित्र दलितहरु मर्यादा साथ बस्न पाउने कुरा असम्भव छ र हिन्दू धर्मलाई सम्पूर्ण रुपमा त्यागेर अन्य धर्म, त्यसमा पनि सकेसम्म बौद्ध धर्मलाई अंगाले तिनले मुक्ति पाउन सक्ने छन् । यस धारले नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा सुरक्षित भएको देख्न चाहन्छ, किनभने हिन्दु धर्मलाई प्राथमिकताको व्यवहार नदिंदा मात्र दलितहरुको स्थिति सुनिश्चित हुने विश्वास यस धारको रहेको छ । तेस्रो धार अनुसार धर्महरु सबै संदिग्ध छन्  किनभने ती परम्परा र रुढीवादमा आधारित हुन्छन् । अतः धर्मलाई पूर्ण रुपमा बहिस्कार गरी त्यसको साटो नास्तिकतालाई अपनाएमा मात्र दलितहरु मुक्त हुन सक्छन् भन्ने धारणा तेस्रो धारले लिएको छ । यस्तो अवस्थामा नेपाललाई धर्म निरपेक्ष राज्यका रुपमा सुरक्षित राख्न आवश्यक ठानिएको छ किनभने सबै धर्मसंग सम्बन्ध विच्छेद गरेको राज्यमा मात्रै दलितहरुका लागि पूर्ण मुक्तिको सम्भावना हुन्छ भन्ने कुरामा यो धार विश्वस्त छ (वन्त र अरु २०५८) ।

मध्यकालीन राज्य रजौटाहरुमा दरबारभित्र नाचगान गरी दरबारियाहरुलाई मनोरञ्जन प्रदान गर्ने पेशा अपनाएका गन्धर्व वा गाइने जातिहरु आजकल जीविकोपार्जनको लागि घर-घर डुलेर सारङ्गी वजाएर गीत गाई हिडडुल गर्दा पनि परिवार पाल्न नसकी अन्य पेशा अपनाउन समेत थालेका छन् । यसरी नै मध्यपश्चिमाञ्चलका केही स्थानहरुमा युग र परिस्थिति परिवर्तनका कारण यौन व्यापार गर्न विवश रहेका वादी वदिनीहरु पनि नेपा्ली जाति नै हुन् ( निरौला, २०५९, पृ.११९-१२०) ।

मानव अधिकार वर्ष पुस्तक (१९९३) ले नेपालका केही अछुत जातिहरु सार्की, दमाई, कामी, गाइने, वादी, पोडे, च्यामे, कुमाल आदिको बारेमा संक्षिप्त रुपले चिनारी गरेको पाइन्छ । जसमा ऐतिहासिक पृष्ठभूमी, बर्तमान अवस्थाका बारेमा वर्णन र यसका अतिरिक्त उपरोक्त जातिहरुको बसोबास क्षेत्रको बारेमा  पनि उल्लेख भएको पाइन्छ (रावल, २०५९, पृ.१०)।

नेपालका दलित जातिको बारेमा Save the children America ले केही अध्ययन अनुसन्धान गरेको पाइन्छ । यसले दलित वर्गका केटाकेटीलाई पढ्नको लागि छात्रवृत्तिको व्यवस्था गर्नुको साथै नेपाल दलित सेवा संघ मार्फत् रेडियो नेपालबाट दलित जनजागरण कार्यक्रम संचालन गर्न आर्थिक सहयोग समेत जुटाउदै आएको छ (रावल २०५९, पृ.१०-११) ।

नेपाल सरकार, राष्ट्रिय दलित आयोग बुलेटिन  २०६० मा उल्लेख भए अनुसार नेपालका दलित जातिहरुमा कामी, दमाई ढोली, सार्की, चमार, हरिजन, राम, मुसहर, दुसाध पासवान, सोनाम, लोहार, तत्मा, खत्वे, धोवी, सतार, बाँतर, चिडीमार, डोम, गाइने, वादी, हलखोर मेहत्तर, पत्थरकट्टा र केही पहिचान नभएका दलितहरु छन् ।

नोट : (१) माथि उल्लेख गरिएको चिडीमार बाहेक १८ जाति र कसाई, कुसले (कपाली), कुचे, च्यामे, पोडे, गरी जम्मा २३ जातिलाई स्थानीय विकास मन्त्रालयको मितिः २०५४/१२/१८ को निर्णय अनुसार दलित वर्गमा सूचीकृत गरिएको थियो । तर हाल आयोगले दलित जातिका बारेमा व्यापक अध्ययन अनुसन्धान गरि २२ जातिलाई दलित वर्गमा पर्ने निष्कर्ष प्रस्तुत गरेको छ ।

(२) नेवार समुदायका कसाई, कुसले (कपाली), च्यौला, कुचे, धोवी (रजक उपत्यका ) ले आफू दलित समुदायमा नपर्ने भनी सम्बन्धित निकायमा निवेदन पेश गरेकाले राष्ट्रिय जनगणना २०५८ मा ती जातिको जातिगत तथ्याङ्क छुट्टै उल्लेख भएको छैन ।

(३) राष्ट्रिय दलित आयोगद्वारा गरिएको अध्ययन अनुसन्धानबाट पहिचान गरिएका कलर, ककैहिया, कोरी, खटिक, पासी, सरभंग (सरबरिया) जस्ता दलित जातिको संख्या सरकारी जनगणनामा उल्लेख नगरिएकाले दलितको कुल जनसंख्या कम र विवादास्पद देखिएकोले भविष्यमा हुने जनगणनामा दलित समुदायका सबै जातको संख्या स्पष्ट हुने गरी उल्लेख  हुनुपर्ने आवश्यकता देखिन्छ ।

गोरखापत्र (२०६२, वैशाख ९) को समाचार अनुसार वाग्लुङ्गको विहुँ गाउँमा जयभद्र विश्वकर्माले आफ्नै खर्चमा शिव, भैरवको मन्दिर बनाए । सो मन्दिरमा उनी आफै पूजापाठ

गर्छन् । उनी पण्डित वा पुजारी भएका ठाउँमा पूजापाठका लागि उपल्लो जाति मानिनेहरुको पनि भीड लाग्छ । चलाएपछि सबै थोक चल्छ भन्ने यो एउटा दृष्टान्त हो ।

आजको युगमा समेत नेपालका दलितहरुमध्ये अधिकांश भूमिहीन अवस्थामा रहेकोले उनीहरुले उच्च वर्गको आसेगाँसे र कराँसे, हरुवा, चरुवा वा कमैया र दलियाका रुपमा रहँदै जीवन धान्न बाध्य भएको र अछुतहरु सामाजिक रुपमा बहिष्कृत भएबाट उनीहरुलाई होटल पसल जस्ता बन्द व्यापार गरेर वा आफ्ना गाई भैंसीको दूध, दही, बेचेर अलिअलि भए पनि आर्थिक उपार्जन गर्न पाउने मौका  समेत छैन । साथै उनीहरुका लागि हलिया प्रथा वालिघरे वा विष्ट कमाउने प्रथा, बाजा बजाउने प्रथा, डोली प्रथा, सुडेनी प्रथा जस्ता सित्तैमा श्रम लुटेर सवर्णको दया र मायाको भागमुरो उठाएर बाँच्नु पर्ने विवशता कायमै छ । त्यसैले हजारौ वर्षदेखिको जातीय उत्पीडन तथा छुवाछुतको शिकार हुँदै आएका दलित समुदायलाई आजसम्मको क्षपूर्ति स्वरुप निश्चित समयवधिका लागि राजनैतिक लगायत विभिन्न क्षेत्रमा आरक्षणको व्यवस्था गर्नु एउटा अनिवार्य शर्त हुन जान्छ (विश्वकर्मा, २०६२ पृ.१५५) ।

जाति व्यवस्था सामाजिक स्तरीकरणका लागि मूल कारक तत्वका रुपमा रहेको छ । खास गरी हिन्दू धर्मबाट निर्देशित भारतीय उप-महाद्वीपमा वैदिक कालदेखि अथवा ई.पू. ३००० वर्ष अघिदेखि नै जाति व्यवस्था प्रचलनमा  रहेको थियो । विशेष गरी नेपाल , भारत लगायत दक्षिण एशियाका देशहरुमा जाति व्यवस्था अन्तर्गतको समाज अहिले पनि देखिन्छ । जातिकै अधारमा समाज विभिन्न खण्डमा बाडिने गर्दछ । यस सामाजिक खण्डमा ब्राह्मण, क्षेत्री उच्च जाति हुन् भने वैश्य मध्यम र शूद्र तल्ला जाति मानिन्छन् । जाति अनुसार नै खानपान, सामाजिक सम्बन्ध, पेशा आदिका कारण समाज विभिन्न तहमा विभाजित भएको हुन्छ भने जातिगत व्यवहारका कारण नै समाज आर्थिक, राजनैतिक र सामाजिक आधारमा असमानताको स्थितिमा पुगेको हुन्छ । नेपाल र भारतमा जाति व्यवस्थाको प्रभाव अझै व्यापक छ । यसै गरी हिन्दूहरु बाहेक मुस्लिमहरुमा पनि समाज जातीय आधारमा विभाजन भएको पाइन्छ ( आचार्य २०६२, पृ.२९४) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ (छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक) को उपधारा (१), (२), (३), (४) र (५) मा निम्न कुराहरु उल्लेख गरिएको छ ।

(१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पिडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउनेछ ।

(२) कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा  सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन ।

(३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र विक्री वितरण गरिने छैन ।

(४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहको उचनीच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(५) उपधारा (२), (३) र (४) विपरितको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

हिन्दु समाजले वर्ण ब्यवस्था भित्रको चौथो वर्ग शुद्र जातिलाई परम्परादेखि नै "अछुत" भन्दै आएको छ । ती अछुत भनिएकाहरुलाई वि.सं.२०२४ सालदेखि दलित भन्न थालियो । बृहत् नेपाली शब्दकोशमा दलित शब्दको अर्थ "दलिएका, थिचिएका, पिछडिएका, हेपिएका, पिसिएका" भनेर लगाइएको छ । तिनै अछुतहरुलाई दलित शब्दले सम्बोधन गर्ने प्रथम ब्यक्ति भारतका प्रसिद्ध विद्वान्, तल्लो वर्गका उच्च नेता, समाजशास्त्री, समाजसुधारक, अर्थशास्त्री, कानूनविद् एवं भारतीय संविधानका निर्माता डा.भीमराव अम्वेडकर हुन् । उनले दलित मुक्तिका लागि संघर्ष गर्ने क्रममा भारतका अछुतहरुलाई सन् १९२७ मा दलित शब्दद्वारा संबोधन गरेका थिए । त्यतिबेलासम्म गान्धीजी अछुतहरुलाई हरिजन शब्दले सम्बोधन गर्थे । तर गान्धीजी र अम्बेडकरका वीच असहमति बढ्दै गएपछि अम्बेडकरले दलित शब्द चयन गरे (पाण्डेय, २०६३ पृ.६४-६५) ।

दलितहरु गैर दलितहरुबाट मात्र बहिष्कृत नभई दलितहरुबाटै बहिष्कृत भएका घटनाहरु पनि ठाँउ-ठाँउमा घटेका पाइन्छन् । पर्वत जिल्ला पाङ गा.वि.स. वडा नं. ७ का दिलबहादुर विश्वकर्माले सोही गाउँकी मैसरी दर्जीलाई प्रेम विवाह गरेका कारण १९ वर्ष देखि उनीहरुलाई दलित समुदायले नै सामाजिक बहिष्कार गर्दै आएको छ । दिलबहादु र मैसरी जोडी १९ वर्ष देखि पाङ गाउँभन्दा केही पर घर बनाई बस्दै आएका छन् । उनीहरु संग कुलदेवताको पूजाका लागि उठाइने पैसा समेत लिइदैन र कुलपूजामा समेत समावेश गराइएको छैन, न त कुनै वैदिक संस्कारमा नै सहभागी गराइन्छ । सम्पूर्ण कामी समाजले उनीहरुलाई दमाई घोषण गरिसकेको छ । दलित समुदायमा दमाई भन्दा विश्वकर्मा ठूलो जात मानिन्छ । त्यसैले दिलबहादुरको जोडी विश्वकर्मा समाजबाट बहिष्कृत गरियो (पाण्डेय, २०६३ पृ.८७) ।

नेपालका दलितहरुले आफूहरुलाई गोतामे, गौतम,कोइराला, घिमिरे, निरौला, नेपाल, पन्थी, पराजुली, पोखरेल, पौडेल, भट्टराई, भुसाल, खतिवडा, तिवारी, पन्त, भण्डारी, उप्रेती, गैरे, दाहाल, थपलिया, बस्ताकोटी, बोगटी, लम्साल, हमाल, शाही, अधिकारी, बिष्ट, उपाध्याय, धिताल, बराल, बास्कोटा, आचार्य, कैनी, खड्काजस्ता ब्राह्मण, क्षेत्री, ठकुरीका थरद्वारा चिनाउन थालेका छन् र २०६१ सालदेखि त यिनै थरबाट नागरिकता नै पाउन पनि थालिसकेका छन् । यसरी दलित जनिने थर लेख्न लाज मान्ने तर आरक्षणको माग पनि गर्ने र दलित छात्रवृत्तिका लागि कोटा आउँदा त्यसमा प्रतिस्पर्धा पनि गर्ने प्रवृत्ति दलितहरुमा देखिएको छ । जबसम्म दलितहरुले आफ्नो जात छिपाँउछन् तब सम्म उनीहरुमाथि सङ्क्रमणको तलबार झुण्डिइरहन्छ । उनीहरुको त्यस्तो कार्यबाट दुईवटा खतरा छन् । एउटा जातीय सङ्क्रमणको खतरा र दोस्रो पहिचानको सङकट (पाण्डेय,२०६३, पृ.९३-९४) ।

नेपालका वर्तमान ऐन, कानुन र संविधानका पानाहरुमा दलितहरुका पक्षमा यथेष्ट व्यवस्था भएका छन् र तिनलाई दृढतापूर्वक लागु गर्ने प्रयत्न पनि गरिदै छ । त्यसका साथै यो अभिशापका विरुद्ध ठोस जनमत तयार गर्नका लागि प्रचार प्रसारका कार्यहरु तीव्र रुपमा भइरहेका पनि छन् । अनगिन्ती गैरसरकारी संस्थाहरु यस कार्यमा लागिरहेका छन् । दलितहरुका लागि शिक्षाका क्षेत्रमा आरक्षणको बन्दोवस्त हुँदैछ । तर त्यत्तिले मात्र शताब्दीयौं देखिको छुवाछुत प्रथाको अन्त्य सम्भव हुँदैन । हजारौं वर्ष देखिको रुढीवादी प्रथा संस्थागत नियम र धर्मका अठोट एवं निर्दयी शासकद्धारा शासित हिन्दुहरुको मनोभाव, विचार दृष्टिकोणलाई दुईचार या दश वर्षमै कानुन बनाएर बदल्न सकिदैंन । त्यसका लागि जातिप्रथाका स्वरुपमै परिवर्तन ल्याउनुपर्छ । नयाँ तरिका बाट ग्रामीण समुदायको सामाजिक आदर्श निर्माण गर्नुपर्दछ । फोहोरी पेशालाई समाप्त पार्नुपर्दछ । शारीरिक श्रमप्रति श्रद्धा व्यक्त गर्नु पर्दछ । उचित आवास, उचित वेतन, स्वस्थ्य, मनोरञ्जन तथा सामाजिक सुरक्षाको व्यवस्था मिलाउनु पर्दछ । छुवाछुत मानवताको अपमान हो र सामूहिक मूर्खताको प्रतीक हो । समाजको शरीरमा चढेको विष हो । राष्ट्रभक्तिको श्रृङ्खलामा एउटा कमजोर कडी हो र समाजकल्याणको प्रयत्नको उपहास र राष्ट्रद्रोह हो । हामीले भावी पुस्ताका लागि यस्तो असहनशीलता र घृणालाई उत्तराधिकार स्वरुप छाड्नु हुँदैन (पाण्डेय, २०६३ पृ.१०३-१०४) ।

नेपाली सेनामा सबै जातजातिका मानिस छन् । दशैको टीकाको दिनमा कमाण्डरले अन्य सबैलाई निधारमा टीका लगाइदिन्छन् तर दलितलाई भने टीका पातमा दिन्छन् । खाना खाँदा पनि दलित सेनाहरुले अलग्गै बसेर थाल थापेर खानपर्छ । त्यो दलित अधिकृत स्तरकै किन नहोस् उसको थाल पिपाले समेत छुँदैन । अरु अधिकृतका थाल पिपाले माझ्छ भने उसको थाल चाहि माझ्दैन । आवास गृहमा त्यस्तै विभेद छ । पदोन्नतिमा त्यस्तै विभेद छ । बिहानै दलितको मुख देख्यो भने दिनभरि साइत पर्दैन भन्ने मान्यता अझै पनि कायमै छ । त्यसैले दलितहरुलाई गेटको डिउटीमा राखिदैन । नेपाली सेनामा भर्ती भएका दलितहरुलाई त्यहाँ पनि उनीहरुकै पुर्ख्यौली काममै लगाइन्छ । जस्तै सार्कीलाई जुत्ता सिलाउने काममा, पालिस गर्ने काममा, कामीलाई हतियार मर्मत गर्ने काममा, दमाईलाई बाजा बजाउने, लुगा सिलाउने काममा लगाइन्छ । यस्ता असमान व्यवहारहरु सेनामा थुप्रै छन् , तर पारदर्शिताको अभावमा ती सबै बाहिर आउन पाएका छैनन् (पाण्डेय, २०६३, पृ.१०५) ।

अछुत जातिहरु प्रति उच्च जातिका सदस्यहरुले अपनाउँदै आएको छुवाछुतको भावना आर्थात् भेदभापूर्ण व्यवहारलाई महात्मा गान्धीले बर्णव्यवस्था माथिको एउटा कालो धब्बाको संज्ञा दिदै भनेका छन् -“छुवाछुत धर्मको कुनै अङग होइन, बरु त्यसमा उत्पन्न भएको एउटा सडन (फोहोर) हो, भ्रम हो, पाप हो । त्यसलाई हटाउनु प्रत्येकको कर्तव्य हो ” (पाण्डेय,२०६३ पृ.१०६) ।

समाजले दलित नामाकरण गरिदिएको र स्मृति तथा पुराणहरुले शुद्रको कोटीमा स्थान दिएका यस जतिका आ-आफ्नै परम्परागत पेशा छन् , जसलाई उनीहरुले त्यागिदिएका खण्डमा समाज नै अस्तव्यस्त बन्दछ र सामाजिक संरचना नै खल्बलिन्छ । त्यसैले होला महात्मा गान्धीले पनि भनेका थिए “एक चिकित्सकले चिकित्सा पेशा छाडिदियो भने उसको बिरामी

मात्र मर्दछ, तर हरिजनहरुले आफ्नो पेशा त्यागिदिए भने त मुलुकै डुब्दछ ।" त्यसैले होला दलितहरुले आफ्ना वास्तविक थर लेख्ने गरे पनि नलेख्ने गरे पनि अथवा ब्राह्मण, क्षेत्रीय, जनजातीय थर लेख्ने गरे पनि अथवा धर्मान्तरण नै गरे पनि आफ्ना परम्परागत पेशा त्याग्न भने सकेका छैनन् । आफूलाई ब्राह्मण घोषित गर्ने अथवा ब्राह्मण थर लेख्ने दलितहरुले दैनिक स्नान पनि गर्लान्, धोती पनि लगाउलान्, यज्ञोपवीत धारण पनि गर्लान्, निधारमा नित्य रुपमा तिलक पनि लगाउलान्, खुट्टामा खराउ पनि लगाउलान् तर मद्यमांस त्याग्न सक्दैनन्, हलो जोत्नेले जोतिरहन्छन् । फलाम पिट्नेले पिटिरहन्छन् । जुत्ता सिलाउनेले सिलाइरहन्छन् । सुन चाँदीका गहना बनाउनेले बनाइरहन्छन् । झाडु लगाउनेले सडकमा लगाइरहन्छन् । एक थरी दलितहरुले आफूलाई जताततै दलित शब्दबाटै चिनाउन रुचाउछन् भने अर्को थरी दलितहरु आफूलाई दलित नभनियोस् भन्दै अदालतको शरणमा समेत पुगेका छन् । कसैकसैलाई शुद्र शब्द कटु लागेर थरै परिवर्तन गर्दै लगेका छन् भने कसैले गर्वका साथ शुद्रबाटै आफूलाई परिचय गराउन रुचाउँछन् (पाण्डेय, २०६३ पृ.१०९) ।

२०६१ साल बैशाख महिनामा भएको टिमाईस्थित भुटानी शरणार्थी शिविरमा रहेका गैरदलित हिन्दूहरुले श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ आयोजना गरेका थिए । उक्त सप्ताहमा व्याासका रुपमा दुईजना दलित र कर्ताका  रुपमा चारजना दलितै थिए । सप्ताह वाचन गरिरहेका ती दलित व्यासहरुले जनै र श्वेतवस्त्र (धोती) धारणा गरेका थिए । निधारमा चन्दन लगाएका थिए । घाँटीमा पुष्पहार (माला) लगाएका थिए । माइकबाट श्रीमद्भागवत वाचन गरिरहेका थिए । उनीहरुको वाचन सुन्दा लाग्दैनथ्यो कि व्यासहरु नवसिकारु हुन् अथवा गैरब्राह्मण हुन् । सप्ताह श्रवण गर्न जाने कसैले पनि अन्दाज नै गर्न सक्दैनथ्यो कि त्यो जातीय विभेद अन्त्य गर्नका लागि भुटानी शरणर्थीहरुले आयोजना गरेको यज्ञ थियो । इच्छा लागेकाहरु त्यहाँ जान्थे । सप्ताह श्रवण गर्थे । प्रसाद ग्रहण गर्थे तर कसैलाई पनि प्रसाद ग्रहण गर्नै अनिवार्य थिएन । न त कसैको त्यसप्रति विरोध नै थियो । बालक, वृद्धा, युवा, युवती सबै सप्ताह श्रवण गर्न जान्थे । ८० वर्षीय बृद्धाहरुसमेत त्यहाँ पुगेका थिए । शरणार्थी शिविरका केही वैष्णवहरुबाट भने थोरैधेरै बिरोध भएको थियो । उनीहरुका विचारमा यो सप्ताह "परम्पराविपरीत थियो र ब्राहमणवादको विरोध गरेर नथाक्ने दलितहरु स्वयं नै  ब्राहमणवादतर्फ उन्मुख थिए " (पाण्डेय, २०६३ पृ. ११३-११४) ।

मानिसहरुले धारा, पँधेरा र इनारलाई समेत आफ्नै पेवा ठानेर दलित जातिले पानी लिन पनि नपाउने जस्ता भेदभाव गर्दै आएको छ । तर प्रकृतिमा त्यस्तो भेदभाव कहाँ छ र ? प्रकृतिले त घामपानी, हावामाटो, हिउँद-वर्षा, तातोचिसो सबैका लागि बराबर दिएको छ (रजस्थल, श्रावण-आश्विन २०६३ पृ.४-५) ।

गोरखापत्र (२०६५, मंसीर २४) को समाचार अनुसार सर्लाहीको मूर्तियाकी सुष्मा गुरुङ्गले एक साता अघि गाउँकै शिव परियारसंग राजीखुशी प्रेम विवाह गरेपछि महिला समूहले तल्लो जातसंग विवाह गरेकोमा कोठाभित्रै गएर कुटपिट गर्दै जुत्ताको माला लगाई गाउँ घुमाएपछि दोषीमाथि कारवाहीको माग राखी सुष्माले प्रशासनमा मुद्दा दर्ता गराएपछि दलित संग प्रेम विवाह गरेको आरोपमा जुत्ताको माला लगाई गाउँ घुमाउनेका विरुद्ध सर्लाहीको प्रशासनले मुद्दा चलाएको छ ।

स्याङ्गजा जिल्ला बहाकोट गा.वि.स.मा बसोवास गर्दै आएका दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था र बालीघरे प्रथाको बारेमा यस भन्दा अगाडि कुनै अनुसन्धान कर्ताबाट अध्ययन अनुसन्धान भएको पाइएन । त्यसैले यस जातिको सामाजिक तथा आर्थिक, सांस्कृतिक , शैक्षिक र राजनैतिक अवस्थाको अध्ययनका साथै बालीघरे प्रथा र उक्त प्रथामा व्यापक परिवर्तन आउनका कारणहरुको समेत खोजी गरिएको यो पहिलो अध्ययन हो ।

# अध्याय -चार
## अनुसन्धान पद्धति

### ४.१ सामान्य परिचय :

कुनै पनि अनुसन्धान कार्यमा  अनुसन्धान पद्धतिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धानका लागि उपयुक्त विधि अपनाई आफ्नो  उद्देश्य तर्फ उन्मुख हुनु अति आवश्यक हुन्छ । शोधको  समस्यालाई व्यवस्थित रुपले समाधान गर्न त्यसको विधिमा निर्भर गर्दछ । शोधको विश्वसनीयता र प्रभावकारिता के कति छ  भन्ने थाहा पाउन त्यसको विधिमा नै भर पर्दछ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइँदैन । घटनाको प्रकृति हेरेर विधिको छनोट गरिन्छ । त्यही विधि अबलम्बन गरी घटना तथा समस्याको गहिराइसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ । किनकि अनुसन्धानबाट समस्याको सही कारण पत्ता लागेमा त्यसका समाधानका सम्भाव्य विकल्पहरु खोजी गर्न सजिलो हुन्छ ।

### ४.२ अध्ययन क्षेत्रको छनोट :

नेपालका विभिन्न ठाउँहरुमा  छरिएर रहेका संपूर्ण दमाई जातिको विवरण नभै यो शोधपत्र गण्डकी अंचल स्याङ्जा जिल्ला बहाकोट गा.वि.स. मा बसोबास गर्ने दमाई जातिको अध्ययनमा केन्द्रित रहेको छ । पहाडी भेगमा बस्ने दमाई जातिहरुको पेशा, परम्परागत सामाजिक, सांस्कृतिक पक्षहरु प्रायः मिल्दाजुल्दा भएकोले अन्य क्षेत्रका दमाई जातिको पनि केही झलक  यस शोधपत्रले प्रस्तुत गर्नेछ भन्ने विश्वास राखिएको छ । यस बहाकोट गा.वि.स. लाई अध्ययन क्षेत्रको रुपमा छनोट गर्नाका कारणहरु निम्न छन् –

(क) यस गा.वि.स.मा अन्य दलितहरु भन्दा दमाईहरुको संख्या बढी भएकाले

(ख) यहाँका दमाईहरुको सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक अवस्थाका बारेमा समाजशास्त्रीय अध्ययन हालसम्म नभएकाले

(ग) यहाँका दमाईहरुका बारेमा प्रारम्भिक स्रोतबाट नै तथ्याङ्क संकलन गर्न संभव भएकाले ।

यसप्रकार एउटा निश्चित गा.वि.स. बहाकोटलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरेको छु । यस गा.वि.स. अन्तर्गत वडा नं. ३ को भञ्ज्याङ्ग वडा नं. ४ को धोवादी र वडा नं ७ को मियलडाँडा, सिमलडाँडा, मानकी डाँडा, गैंडाकोट र गिउंडाँडा टोलहरुमा दमाई जातिको बसोबास रहेको छ । वडा नं. ३ मा २ , वडा नं. ४ मा २ र वडा नं. ७ मा २५ गरी यस गा.वि.स. भरी जम्मा २९ घरपरिवार दमाईहरु छन् ।

**४.३ अनुसन्धानको ढाँचा** :

कुनै पनि प्रस्तावित अनुसन्धान कार्यमा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधिको पूर्व तयारी स्वरुप तयार पारिएको बृहत् योजना अनुसन्धान ढाँचा हो । यस अनुसन्धानमा मुख्यतः वर्णनात्मक ढाँचाद्धारा अध्ययन गरिएको छ । दमाई जातिका बारेमा प्राप्त विभिन्न सूचनाहरुको वर्णन गरी निष्कर्ष निकालिएकोले अध्ययन ढाँचा वर्णनात्मक छ ।

**४.४ नमुना छनोटको ढाँचाः**

यो अध्ययन बहाकोट गा.वि.स.मा बसोबास गर्ने दमाई जातिहरुमा मात्र सीमित भएकोले यसको समग्रता (Universe) पनि संबन्धित क्षेत्रकै तथ्याङ्कमा सीमित रहेको छ । अध्ययन क्षेत्रमा जम्मा २९ घर परिवार दमाई जाति छन् । तथ्याङ्क संकलनका क्रममा प्रत्येक परिवारबाट प्रतिनिधित्व हुने गरी २९ जना पुरुष र १६ जना महिला सहित जम्मा ४५ जनालाई उत्तरदाताको रुपमा छनोट गरी उनीहरुबाट आवश्यक सूचनाहरु लिने काम गरिएको छ ।

**४.५ तथ्याङ्कका स्रोतहरु :**

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका स्रोतहरुबाट  तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत स्थलगत सर्वेक्षण गरी अनुसूचीका आधारमा निर्मित प्रश्नावलीको प्रयोगद्वारा प्रत्यक्ष अन्तर्वाता, सहभागी तथा असहभागी अवलोकन र अनौपचारिक अन्तर्वार्ताको माध्यमद्वारा सत्य तथ्य कुराहरु लिइएको छ भने द्वितीय स्रोत अन्तर्गत स्वदेशी तथा विदेशी विद्वान तथा समाजशास्त्री/मानवशास्त्री, अर्थशास्त्री, इतिहासकार तथा विभिन्न संघ सस्थाहरुबाट प्रकाशित पुस्तक, लेख, रचना, जर्नल, थेसिस, प्रतिवेदन, संबन्धित साहित्य आदिको सहयोग लिइएको छ । साथै जि.वि.स.स्याङ्गजा र बहाकोट गा.वि. स. भित्र रहेका विद्यालयहरुबाट पनि तथ्याङ्कहरु संकलन गर्ने काम भएको छ ।

**४.६ तथ्याङ्कको प्रकृति** :

यस अध्ययनमा संख्यात्मक र गुणात्मक दुवै पक्षलाई प्राथमिकता दिइएको छ । संख्यात्मक (मात्रात्मक) पक्ष अन्तर्गत परिवारमा सदस्य संख्या, लिङ्गको आधारमा वर्गीकरण, उमेरको आधारमा वर्गीकरण, वार्षिक आय, शैक्षिक स्थिति आदि पक्षलाई समेटिएको छ भने गुणात्मक पक्ष अन्तर्गत समाजमा दमाई जातिको जनजीवन, रहन-सहन तथा खानपीन, भाषा तथा आभूषण, चाडपर्वहरु, विभिन्न संस्कारहरु (जन्म, पास्नी, ब्रतबन्ध, बिबाह र मृत्यु), अन्य जात-जातिहरुसंगको अन्तर संबन्ध आदि पक्षहरुलाई समेटिएको छ ।

## ४.७ तथ्याङ्क संकलनका विधिहरु :

कुनै पनि विषयको अनुसन्धानमा तथ्याङ्क संकलन विधिको ठूलो भूमिका रहेको हुन्छ । अध्ययन अनुसनधानको सही सफलताको लागि उचित तथ्याङ्क संकलन प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ । मुख्यतया अध्ययनको आशान्वित प्रतिफल अनुसन्धानमा अबलम्बन गरिएका तथ्याङ्क संकलन विधिहरुमा निर्भर रहन्छ । अध्ययनको विषयवस्तु अनुकुलको विधि प्रयोग भएन भने सत्य, तथ्य सूचनाहरु प्राप्त हुन सक्दैनन् । प्रस्तुत अध्ययनका क्रममा लामो समयसम्म संबन्धित क्षेत्रमा घुलमिल भई त्यहाँका बासिन्दाहरुसंग  आत्मीयता बढाउने प्रयास गरिएको छ । २९ परिवारलाई गणना विधि अपनाई तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनका क्रममा निम्नलिखित विधिहरु अपनाई तथ्याङ्क संकलन गर्ने कार्य भएको छ ।

क) अवलोकन

यस विधिद्वारा संबन्धित क्षेत्रमा गई दमाई जातिको घरको बनावट, घरको संख्या, पारिवारिक स्थिति, पारिवारिक वातावरण, खानपीन, भेषभूषा आदिका बारेमा तथ्याङ्कहरु संकलन गरिएको छ । यस विधिद्वारा संकलन गरिएका तथ्याङ्कहरुबाट प्राप्त परिणाम बढी विश्वसनीय हुन सक्ने ठानिएको छ । किनभने अनुसन्धानकर्ता स्वयंले देखेका र अनुभव गरेका प्रमाणिक तथ्याङ्कहरु संकलन गरिएको  छ । अनुसन्धानका क्रममा सहभागी अवलोकन र असहभागी अवलोकन दुवै विधिको प्रयोग गरिएको छ ।

(ख) प्रश्नावली अनुसूची :

अवलोकनबाट प्राप्त हुन नसकेका तथ्याङ्कहरु प्रश्नावलीका माध्यमबाट संकलन गरिएको छ । यो विधि मुख्यतया जनसंख्या, स्वास्थ्य, शिक्षा, सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक आदि पक्षका तथ्याङ्कहरु प्राप्त गर्नका लागि प्रयोग गरिएको छ । यसका लागि विभिन्न उत्तरहरुको आशा राखी उत्तरदाताहरुको विस्तृत विवरण प्राप्त हुने खालका खुला र बन्द दुवै प्रकृतिका प्रश्नहरु समावेश गरी प्रश्नावली निर्माण गरेर अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रका प्रत्येक घरमा पुगी प्रत्यक्ष अन्तर्वाताद्वारा प्रश्नावली भर्ने काम गरिएको छ । प्रश्न सोध्दै जाने क्रममा प्रसंगवश थप अनिर्मित प्रश्नहरु पनि सोधेर सकभर उद्देश्यको पूर्णता दिने कोशिस गरिएको छ ।

(ग) अन्तर्वार्ता :

व्यक्तिगत रुपमा नजिक भई उनीहरुको मनोभावना बुझी यथार्थताको पहिचान गर्न अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । अवलोकन र प्रश्नावलीका माध्यमबाट खुल्न नसकेका तथ्याङ्कहरु प्राप्त गर्न यो विधिको प्रयोग गरिएको छ । समुदायमा रहेका दमाई जातिका साथै गैर दमाई जातिसंग पनि बिषयसंग संबन्धित अन्तर्वार्ता लिइएको छ । यसरी अन्तर्वार्ता लिइएका गैर

दमाई जातिका व्यक्तिहरुमा शिक्षक, विद्यार्थी, राजनैतिक कार्यकर्ता, संघसस्थाका पदाधिकारीहरु, समुदायका बृद्ध व्यक्तिहरु, समाजसेवी तथा बुद्धिजीवीहरु रहेका छन् ।

## ४.८ तथ्याङ्क संकलनमा आइपरेका समस्याहरु :

वास्तवमा कुनै पनि अनुसन्धान कार्य समस्याविहीन हुँदैन । अनुसन्धान कार्य चाहे सामाजिक क्षेत्रसंग संबन्धित होस् चाहे समाजका अन्य कुनै पनि क्षेत्रसंग संबन्धित होस्, अनुसन्धान कर्ताको लागि विभिन्न कठिनाइहरु देखा पर्दछन् । संबन्धित क्षेत्रमा गएर सबै प्रकारका तथ्याङ्कहरु संकलन गर्नु सहज हुँदैन । समय, स्रोत र साधनको अपर्याप्तताका कारण अनुसन्धानको सिलसिलामा शोधकर्ताले विभिन्न कठिनाई भोग्नुपर्ने हुन्छ । तथ्याङ्क संकलन गर्ने काम यही २०६५ साल भाद्र-आश्विन महिनामा भएको थियो । ग्रामीण क्षेत्र भएकोले प्रायः उत्तरदाताहरु आफ्नो घरधन्दामा व्यस्त रहन्थे । सो समयमा दमाई जातिका मानिसहरु धान गोड्न मकै भि याउन र कोदो गोड्न व्यस्त रहेका थिए । यसरी दमाई जातिका घरमूली वा अन्य सदस्यहरु विहान, बेलुका आफ्नो काममा व्यस्त रहने र खाना खाएर दिउसो धेरै जसो मगर, गुरुङ्ग, ठकुरीकहाँ ज्यालादारी जाने हुँदा समय मिलाउन अतिकठिन पर्‍यो । कुनै कुनै घरमा त ३-४ पटक पनि जानुपरयो , फेरी अशिक्षाको कारण कतिपय दमाईहरुले आफ्नो सामाजिक एवं घरायसी यथार्थता खोल्न हिचकिचाएको महसुस भयो । अधिकांश दमाईहरुले आफ्नो परिवारको वार्षिक आम्दानी बताउन अप्ठ्यारो मानेका थिए । हामीहरुको आर्थिक अवस्थालई बुझेर भविष्यमा यसबाट हामीलाई केही आर्थिक सहयोग हुनसक्छ भन्ने उनीहरुको सोचाई रहेकोले घरायसी यथार्थता बतउन उनीहरु हिचकिचाएको पाइयो । तर उनीहरुलाई यस शोधपत्रको जानकारी दिएपछि मात्र उनीहरुबाट सही तथ्याङ्कहरु प्राप्त भएका थिए । दमाईजातिको बाक्लो बस्ती रहेको वडा नं. ७ मा रहेका निरक्षर घरपरिवारबाट यथार्थ तथ्याङ्कहरु लिन स्थानीय शिक्षिका देवी परियारको सहयोग लिइएको थियो । यसरी अध्ययनको सिलसिलामा यस्ता केही समस्या तथा कठिनाइहरु आइपरे पनि ती समस्याहरुसंग सम्झौता गर्दै प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## ४.९ तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण :

यो शोधपत्र तयार पार्ने क्रममा अध्ययनसंग संबन्धित विभिन्न तथ्याङ्कहरुलाई आवश्यकता अनुसार संख्यात्मक तथा व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । संख्यात्मक रुपमा प्रस्तुत गरिने तथ्याङ्कहरुलाई साधारण तालिकामा संख्या र प्रतिशतको रुपमा प्रस्तुत गरिएको छ भने अन्य तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# अध्याय–पाँच
## दमाई जातिको सामाजिक र आर्थिक अवस्था

### ५.१ सामाजिक अवस्था :

### ५.१.१ परिचय

नेपालका अधिकांश दलित समुदाय हिन्दू धर्मावलम्वी भए तापनि बढी मात्रमा हिन्दू धर्मावलम्वीहरुबाट नै शोषित, बहिष्कृत र तिरष्कृत भएका छन् । जन्म, मृत्यु, विवाह जस्ता संस्कारहरुमा विभेदको सिकार भइरहेका छन् । आफ्नो धार्मिक परम्परा र संस्कार अनुरुप सामाजिक कार्य गर्नबाट बञ्चित छन् । कला, संस्कृति तथा सिपका धनी दलित आफैले निर्माण गरेको मन्दिर प्रवेश गर्नबाट वञ्चित छन् भने आफैले कुँदेका मूर्ति पूज्न पाएका छैनन् । नागरिकको हैसियतले राज्यबाट प्राप्त गर्ने स्रोत र साधन उपभोग गर्नबाट विभेद त छँदैछ, प्राकृतिक स्रोत र साधन उपभोग गर्नबाट समेत वञ्चित छन् । दलितलाई अशुद्ध समुदायको रुपमा हेरिन्छ । उनीहरुले छोए, टेके वा उपभोग गरे त्यो वस्तु नै अशुद्ध हुन्छ भनी आफूहरु सुरक्षित रहन उच्च जातीय अहंकारवादले ग्रसित रहेका कथित छुतहरु अनेक हर्कत गर्न पछि पर्दैनन् । सार्वजनिक स्थलमा पनि छुवाछुतको कुरा उठाइ सामाजिक रुपमा नै तिरस्कार गरिएको पाइन्छ । उनीहरु माथि गरिने संबोधनमा पनि पूर्ण रुपमा होच्याउने र अपमान जनक शब्दहरुको प्रयोग गर्ने गरेको पाइन्छ । दलितको इज्जत, प्रतिष्ठालाई वेवास्ता गरी अपमानित गर्ने होच्याउने तथा घृणा गर्ने प्रवृति समाजमा अझै कायम रहेको छ ।

वास्तवमा दलित समुदाय प्रति गरिने सबै प्रकारका विभेदको प्रमुख आधार जातीय छुवाछुत प्रथा नै हो । छुन नहुने र हुने, शुद्ध र अशुद्धको आधारमा हजारौ विभेदहरुले जन्म लिएका छन् । एक्शन एड नेपालद्धारा हालै प्रकाशित नेपालमा विद्यमान जातीय छुवाछुतको व्यवहार र त्यसलाई उन्मूलन गर्ने एक रणनीति अभियान प्रतिवेदनले २०५ प्रकारका जातीय आधारमा गरिने विभेदको उजागर गरेको छ । ती मध्ये ५४ वटा निषेध वा अस्वीकार संबन्धी, ९ वटा भेदभावपूर्ण बाध्यात्मक मजदुरी संबन्धी, २० वटा हेप्ने, पेल्ने तथा अधिपत्य जमाउने संबन्धी, १८ वटा दृष्टिकोणीय छुवाछुत, २० वटा अत्याचार संग संबन्धित, ३ वटा समाजिक बहिस्कारसंग संबन्धित र ८१ वटा विविध क्षेत्रमा रहेको विभिन्न किसिमको विभेद रहेका छन् । यसरी दलित समुदायका बारेमा गहिरिएर अध्ययन गर्ने हो भने जातपात र छुवाछुतले सृजना गरेका सामाजिक विभेदका प्रकारहरु स्थान अनुसार फरक पर्ने तथा अझ बढेर जाने कुरा निश्चित छ । दलित माथि गरिने विभिन्न प्रमुख विभेदहरुमा पेशा र रोजगारीमा विभेद, शिक्षा र स्वस्थ्यमा विभेद, प्रवेश र खानपानमा विभेद, आचारण र व्यवहारमा विभेद तथा अन्य विविध प्रकारका विभेदहरु हुन् ।

बहाकोट गा.वि.स.मा बासोबास गर्ने दलित समुदाय अन्तर्गत दमाई जाति पनि जातीय छुवाछुतबाट मुक्त छैनन् । यहाँका ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ्ग, मगर र भुजेल जातिका मानिसहरुको घरमा विभिन्न कामहरु गर्न दमाई जातिका मानिसहरु जाने गर्दछन् । उनीहरुको

घरमा ती दमाई जातिले खाना खाएपछि आफै भाँडा माझेर घाममा सुकाउनु पर्दछ । खाना खाएका भाँडाहरु सुकेपछि मात्र घरभित्र लगिन्छ । खाना खान उनीहरुलाई घरभित्र लगिदैन । त्यस्तै दमाई जातिका मानिसहरुलाई मन्दिर प्रवेश गरी पाठ पूजा गर्न दिइँदैन । उनीहरुले उत्पादन गरेको दूध, दही, घ्यू, आदि गाउँमा बिक्री हुँदैन । यस गा.वि.स. को वडा नं ७ मा दमाईहरुको बस्ती बाक्लो छ । यस वडामा ठकुरी, मगर र भुजेल जातिको पनि बसोबास छ । यी जातिहरुमध्ये ठकुरी जातिमा परम्परादेखि चल्दै आएको छुवाछुत प्रथाले बढी प्रश्रय पाएको अनुसन्धानको क्रममा दमाई समुदायका मानिसहरुबाट थाहा हुन आएको छ ।

## ५.१.२ दमाई जातिको जनसंख्याको बनोटः

बहाकोट गा.वि.स.मा बसोबस गर्ने विभिन्न जातिहरु मध्ये दमाई एउटा साधारण, पानी नचल्ने अथवा अछुत मानिदै आएको जाति हो । लिङ्ग र उमेरका आधारमा २९ घरपरिवारमा रहेका दमाई जातिको जनसंख्या विवरण तालिका ५.१, ५.२, र ५.३ मा प्रस्तुत् गरिएको छ ।

### तालिका ५.१

अध्ययन क्षेत्रका दमाई जातिको जनसंख्याको बनोट (लिङ्गको आधारमा) :

| वडा नं. | घर संख्या | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ३ | २ | ७ | ८ | १५ | ६.६७ |
| ४ | २ | १२ | ५ | १७ | ७.५५ |
| ७ | २५ | १०१ | ९२ | १९३ | ८५.७८ |
| जम्मा | २९ | १२० | १०५ | २२५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकामा महिला भन्दा पुरुषको संख्या धेरै देखिन्छ । यसको मुख्य कारण पुरुष प्रधान समाजमा लैंगिक असमानताका कारण छोरालाई बढी महत्व दिनु हो । दमाई जातिको जनसंख्यालाई उमेरगत आधारमा निम्न तालिकामा देखाइएको छ ।

### तालिका नं. ५.२

उमेरगत आधारमा दमाई जातिको जानसंख्याको बनोट :

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ५ वर्ष भन्दा कम | ७ | ११ | १८ | ८.००% |
| ५-९ | १७ | १४ | ३१ | १३.७८% |
| १०-१४ | १७ | ६ | २३ | १०.२२% |
| १५ -१९ | १२ | १३ | २५ | ११.११% |
| २०-२४ | १६ | १२ | २८ | १२.४४% |
| २५-२९ | १३ | ११ | २४ | १०.६७% |
| ३०-३४ | १० | ८ | १८ | ८.००% |
| ३५-३९ | ४ | ६ | १० | ४.४४% |
| ४०-४४ | ६ | ३ | ९ | ४.००% |
| ४५-४९ | ३ | ५ | ८ | ३.५६% |
| ५०-५४ | २ | ८ | १० | ४.४४% |
| ५५-५९ | ४ | ३ | ७ | ३.११% |
| ६०-६४ | ४ | २ | ६ | २.६७% |
| ६५-६९ | ३ | १ | ४ | १.७८% |
| ७० देखि माथि | २ | २ | ४ | १.७८% |
| जम्मा | १२० | १०५ | २२५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाले दमाई जातिमा भएका संपूर्ण परिवार मध्ये कुन उमेर समूहमा कति पुरुष र कति महिला छन्  भन्ने कुराको स्पष्ट तस्विर प्रस्तुत गरेको छ । तालिकामा उल्लेख भए अनुसार सबैभन्दा बढी जनसंख्या ५-९ उमेर समूह (१३.७८%) को देखिन्छ  भने सबभन्दा कम (१.७८%) जनसंख्या ६५-६९ उमेर समूह र ७० वर्ष भन्दा माथिको उमेर समूहमा देखिन्छ । अब  यी कुल दमाई जातिमा आर्थिक दृष्टिकोणले सक्रिय तथा निस्क्रिय जनसंख्याको विवरण तलको तालिकामा देखाउने प्रयास गरिएको छ ।

**तालिका ५.३**

आर्थिक दृष्टिले सक्रिय तथा निस्क्रिय जनसंख्या विवरणः

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १५ भन्दा कम | ४१ | ३१ | ७२ | ३२.००% |
| १५–५९ | ७० | ६९ | १३९ | ६१.७८% |
| ६० देखि माथि | ९ | ५ | १४ | ६.२२% |
| जम्मा | १२० | १०५ | २२५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

तालिका ५.३ मा दमाई जातिको सक्रिय जनसंख्या (१५-५९) वर्ष भित्रका ६१.७८% रहेको छ । यसरी अधिकांश जनसंख्या सक्रिय देखिनु सकरात्मक रहे तापनि ६० वर्षदेखि माथिको जनसंख्या ६.२२% मात्र रहनुले उनीहरुको औषत आयु साह्रै कम  रहेको आभाष हुन्छ । यसको कारण के हो भने कडा परिश्रम, औषधि उपचारको अभाव तथा सन्तुलित आहारको अपर्याप्तताले गर्दा अधिकांश दमाईहरुको मृत्यु ६० वर्ष नपुग्दै हुने गर्दछ । त्यस्तै  १५ वर्ष भन्दा कम उमेरको जनसंख्या ३२% हुनु सामान्य हो ।

## ५.१.३ दमाई जातिको परिवारको किसिम :

बहाकोट गा.वि.स. मा बसोबास गर्ने जम्मा २९  घर परिवारका दमाईहरुको परिवारको किसिम कस्तो रहेको छ  भन्ने बुझ्न गरिएको प्रयासमा प्राप्त भएको जानकारीलाई निम्न तालिकामा प्रस्तुत् गरिएको छ ।

**तालिका ५.४**

दमाई जातिको परिवारको किसिम :

| परिवार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| एकल | १० | ३४.४८% |
| संयुक्त | १९ | ६५.५२% |
| जम्मा | २९ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

आजको परिवर्तनशील युगमा  आधुनिक विचार र प्रविधिको विकास भए तापनि दमाई जातिमा यसको नगन्य प्रभाव रहेको छ । सायद यसैले होला जम्मा २९ घर परिवारमध्ये ६५.५२ प्रतिशत दमाई परिवार संयुक्त परिवामा रहेका छन् । अनुसन्धानका क्रममा लालसिङ्ग दर्जीको परिवारमा १८ जना सदस्यहरु रहेको पाइयो । एकल परिवार जम्मा ३४.४८ प्रतिशत भएको पाइयो । सानो परिवारका दमाई सक्रिय, आर्थिक रुपले केही सवल र हँसिला, फूर्तिला देखिए भने ठूलो परिवारमा बसोबास गर्ने दमाईमा भने भगवान्का कृपाले परिवारको आकार ठूलो-ठूलो भएको र कामकाजमा सहयोग पुर्‍याएको भन्ने धारणा रहेको पाइयो ।

## ५.१.४ दमाई समुदायका घरको किसिमः

आर्थिक अवस्थाका विभिन्न सूचकहरु मध्ये उपभोग स्तरलाई पनि एक प्रमुख सूचकको रुपमा लिन सकिन्छ । किनभने उपभोग गरिने सामान वा वस्तुले व्यक्तिको क्रय क्षमता वा आर्थिक अवस्थाको जानकारी गराउँछ । यसरी व्यक्ति वा परिवारबाट विभिन्न वस्तुहरुको उपभोगमा खर्च गर्ने गरेको रकमले पनि आर्थिक स्तरको अवस्था निर्धारणमा सहयोग पुरयाएको हुन्छ । साधारणतया आयमा वृद्धि हुँदै जाँदा उपभोग स्तरमा पनि वृद्धिहुँदै जाने र आयस्तर घट्दै गएमा उपभोग स्तरमा पनि ह्रास हुँदै जाने विश्वास गरिन्छ । यसै सन्दर्भमा यहाँका दमाई परिवारका मानिसहरु कस्ता प्रकारका घरमा बसेका छन् भन्ने कुरा निम्न तालिकामा दर्शाइएको छ ।

**तालिका ५.५**

दमाई समुदायका घरको किसिमः

| घरको किसिम | घर (परिवार) संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची, १ तले, खरको छानो | २ | ६.९०% |
| कच्ची, १ तले, टिनको छानो | ४ | १३.७९% |
| कच्ची, २ तले, टिनको छानो | १० | ३४.४८% |
| कच्ची, २ तले, खरको छानो | १३ | ४४.८३% |
| जम्मा | २९ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकामा सबै घरहरु कच्ची देखिन्छन् । दमाई समुदायमा एउटा घर पनि पक्की देखिएनन् । सबै घरहरु ढुंगा-माटाबाट बनेका र  अधिकांश घरहरु दुई तले तथा छानो खरको भएका (४४.८३) पाइयो । त्यस्तै एकतले  र खरको छानो भएका घरहरु ६.९०%, एकतले र टिनको छानो भएका घरहरु १३.७९% तथा दुई तले र टिनको छानो भएका घरहरु ३४.४८% छन् । यसरी सबै घरहरु कच्ची हुनाको कारण पहाडको बस्तीमा प्रशस्त ढुंगा, माटो उपलब्ध हुनु र आर्थिक अभाव हुनु हो ।

यहाँका दमाई जातिको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा उनीहरुका घरमा कस्तो किसिमको शौचालय निर्माण भएको छ, सो बुझ्ने प्रयास गरिएको थियो । शौचालयका बारेमा छनौट भएका उत्तरदाताहरुबाट प्राप्त भएको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६**

दमाई समुदायमा शौचालयको किसिमः

| शौचालयको किसिम | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | २९ | ६४.४४% |
| पक्की | ११ | २४.४५% |
| निर्माण नभएको | ५ | ११.११% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकामा उल्लेख भए अनुसार कच्ची शौचालय निर्माण गरेका ६४.४४ प्रतिशत, पक्की शौचालय निर्माण गरेका २४.४५ प्रतिशत र शौचालय निर्माण नै नगरेका ११.११ प्रतिशत देखिएको छ । प्रायः जसो आर्थिक अवस्था तुलनात्मक रुपमा राम्रो भएका दमाईहरुको घरमा पक्की शौचालय निर्माण भएको पाइयो भने आर्थिक अवस्था कमजोर भएका र आफ्नो घर नजिक वनजंगल र खोल्सा रहेका दमाईहरुले शौचालयको निर्माण नगरेको पाइयो । अध्ययनको क्रममा २-३ परिवारको एउटै साझा कच्ची शौचालय रहेको पनि पाइयो ।

## ५.१.५ दमाई जातिको जनजीवन :

नेपाल विभिन्न जात-जातिहरुको साझा फूलबारी हो । यहाँ बसोबास गर्ने विभिन्न जातिहरु एक आपसमा मिलेर बसेका छन् । एकको सहयोग अर्कोलाई अति आवश्यक देखिन्छ । बहाकोट गा.वि.स. वडा नं. ३, ४ र ७ मा रहेका संपूर्ण जातिको आ-आफ्नो परम्परा, धर्म, संस्कृति, रहन-सहन आदि भएको पाइन्छ । यहाँका दमाईहरुमा रुढीगत धारणा र परम्पराले अझै पनि आफ्नो प्रभुत्व जमाएको छ । यिनीहरुमा ईश्वरमा भर पर्ने, धामी, झाक्री मान्ने, देवी देवतामा आस्था राख्ने, विरामी भएमा वोका, कुखुराको भाले आदि भाकल गर्ने जस्ता परम्परागत अन्धविश्वास प्रचलित रुपमा रहेको देखिन्छ । यसरी आफ्नो संस्कार अनुरुप कार्य गर्ने भएकोले यिनीहरुको जनजीवन प्रायः पुरानै धारणा र शैलीमा हुर्किदै आएको देखिन्छ ।

## ५.१.६ रहन–सहन तथा खानपीनः

यहाँ बस्ने दमाई जातिको रहन-सहन सामान्य देखिन्छ । दैनिक चल्ने जीवन प्रक्रियालाई सरल र सुगम बनाउन अनि व्यवहारिक बनाउन यिनीहरुले आफ्नै प्रकारको चलन र रहन-सहन

प्रक्रिया अंगाल्दै आएका छन् । आर्थिक, भौगोलिक र सांस्कृतिक विविधताले रहन-सहनमा भिन्नता ल्याएको पाइन्छ ।

यहाँ बसोबास गर्ने दमाईहरु साधारणतया भात, दाल, कोदाको रोटी, ढिंडो, मकै, आटो, तरकारी खाने गर्दछन् । प्रायजसो यिनीहरु दाल र तरकारी एक चोटी पकाएर खादैनन् अर्थात् कि त दाल मात्र पकाउछन् कि त तरकारी मात्र । यसमा आर्थिक तथा व्यवहारिक दुवै प्रकारका कठिनाई हुन सक्छन् । आर्थिक दृष्टिले पछाडी नै रहेको यो जाति संधैभरि काममा व्यस्त रहनुपर्ने हुनाले दाल, तरकारी, अचार आदि परिकार बनाई खाने समय पनि हुँदैन र त्यति पुगीसरी आएका पनि हुँदैनन् । जातीय परम्परा अनुसार कुखुरा, सुगुर, भैसी, भेडा, खसी आदिको मासु खाने गरेको उनीहरु बताउँछन् ।

## ५.१.७ भाषा र धर्म

बहाकोट गा.वि.स. मा बसोबास गर्ने दमाई जातिको मुख्य भाषा नेपाली हो । यिनीहरुलाई नेपाली भाषा बुझ्न साह्रै गाह्रो लाग्दैन । यिनीहरुको आपसमा बोलचालको भाषा समेत नेपाली नै हो । यिनीहरु हिन्दु धर्म मान्दछन् । उनीहरु भीमसेनको पूजा गर्छन् । भीमसेनलाई वीरताको प्रतीक मानेर पुज्दै आएको उनीहरु बताउँछन् । भीमसेनका साथै उनीहरु महादेव, पार्वती, विष्णु, भगवती आदिको पनि पूजा गर्छन् । खास गरी उनीहरु दैवी शक्ति र प्राकृतिक धर्ममा विश्वास गर्दछन् । यिनीहरुले वर्षमा एक पटक घरैमा कुलपूजा गर्छन् । कुलपूजामा सगोत्रबाहेक अरुलाई समावेश गराउँदैनन् ।

## ५.१.८ वस्त्र तथा आभूषणः

यस गा.वि.स.मा बसोबास गर्ने दमाईहरुले टोपी, लबेदा, सुरुवाल, कमिज, पाइन्ट, कोट, इस्टकोट लगाउने गरेको पाइयो । ५०-६० वर्ष काटेका वृद्धहरुको टाउकोमा मात्र ढाकाटोपी देखियो भने केही युवाहरुको शिरमा पाली टोपी (Peak Cap) देखियो । अधिकांश युवाहरु टोपी विनाको टाउकोमा रहेको पाइयो । युवाहरुको पोशाकमा सर्टपाइन्ट नै बढी देखियो । महिलाहरुले लगाउने पोशाकमा चोलो, फरिया, लुङ्गी, गुन्यु, पेटिकोट र पटुका प्रमुख देखिए । अधिकांश युवतीहरुले कुर्तासुरुवाल लगाउन थालेको पाइयो ।

आभूषणका हकमा यिनीहरुले सुन र चाँदी दुवै धातुबाट बनेका गहना लगाउने गरेको पाइयो । विवाहित महिलाले घाँटीमा पोते र सिउँदामा सिन्दुर तथा नाकमा फुली, बुलाकी र कानमा रिङ, मुद्रा आदि लगाउने गरेको पाइयो । हाल नक्कली सुन (रोलगोल) का विभिन्न गहनाहरु लगाउने क्रम महिलाहरुमा तीव्र हुँदै गएको देखिन्छ ।

## ५.१.९ चाडपर्वहरुः

दमाई जाति हिन्दू धर्मावलम्बी जाति नै भएकाले यिनीहरुले पनि दसै, तिहार, तीज, शिवरात्रि, जनैपूर्णिमा, श्रीकृष्णाष्टमी, नागपञ्चमी, माघे संक्रान्ति, सरस्वतीपूजा जस्ता

चाडपर्वहरु आफ्नो गच्छेअनुसार मनाउने गर्छन् । विशेष गरी पुरुषहरु यस्ता चावडपर्वहरुमा बढी जाँड-रक्सी पिएर अनावश्यक कराउदै हिड्ने गरेको पनि पाइयो ।

## ५.१.१० विभिन्न संस्कारहरुः

दमाई जातिमा मानिस जन्मेदेखि मृत्युसम्म विभिन्न संस्कारहरु गर्ने गरिन्छ । यी संस्कारहरुका बारेमा संक्षिप्त रुपमा निम्न अनुसार वर्णन गरिन्छ ।

क) जन्म

दमाई जतिमा छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिने चलन छ । प्रायः सबै जातिहरुमा यस्तो विश्वास रहेको पाइन्छ । यहाँका दमाईहरु छोरा जन्मेको छैटौं दिनमा छैटी गर्छन् । छैटीका दिनमा बालकको सिरानीमा एकमाना चामल र फूल राखिदिन्छन्  र रातभरि तोरीको तेलमा दियो बालिराख्छन् । छैटीको राती देवी आएर बच्चाको निधारमा भाग्य लेखिदिन्छिन भन्ने विश्वास गर्छन् । बच्चा जन्मेको दिनदेखि न्वारनका दिनसम्म बच्चाकी आमालाई कुनामा राखिन्छ । यस वीचमा उनलाई कसैले छुनुहुँदैन । बच्चा जन्मेको एघारौ दिनमा न्वारन गर्ने चलन छ । न्वारनका दिनमा बच्चाको नामकरण गरिन्छ र त्यसै दिनदेखि सुतक पनि सकिन्छ । सुतक चोख्याउन गाईको गहुँत घरभरि छर्किने काम हुन्छ । न्वारनको काम दमाईहरु ज्वाइँ अथवा भान्जाबाट सम्पन्न गराउँछन् । न्वारनमा भोज गर्ने चलन छ । भोजमा जांडरक्सी नभई हुँदैन । न्वारनमा पुरेतले जुराइदिएको नाम यिनीहरु गोप्य नै राख्छन् । त्यो नाम सबैलाई थाहा भएमा हानि हुन्छ भन्न्ने विश्वास यिनीहरुमा छ । वोलाउने नाम घरका ज्येष्ठ सदस्यले राखिदिन्छन् र त्यही नामबाट ऊ समाजमा चिनिन्छ ।

ख) पास्नी

पास्नी भनेको  अन्नप्राशन संस्कार हो । दमाईहरु बच्चा जन्मेको पाँच महिनामा छोरीको र छ महिनामा छोराको पास्नी वा भात ख्वाई गर्दछन् । अन्न प्राशन गर्दा बालकलाई नयाँ लुगा लगाइदिन्छन् । पास्नीमा निमन्त्रणा गरिएका इष्टमित्रलाई भोज भतेर गर्ने चलन छ । बालबालिकालाई भात खुवाउनेहरुले गच्छे अनुसारको उपहार दिने चलन छ ।

ग) ब्रतबन्धः

नेपालका अन्य क्षेत्रहरुमा बसोबास गर्ने दमाईहरुमा बालकको उमेर सात वर्षदेखि दश वर्ष पुगेपछि ब्रतबन्ध गरिदिने प्रचलन छ । यिनीहरु पन्ध्र वर्ष नघाउनचाहिं हुँदैन भन्दछन् । ब्रतबन्ध गर्दा मामाका हातबाट कपाल खौरिन लगाउँछन्  तर टुप्पीचाहिं खौरिदैनन् । ब्रतबन्ध गर्दा दमाई जातिमा बालकलाई गाईका दाम्लामा बाँधेर मामाले कपाल खौरिने चलन छ । तर यहाँका दमाईहरुमा हालसम्म कुनै बालकको ब्रतबन्ध गरिएको भेटिएन । यसै क्रममा स्थानीय पुरेत चुडामणि परियार वताउँछन्-“आगामी दिनहरुमा हाम्रो समाजमा पनि बालकहरुको ब्रतबन्ध गरिदिने योजना वनेको छ ।”

घ) विवाह:

दमाई जातिमा मागी विवाह, प्रेम विवाह र जारी विवाह प्रचलनमा रहेको पाइन्छ । मागी विवाह गर्दा केटाका तर्फबाट केटीका घरमा लमी पठाउने चलन छ । त्यही लमीले नै केटीका घरमा गएर कुरा चलाउँछ । केटीका तर्फबाट उक्त प्रस्ताव मञ्जुर भयो भने केटी पक्षले चारपांच बोतल रक्सी टक्र्याउछन् । त्यसलाई भुटको जुटाउने भनिन्छ । त्यसपछि मात्र विवाहको तिथि तय हुन्छ । दमाई समुदायमा विवाह प्राय: १६ वर्षदेखि २० वर्षसम्मको उमेरमा गर्ने चलन देखियो । यो जातिमा मागी विवाह नै राम्रो ठानिन्छ । अन्तरजातीय विवाह उनीहरुमा मनाही ठानिए तापनि हाल यदाकदा अन्तरजातीय विवाह हुन थालेको पाइन्छ । अध्ययनको क्रममा जम्मा दुई परिवारमा अन्तरजातीय विवाह भएको पाइयो ।

ङ) मृत्यु:

अन्य संस्कार जस्तै मृत्यु संस्कार पनि दमाई जातिको एक प्रमुख संस्कार हो । यो हिन्दू धर्ममा आस्था राख्ने जाति भएकोले मृत आत्माको मोक्ष प्राप्तिको लागि मृत्यु संस्कार गर्ने परम्परा रहेको छ । मृत्यु भएको घरमा दाजुभाइ र छिमेकीहरु जम्मा हुन्छन् । उनीहरुले लाशलाई खोलाको किनारमा लगेर दोभानमा जलाउँछन् । अरु जातिले लाश छुँदैनन् । अन्य जातिले बाटो दाउरा लगायत अन्य वस्तुहरु लिएर घाटमा जान्छन् । मृतकका छोराहरु कपाल खौरी सेतोकपडा बेरेर किरिया संस्कारमा बस्छन् । छोरा-बुहारी र मृतककी पत्नी १३ दिनसम्म किरिया बस्नुपर्छ भने छोरीहरु पाँचौ दिनसम्म मात्र । उनीहरुमा १३ दिनसम्म जुठो बार्ने चलन छ । १३ दिनसम्म जुठो बार्नुपर्नेले नुन खाँदैनन् । १३ औं दिनको शुद्धिकार्य पुरेतद्वारा सम्पन्न गराउँछन् । पुरेतको काम भान्जा अथवा ज्वाइँबाट गराउँछन् । शुद्धिका दिनमा मलामी र इष्टमित्रहरुलाई भोज खुवाउने चलन छ । उक्त दिनमा ऋण गरेरै भए पनि मृत आत्माको चिर शान्ति र मोक्ष प्राप्तिको लागि पुरोहितलाई कपडा, भाडाँकुँडा, अनाज, नगद आदि दान दिएर विदा गर्ने प्रचलन रहेको स्थानीय पुरेत चुडामणि परियार बताउँछन् । यिनीहरुमा एक वर्षसम्म बरखी बार्ने चलन रहेको पाइयो । बरखी सकिंदाका दिन श्राद्ध गरी प्रत्येक वर्ष मृत्युको तिथि पारेर श्राद्ध गर्ने प्रचलन रहेको पाइयो ।

## ५.१.११ दमाई जातिको शैक्षिक अवस्था

यस गा.वि.स.मा बसोबास गर्ने दमाई जातिको शैक्षिक अवस्था अति न्यून भएको पाइएको छ । सबैका लागि शिक्षा अन्तर्गत नेपाल सरकारबाट दलितहरुको शैक्षिक स्थितिमा सधार गर्नको लागि दलित छात्रवृत्ति व्यवस्था गरे तापनि दलित अभिभावकहरुले आफ्ना बालबच्चाहरुको शिक्षाप्रति खासै चासो राखेको पाइँदैन । विशेष गरी प्रा.वि. तहमा पढ्ने दमाई समुदायका धन्दै आधासरो विद्यार्थीहरुसंग किताव, कापी, कलम जस्ता अत्यावश्यक शैक्षिक सामग्रीहरु नै हुँदैनन् । यो अनुसन्धान कर्ताले देखे भोगेको अनुभव हो । त्यस्तै निम्न माध्यमिक तह उत्तीर्ण गरेपछि दमाई युवाहरु पढ्न छाडेर अन्य पेशातिर लाग्ने गरेको पाइन्छ । हालका दिनहरुमा त झन् पढदा-पढ्दै वीचैमा छाडेर वैदेशिक रोजगारको खोजीमा लाग्ने क्रम बढ्दो

छ । आजको २१ औं शताब्दीमा पनि यहाँका दमाई विद्यार्थीहरु मध्ये एक जनाले पनि प्रमाणपत्र तह उत्तीर्ण गरेको भेटिएन । यहाँका दमाईहरु १८.६७ प्रतिशत त निरक्षर नै छन् । दमाई समुदायका अति विपन्न परिवारका केही छात्राहरुलाई हेफर इन्टरनेशनल नेपालले किताब, कापी, झोला, पोशाक लगायत विभिन्न शैक्षिक शुल्क समेत उपलब्ध गराई सहयोग पुर्‍याएको पाइयो ।

"भोकालाई एक छाक भोजन होइन जिउने जुक्ति सिकाऔं" (Not a cup of milk but a cow) भन्ने मूल मन्त्रका साथ हेफर इन्टरनेशनलको स्थापना सन् १९४४ मा अमेरिकामा भएको हो । यो संस्था अमेरिकी नागरिक डान वेष्टले गर्नु भएको हो । अहिले सम्म यस संस्थाले विश्वभरका लाखौं गरिब परिवारलाई सेवा उपलब्ध गराइसकेको छ । नेपालमा हेफर इन्टरनेशनलले सन् १९५० को दशकमा तत्कालीन सरकारको अनुरोधमा उन्नत नश्लका भेडा, बंगुर, गाई र सांढेहरु उपलब्ध गराएर सहयोगको शुरुवात गरेको थियो । यस संस्थाले स्थानीय गैरसरकारी संस्थासंगको साझेदारीमा गरिब समुदायहरुलाई सहायता स्वरुप पशुधन, ज्ञान र सिपको उपहार प्रदान गर्दछ साथै उनीहरुको दृष्टिकोण र व्यवहारमा सकरात्मक परिवर्तन गरी सर्बाङ्गीण विकासमा सहयोग गर्दछ (हेफर, २०६३) ।

यहाँका दमाई जातिको शैक्षिक अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७**

दमाई जातिको शैक्षिक अवस्थाको विवरण:

| शैक्षिक स्तर | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| निरक्षर | १४ | २८ | ४२ | १८.६७% |
| साक्षर ( साधारण) | १९ | २४ | ४३ | १९.११% |
| पूर्व प्राथमिक तह उत्तीर्ण | ४ | ३ | ७ | ३.११% |
| कक्षा १-५ उत्तीर्ण | ४२ | २० | ६२ | २७.५६% |
| कक्षा ६-८ उत्तर्णि | १९ | १४ | ३३ | १४.६७% |
| कक्षा ९-१० उत्तीर्ण | ५ | १ | ६ | २.६७% |
| एस.एल.सी.उत्तीर्ण | ७ | २ | ९ | ४.००% |
| प्रमाणपत्र तह उत्तीर्ण | ० | ० | ० | ० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाले दमाई जातिको कूल जनसंख्या २२५ मध्ये १८.६७% निरक्षर रहेको देखाउँछ । त्यस्तै १९.११% सामान्य साक्षर रहेको र ३.११% बालबच्चाहरुले पूर्व प्राथमिक तह उत्तीर्ण गरेको देखिन्छ । प्राथमिक तहको शिक्षा पूरा गर्नेहरुको प्रतिशत २७.५६% र निम्न माध्यमिक तह उत्तीर्ण गर्नेहरु १४.६७% रहेको पाइयो । यसै गरी २.६७% ले मात्र कक्षा ९-१० उत्तीर्ण गरेको र यसमा महिलाको संख्या १ मात्र रहेको पाइयो । हरेक वर्ष नेपालमा ठूलो संख्यामा विद्यार्थीहरु एस.एल.सी. परीक्षा उत्तीर्ण गर्दछन् । तर यहाँको दमाई समुदायमा

हालसम्म जम्मा नौ जनाले अर्थात् ४% ले मात्र एस.एल.सी. परीक्षा द्वितीय तथा तृतीय श्रेणीमा उत्तीर्ण गरेको पाइयो । त्यस्तै हालसम्म यहाँका दमाई विद्यार्थीहरुमध्ये १ जनाले पनि प्रमाणपत्र तह उत्तीर्ण गरेको पाइएन । ४ जना पुरुष विद्यार्थीहरु हाल प्रमाणपत्र तहमा अध्ययनरत रहेको पाइयो । उनीहरुले सो तह पूरा गर्ने वा नगर्ने कुरा भविष्यले देखाउँनेछ । यहाँ बाँकी १०.२२ % मध्ये २.६७ % बालबच्चाहरु शिशु कक्षामा पढ्ने गरेको र ७.५५ % को विद्यालय उमेर नपुगेको पाइयो ।

अध्ययनको क्रममा हाल दमाई जातिका विद्यार्थीहरुले अध्ययन गर्दै गरेको कक्षा र उनीहरुको संख्या पनि एकिन गर्ने प्रयास गरिएको थियो । यस प्रयास अनुरुप प्राप्त भएको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

## तालिका ५.८

दमाई जातिका अध्ययनरत केटाकेटीहरुको कक्षागत विवरणः

| अध्ययनरत कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| पूर्व प्राथमिक तह | २ | ६ | ८ |
| १ | ५ | १ | ६ |
| २ | ९ | ७ | १६ |
| ३ | २ | ४ | ६ |
| ४ | ६ | ४ | १० |
| ५ | ४ | १ | ५ |
| ६ | ४ | ० | ४ |
| ७ | ० | १ | १ |
| ८ | २ | ४ | ६ |
| ९ | १ | २ | ३ |
| १० | २ | ० | २ |
| प्रमाण पत्र तह | ४ | ० | ४ |
| स्नातक तह | ० | ० | ० |
| जम्मा | ४१ | ३० | ७१ |

स्रोतः स्थलगत सर्बेक्षण २०६५

उपरोक्त तालिकाले के देखाउँछ भने हाल विद्यालय तथा क्याम्पसमा अध्ययनरत दमाई जातिका विद्यार्थीहरुमा छात्राको तुलनामा छात्रको संख्या बढी छ । हाल जम्मा अध्ययनरत ७१ जना विद्यार्थीहरुमा छात्रको संख्या ४१ र छात्राको संख्या ३० रहेको पाइयो । कतिपय कक्षामा त छात्राको संख्या शून्य नै देखिन्छ । माथिल्लो कक्षामा अध्ययन गर्ने केटाकेटीहरुको संख्या घट्दै गएको पाइन्छ । हाल प्रमाणपत्र तहमा अध्ययन गर्ने छात्रहरुको संख्या ४ छ भने छात्राको संख्या

शून्य नै छ । स्नातक तहमा अध्ययन गर्ने केटा केटी भेटिएनन् । अध्ययनका क्रममा दमाई समुदायका विद्यार्थीहरुको पढाइको स्तर तुलनात्मक रुपमा कमजोर रहेको पनि पाइयो । यसमा मुख्यतया उनीहरुको आर्थिक अवस्था  र पारिवारिक वातावरण जिम्मेवार रहेको पाइयो ।

### ५.१.१२ बैबाहिक स्थितिः

यहाँका दमाई जातिको सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक आदि पक्षहरुको जानकारी प्राप्त गर्ने उद्देश्यले गर्न लागिएको यस अध्ययनमा उत्तरदाताको रुपमा २९ जना पुरुष र १६ जना महिलाहरु छनौट गरिएको थियो । उनीहरुको बैबाहिक स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ५.९

दमाई जातिको बैबाहिक स्थितिः

| वैवाहक स्थिति | उत्तरदाता संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| विवाहित | २३ | १५ | ३८ | ८४.४४% |
| अविवाहित | ६ | १ | ७ | १५.५६% |
| जम्मा | २९ | १६ | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिका अनुसार अधिकांश (८४.४४%) दमाईहरु बिबाहित रहेको स्पष्ट हुन्छ भने जम्मा १५.५६ % दमाईहरु मात्र अबिबाहित रहेको देखिन्छ । दमाई समुदायमा आफ्नै जातिभित्र विवाह गर्ने प्रचलन छ । १-२ जना दमाईहरुले अन्तरजातीय विवाह गरेको पाइएको थियो , जसलाई तालिका ५.१० मा उल्लेख गरिएको छ ।

## तालिका ५.१०

दमाई जातिको अन्य जातिसंगको वैवाहिक संबन्धः

| वैवाहिक संबन्ध | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कायम भएको | २ | ४.४४% |
| कायम नभएको | ४३ | ९५.५६% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्बेक्षण २०६५

उपरोक्त तालिका अनुसार दमाई जातिमा अन्तरजातीय बैबाहिक संबन्ध कायम भएको जम्मा ४.४४% मात्र देखिन्छ । आर्थात २ जना दमाईहरुले आफ्नो जात भन्दा फरक जातको माहिलासंग विवाह गरेको पाइयो । एकजना दमाई केटाले क्षेत्री केटीसंग र एकजनाले मगर केटीसंग विवाह गरेको पाइयो । तर ती केटीहरुले आफ्नै जातको केटासंग भएको बैबाहिक संबन्ध तोडेर दमाई जातका केटाहरुसंग पुनः विवाह गरको थाहा भयो । ती दुई जोडी दाम्पत्यको कुनै पनि सन्तान नभएको पनि अध्ययनबाट थाहा भएको थियो । त्यस्तै ९५.५६% दमाईहरुको आफ्नै जातभित्र विवाह भएको तालिकाबाट स्पष्ट हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने दमाई जातिमा अन्तरजातीय विवाह गर्ने परिपाटीको खासै विकास भएको छैन ।

यसै क्रममा उनीहरुका बालबच्चाहरु कुन ठाउँमा जन्मेका हुन्, सो बारे बुझ्ने प्रयास गरिएको थियो । यस संबन्धमा उत्तरदाताहरुबाट प्राप्त भएको जानकारीलाई निम्न तालिकामा प्रस्तुत् गरिएको छ ।

## तालिका ५.११

दमाई जातिका सन्तानहरुको जन्मठाउँको विवरणः

| विवरण (जन्म ठाउँ) | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| घरैमा | २० | ४४.४४% |
| अस्पतालमा | ६ | १३.३४% |
| घर तथा अस्पतालमा | ९ | २०.००% |
| सन्तान नभएका | १० | २२.२२% |
| जम्मा | ४५ | १०००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिका अनुसार दमाई समुदायका अधिकांश (४४.४४%) बालबच्चाहरु आफ्नै घरमा जन्मेको थाहा हुन्छ । उनीहरुका १३.३४% सन्तानहरु अस्पतालमा जन्मेका र २० % चाही कोही घरैमा र कोही अस्पतालमा जन्मेको स्पष्ट हुन्छ । यसबाट सन्तान जन्मने समयमा उनीहरु त्यति सम्बेदनशील नभएको आभाष हुन्छ । अध्ययनका क्रममा २२.२२% उत्तरदाताहरुको कुनै सन्तान नभएको पनि पाइयो ।

## ५.१.१३ परिवार नियोजन संबन्धी धारणा :

दमाई समुदायमा करिब १९ % मानिसहरु निरक्षर रहेको कुरा तालिका नं. १० मा उल्लेख गरिसकिएको छ । सायद यही अज्ञानताको कारणले होला अधिकांश परिवारमा केटाकेटीहरुको संख्या धेरै रहेको पाइयो । बिशेष गरी बृद्धबृद्धाहरुले आफ्नो पालामा परिवार नियोजन संबन्धी थाहा नभएको कुरा बताउँछन् । यस संबन्धमा उनीहरुबाट पाइएको प्रतिकृयालाई तालिका ५.१२ मा उल्लेख गरिएको छ ।

## तालिका ५.१२

परिवार नियोजन संबन्धी दमाईहरुको धारणा संबन्धी विवरण:

| धारणा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| स्थायी नियोजन गर्नुपर्छ | २७ | ६० % |
| अस्थायी नियोजन गर्नुपर्छ | ११ | २४.४४ % |
| परिवार नियोजन गर्नु हुँदैन | ४ | ८.८९ % |
| थाहा छैन | ३ | ६.६७ % |
| जम्मा | ४५ | १०००% |

स्रोत: स्थलगत सर्वेक्षण २०६५

यस तालिकामा देखाइए अनुसार ६.६७ % दमाईहरु परिवार नियोजनको बारेमा आफूहरु अनभिज्ञ रहेको बताए । त्यस्तै ८.८९% प्रतिशतले यस बारेमा असहमति जनाए । उनीहरुको धारण थियो -"स्थायी तथा अस्थायी नियोजन गर्नुहुँदैन । यो फाप र अफाप हुन्छ । भगवानले जति दिन्छन्, हात थाप्नुपर्छ ।" तर २४.४४% ले भने आफूले चाहेको बेलामा सन्तान जन्माउन सकिने भएको हुँदा अस्थायी नियोजन गर्नुपर्छ भन्ने धारणा व्यक्त गरे । अधिकांश अर्थात् ६० % दमाईहरु स्थायी नियोजन प्रति नै सकरात्मक देखिए । विशेष गरी पहिले आफूले नजान्दा धेरै सन्तानहरु भएका र उनीहरुलाई पालन-पोषण गर्न अहिले अति नै कठिन भएका परिवार र आजका युवा- युवतीहरुको यस्तो किसिमको राय पाइएको थियो । आफ्नो धारणा अनुसार उनीहरुले परिवार नियोजनका स्थायी तथा अस्थायी साधनहरु प्रयोग गर्ने गरेको पनि अनुसन्धानबाट थाहा भएको थियो ।

### ५.१.१४ दमाई जातिको राजनैतिक अवस्था:

बहाकोट गा.वि.स. मा बसोबास गर्ने दमाई समुदायका मानिसहरुको राजनैतिक क्षेत्रमा कुनै पहुँच देखिदैन । राजनैतिक दृष्टिकोणले उनीहरु भोटरहरु मात्रै हुन् । स्थानीय जनप्रतिनिधिमा समेत यिनीहरुको स्थान छैन । बरु सामाजिक समूह तथा संस्थाहरुमा भने थोरै संख्यामा भए पनि यिनीहरुको प्रतिनिधित्व रहेको पाइयो । उत्तरदाताहरुको रुपमा छानिएका ४५ जना मध्ये ११ जना अर्थात् २४.४४% कुनै न कुनै सामाजिक समूह तथा संस्थाको सदस्य रहेको पाइयो भने ३४ जना अर्थात् ७५.५६ % कुनै पनि समूहमा आबद्ध नरहेको पाइयो । यसरी ठूलो संख्यामा उनीहरुको संलग्नता नरहनुको कारणहरुमा समाजमा विद्यमान छुवाछुत प्रथा, शैक्षिक पछौटेपन, गरिबीका कारण कुनै न कुनै पेशामा व्यस्त रहनुपर्ने बाध्यता आदि हुन् ।

दमाई जातिका मानिसहरु के कस्ता सामजिक समूह तथा संस्थाहरुमा संलग्न रहेका छन् त भन्ने बारे बुझ्न गरिएको सर्वेक्षणमा प्राप्त भएको जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ५.१३

दमाईहरुको संलग्नता रहेका सामाजिक समूह (संस्था) हरुको विवरण:

| सामाजिक समूहहरु | उत्तारदाता संख्या | प्रतिशत |
|---|---|---|
| स्थानीय आमा समूह | ६ | १३.३३% |
| सिर्जनशील दलित उत्थान समूह | ५ | ११.११% |
| हेफर इन्टरनेशनल नेपाल | ३ | ६.६७ % |
| छिमेकी बैंक | २ | ४.४४ % |

स्रोत: स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिका अनुसार १३.३३% महिलाहरु स्थानीय आमा समूहको सदस्य रहेको पाइयो । यसैगरी सिर्जनशील दलित उत्थान समूहमा ११.११% आबद्ध रहेको, ६.६७% हेफर इन्टरनेशनल नेपालको सदस्य र ४.४४% चाही छिमेकी बैंकको सदस्य रहेको पाइयो । बाँकी ६४.४५ % भने कुनै पनि समूह तथा संस्थामा आबद्ध नरहेको पाइयो ।

गाउँघरमा हुने छलफल तथा निर्णयहरुमा दमाईहरुको भूमिका कस्तो रहन्छ भन्ने बारे राखिएको जिज्ञासामा उनीहरुबाट मिश्रित प्रतिक्रिया प्राप्त भएको थियो । यसै क्रममा उनीहरुबाट थाहा हुन आएको जानकारीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ५.१४

गाउँघरमा हुने छलफल तथा निर्णयहरुमा दमाईहरुको भूमिका :

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| अत्यधिक संलग्नता | ८ | १७.७८ % |
| समान संलग्नता | ९ | २०.००% |
| कम संलग्नता | २२ | ४८.८९% |
| संलग्नता नभएका | ६ | १३.३३% |
| जम्मा | ४५ | १००% |

स्रोत: स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाले गाउँघरमा हुने छलफल तथा निर्णयहरुमा १७.७८% दमाईहरुको अत्यधिक संलग्नता रहने कुरा बताउँछ । यसमा विशेष गरी कटुवालको काम गर्ने दमाईहरु रहेको पाइयो । यसै गरी समाजका अन्य जातहरु सरह २० % दमाईहरुको संलग्नता रहने गरेको पाइयो भने ४८.८९% दमाईहरुको यस्तो कार्यक्रममा कम संलग्नता देखियो । यसमा

विशेष गरी स्वदेश तथा विदेशमा नोकरी गर्ने व्यक्तिहरु रहेको पाइयो । तर १३.३३% दमाईहरु भने यस्तो छलफल तथा निर्णयहरुमा उपस्थित नहुने गरेको पाइयो ।

### ५.१.१५ दमाई जातिको अन्य जात-जातिसंगको अन्तर संबन्धः

यहाँका दमाई जातिको वस्ती रहेका वडाहरुमा वडा नं.३, वडा नं.४ र वडा नं. ७ हुन् । यी वडाहरुमा गुरुङ्ग, मगर, भुजेल र ठकुरी जातिको पनि बस्ती रहेको छ । दमाई जातिले यहाँ बस्ने सबै जात जातिसंग सौहार्दपूर्ण संबन्ध कायम गरेको छ । खास गरी यहाँ बस्ने प्रत्येक जातिहरु आ-आफ्नो जीवन संचालनका लागि एक अर्कामाथि निर्भर रहनुपर्ने हुनाले संबन्ध सौहार्दपूर्ण रहनु स्वभाविक हो । दमाई जातिका काम गर्न सक्ने पुरुष, महिला तथा केटाकटीहरु ठकुरी, गुरुङ्ग, मगर, भुजेल कहाँ काम गरी ज्याला ल्याई जीवन चलाउँछन् । यसरी दमाईहरुले समाजका अन्य जातिलाई कामकाज तथा अन्य धरै कुराहरुमा सहयोग पुर्याई रहेका हुन्छन् भने यसको बदला अन्य जातिहरुले पनि उनीहरुलाई मागेको बेला अन्न, बिरामी पर्दा औषधि उपचारका लागि आर्थिक सहयोग पुरयाएका हुन्छन् ।

यसरी दमाई र छिमेकका अन्य जातिहरु बीच घनिष्ट संबन्ध रहे तापनि छुवाछुतको भावना भने पूर्ण रुपमा हट्न सकेको छैन । विगतको तुलनामा हाल धेरै परिवर्तन भएको छ तर छुवाछुत प्रथा पूर्णतः हटेको छैन । अध्ययनका क्रममा सबै दमाईहरुले छुवाछुतको भावना ठकुरी जातिमा सबभन्दा बढी रहेको बताए । त्यसपछि क्रमशः मगर, भुजेल र गुरुङ्गमा रहेको पाइयो । मठ, मन्दिरभित्र प्रवेश गरी पाठ, पूजा गर्न नपाइने परम्परा यथावत् रहेको उनीहरु बताउँछन् ।

यस जातिमा परम्परागत रुपमा नै जाड-रक्सी आदि लागु पदार्थ सेवन गर्ने प्रचलन छ । यस प्रचलनले गर्दा आपसी झै-झगडा भई अन्य जातिहरुको कुटाई समेत खानुपरेका घटनाहरु पाइन्छन् । यस जातिका महिला र पुरुष दुवैमा सानै उमेर देखि चुरोट, विडी तथा रक्सीको दुर्व्यसनमा लाग्ने बानी रहेको पाइन्छ । यस्ता बस्तुहरुमा बढी खर्च गर्ने हुनाले यिनीहरुको आर्थिक स्तर न्यून हुनुको मूल कारक तत्व पनि यही बानी बनेको छ ।

## ५.२ आर्थिक अवस्था

### ५.२.१ परिचयः

इतिहासको कालखण्डमा कानुनी रुपमा नै श्रम विभाजनको माध्यमबाट दासता लादिएको वर्तमानमा पनि श्रम, सीप र कलाका धनी दलितहरुको अवस्था अन्य समुदायको तुलनामा निकै कमजोर रहेको छ र चोधौ शताब्दीमा राजा जयस्तिति मल्ल (१४३८-१४५२) ले जातका आधारमा श्रम विभाजन गरी स्वेच्छाले पेशा र रोजगारी गर्न पाउने अधिकारबाट बञ्चित गरेका थिए, भने प्रधानमन्त्री जंगबहादुर राणाले मुलुकी ऐन मार्फत जातीय छुवाछुतलाई कडाइका साथ लागू गरी दलित समुदायलाई आर्थिक गतिविधि गर्न प्रत्यक्ष-

अप्रत्यक्ष रुपमा निषेध गरे । यसरी राज्यबाट नै करिब सात सय वर्ष देखि जातपात र छुवाछुतले गर्दा दलितहरु आर्थिक उन्नतिमा अग्रसर हुन सकेनन । सामाजिक कु-संस्कार र त्यसमा बिकसित कु-प्रवृत्तिले दलित समुदायको पीडा, उनीहरुको सन्तान दर सन्तानमा पनि पर्दै आयो । वास्तवमा तराई तथा पहाडी क्षेत्रका दलित समुदाय भूमिहीन छन् । उनीहरुसंग खेती गर्ने भूमि छैन । तराई नेपालको अन्न भण्डार हो भनिन्छ तर भूमिहीन जनता सबैभन्दा बढी तराइमा पाइन्छन् । यो एउटा बिडम्बना हो । अर्को शब्दमा भन्दा भूमिहीनताको विषय पहाडी दलितको भन्दा तराई दलितको विषयमा निकै गम्भीर छ ।

एक प्रतिवेदन अनुसार मुलुकको कृषियोग्य भूमिको एक प्रतिशत पनि दलित समुदायले ओगट्दैन भन्ने निष्कर्ष निकालिएको छ । कृषियोग्य भूमिहीनता कै कारण अधिकांश दलित समुदाय अर्काको खेतबारीमा काम गर्न विवश छन् । कृषि श्रमिकको रुपमा काम गर्ने जग्गा विहीन दलितहरु प्रायः बधुवा कृषि श्रमिकको रुपमा काम गर्ने गर्छन् । मधेशका हरुवा, चरुवा, तथा पहाडमा हली, गोठालो भएर काम गर्ने अधिकांश दलित जातिका श्रमिकहरु रहेको पाइन्छ । बाबुबाजेले वा आफैले खाएको ऋणको मारमा परेका दलित कृषि श्रमिकहरुको ज्याला थोरै हुन्छ । कृषि उपार्जन बाट पनि दलित समुदायको आर्थिक अवस्था माथि उठ्न सकेको छैन ।

दलितहरु कला र सीपमा धनी रहे तापनि उनीहरुको परम्परागत जातीय पेशाले दलित समुदायको आर्थिक स्तर अपेक्षित ढङ्गले उठाउन सहयोग पुर्‍याउन सकेको छैन । छुवाछुत, श्रमशोषण तथा श्रमको सम्मानको अभावका कारण अधिकांश दलितहरुको परम्परागत पेशामा सामाजिक कुप्रथाकै रुपमा विकसित भएको बालीघरे प्रथा, खलो उठाउने प्रथाले, अमर्यादित र कमजोर तुल्याएको छ । केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कलाई प्रयोग गरी नेपालको जातिगत रुपमा गरिबीको स्तर निर्धारण गर्दा दलितका तीन जाति कामी, दमाई र सार्की वीच गरिबीको स्तर राष्ट्रिय औषत दर भन्दा डेढ गुणा बढी रहेको छ । प्रत्येक १०० जना दलितहरुमध्ये करिब ६५ देखि ६८ जना गरिबीको रेखामुनि बाँच्न बाध्य छन् ( लाम्गादे, २०६१) ।

बहाकोट गा.वि.स. मा रहेका दलित अन्तर्गत दमाई जातिको आर्थिक अवस्था दयनीय रहेको छ । कपडा सिलाउने परम्परागत पेशा अधिकांश दमाईहरुले छाडिसकेका छन् । १-२ घर परिवार वाहेक अरु परिवारमा कपडा सिलाउने पेशा नरहेको पाइएको छ । ज्ञान र सीपका कमीले गर्दा आधुनिक डिजाइनका कपडाहरु सिलाउन उनीहरु सक्षम देखिदैनन् । जसले गर्दा उनीहरुको सिलाउने पेशा लोप हुने अवस्थामा छ । दमाई जातिको मुख्य पेशा कृषि हो तापनि खेतीपाती गरेर कमाई खाने जग्गा यस समुदायमा अति न्यून छ । अधिकांश दमाई परिवारमा खेत नभएको अनुसन्धानबाट थाहा हुन आएको छ । शिक्षाको कमीले गर्दा उनीहरुले स्वदेशमा रोजगार पाउन सकेका छैनन् । परिणाम स्वरुप यस समुदायका अधिकांश युवाहरु रोजगारीको सिलसिलामा भारत लगायत अन्य खाडी मुलुकहरुमा पुगेका छन् । वैदेशिक रोजगारमा लाग्ने घर परिवारमा त जेनतेन गुजारा चलेको छ भने अन्य परिवारका हकमा विहान बेलुका हातमुख जोर्ने उपाय समेत नभएको देखिन्छ । त्यस्ता परिवारहरुको लागि दैनिक मजदुरी बाहेक आम्दानीको अन्य स्रोत देखिदैन । आर्थिक विपन्नताको कारण यस समुदायका विद्यार्थीहरु एस.एल.सी. उत्तीर्ण गरेपछि अति न्यून संख्यामा प्रमाण पत्र तहको अध्ययनमा लागेको देखिन्छ ।

तर आश्चर्यजनक कुरा के छ भने हालसम्म यस समुदायबाट एकजनाले पनि प्रमाण पत्र तह उत्तीर्ण गरेको पाइएन ।

## ५.२.२ दमाई जातिको पेशाः

मानिसले आफ्नो दैनक जीवन यापनका लागि कुनै न कुनै व्यवसाय अपनाउनु पर्ने हुन्छ । अतः यहाँका दमाई जाति आफ्नो जीवन यापनका लागि विभिन्न पेशामा संलग्न रहेको पाइएको छ । यिनीहरुको पेशालाई मुख्य र सहायक पेशा गरी दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ । जसलाई तालिका ५.१५ र तालिका ५.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१५**

दमाई जातिको मुख्य पेशा संबन्धी विवरण :

| पेशा | उत्तरदाताको संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| कृषि | १० | ८ | १८ | ४०.००% |
| मजदुरी | ४ | ३ | ७ | १५.५७% |
| अध्ययन | ४ | १ | ५ | ११.११% |
| वैदेशिक रोजगार | १० | - | १० | २२.२२% |
| नोकरी | - | २ | २ | ४.४४% |
| सिलाई | १ | - | १ | १.२२% |
| पेशा नभएका | - | २ | २ | ४.४४% |
| जम्मा | २९ | १६ | ४५ | १००% |

स्रोतः स्थलगन सर्वेक्षण २०६५

उपरोक्त तालिकामा कृषिलाई मुख्य पेशाको रुपमा अंगाल्ने दमाईहरु ४० % देखिन्छ । त्यस्तै वैदेशिक रोजगारमा लाग्नेहरुको प्रतिशत २२.२२ % देखिन्छ । लामो समयको वैदेशिक रोजगार अर्थात् भारतीय सैनिक सेवाबाट ३ जना दमाईहरु पेन्सनमा फर्केको थाहा भयो । मुख्य पेशा मजदुरी भएका १५.५७% र अध्ययनमा लागेका ११.११% देखिन्छन्  तर अध्ययनमा लागेकाहरु पनि अन्य समय भने कृषि पेशामा ब्यस्त हुने गरेको पाइन्छ । यसै गरी सरकारी नोकरीमा संलग्न भएका ४.४४% देखिन्छन् । जसमा ४.४४% नै महिला छन् । परम्परागत सिलाई पेशालाई मुख्य पेशाको रुपमा लिने केवल १.२२% देखिन्छन् । यसै गरी कुनै पनि पेशा नअपनाएका ४.४४% देखिन्छन् । यसरी कुनै पनि पेशा नअपनाउनेहरुमा बृद्ध-वृद्धा र काखमा स-साना बच्चाहरु भएका महिलाहरु रहेको पाइयो । यस पेशाबाट आफ्नो जीवन असंभव भएकोले पेशा परिवर्तन गर्न बाध्य रहेको उनीहरु बताउँछन् ।

## तालिका ५.१६

दमाई जातिको सहायक पेशा संबन्धी विवरण :

| सहायक पेशा | उत्तरदाताको संख्या | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | | |
| कृषि | ८ | ४ | १२ | २६.६७% |
| मजदुरी | ५ | ९ | १४ | ३१.११% |
| डकर्मी/सिकर्मी | ६ | - | ६ | १३.३४% |
| उपल्लो जातको हलो जोत्ने | २ | - | २ | ४.४४% |
| कटुवाल पेशा | २ | - | २ | ४.४४% |
| बाजा बजाउने | १ | - | १ | २.२२% |
| डोका बुन्ने | १ | - | १ | २.२२% |
| पुरेत्याइँ | १ | - | १ | २.२२% |
| पेशा नभएको | ३ | ३ | ६ | १३.३४% |
| जम्मा | २९ | १६ | ४५ | १००% |

स्रोत: स्थलगत सर्बेक्षण २०६५

उपरोक्त तालिकाले के देखाउँछ भने आफ्नो मुख्य पेशाको अतिरिक्त जीवन निर्वाहको लागि विभिन्न सहायक पेशाहरु अपनाउनेहरु मध्ये २६.६७% ले कृषि पेशा गरेर, ३१.११% ले मजदुरी गरेर, १३.३४३% ले डकर्मी/सिकर्मी काम गरेर, ४.४४% ले उपल्लो जातको हलो जोतेर, ४.४४% ले कटुवाल पेशा अपनाएर जीवन निर्वाह गरेका छन् भने २.२२% ले बाजा बजाउने काम गरेर, २.२२ % ले डोका बुनी बिक्री गरेर, २.२२ % ले आफ्नै जातभित्र पुरेत काम गरेर आर्थिक जुटाएको पाइयो । तर १३.३४ % ले भने सहायक पेशाको रुपमा कुनै पेशा नगरेको पाइयो । यस प्रकार आफ्नो मुख्य पेशाबाट खान, लाउन नपुगी जीवन यापन गर्ने क्रममा सहायक पेशाका रुपमा विभिन्न पेशामा छरिएर आफ्नो र परिवारको पालन-पोषण गर्ने यहाँका अधिकांश दमाई परिवारको आर्थिक अवस्था नाजुक छ भन्ने कुरा प्रमाणित हुन्छ । जतिसुकै पेशा अपनाएर मेहनत गरे तापनि खान पुग्दैन भनेर उत्तरदाता हरि कुमार नेपाली बताउँछन् भने सुनमाया दर्जी लगातार काम नै पाइँदैन भनी दुखित छन् ।

### ५.२.३ भू-स्वामित्व :

यस गा.वि.स मा बसोबास गर्ने २९ परिवार दमाईहरु मध्ये अधिकांशको स्वामित्वमा रहेको जग्गाा अति नै थोरै भएको पाइएको छ । आफ्नो स्वामित्वमा रहेको जग्गामा यिनीहरु गच्छे अनुसारको घर, गोठ बनाई बसेका छन् । धेरैको घर र अलिकति सागपात लगाउने जग्गा बाहेक अन्य जग्गा नभएको पाइयो । खेत प्राय: दमाईहरुको छैन भने पनि हुन्छ । कृषि कार्यका लागि भूमिको ठूलो अभाव रहेको पाइन्छ । यिनीहरुको स्वामित्वमा रहेका जग्गा निम्न तालिकाहरुबाट स्पष्ट पार्ने प्रयास गरिएको छ ।

## तालिका ५.१७

दमाई जातिको स्वामित्वमा रहेको खेतको विवरण :

| खेतको क्षेत्रफल( रोपनीमा) | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| खेत नभएका | ४२ | ९३.३३% |
| १ रोपनी भन्दा कम खेत भएका | १ | २.२२% |
| १देखि २ रोपनी सम्म खेत भएका | २ | ४.४४% |
| जम्मा | ४५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाले ९३.३३ प्रतिशत दमाईहरुको खेत नभएको कुरा देखाउँछ । यसबाट दमाई जातिहरु भातको लागि पूर्ण रुपमा बजार उन्मुख हुनु पर्ने बाध्यता स्पष्ट हुन्छ । त्यस्तै २.२२ प्रतिशततको नाममात्रको खेत अर्थात १ रोपनी भन्दा पनि कम खेत रहेको र ४.४४ प्रशितसंग १ रोपनी देखि २ रोपनी सम्म खेत भएको देखिन्छ । यसै गरी दमाई जातिको स्वामित्वमा रहेको बारी/पाखोको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ५.१८

दमाई जातिको स्वामित्वमा रहेको बारी/पाखोको विवरण :

| बारी/पाखोको क्षेत्रफल (रोपनीमा) | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| बारी/पाखो नभएका | ६ | १३.३३% |
| १ रोपनी भन्दा कम भएका | १७ | ३७.७८% |
| १ देखि २ रोपनी सम्म भएका | १३ | २८.८९% |
| ३ देखि ५ रोपनी सम्म भएका | ६ | १३.३३% |
| ६ देखि ८ रोपनी सम्म भएका | ३ | ६.६७% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

तालिका अनुसार १३.३३ प्रतिशतको बारी/पाखो नभएको देखिन्छ । उनीहरुको खेतको पनि नामै छैन । घर र थोरै तरकारीवारी बाहेक उनीहरुको स्वामित्वमा रहेको अन्य जग्गा छैन । वास्तवमा उनीहरु भूमिहीन सरह नै हुन् । अरुको जग्गा अधियाँमा कमाई गरी वडो दुःखले दिन काट्न उनीहरु बाध्य छन् । त्यस्तै ३७.७८ प्रतिशतको १ रोपनी भन्दा कम, २८.८९ प्रतिशतको १ देखि २ रोपनी सम्म, १३.३३ प्रतिशतको ३ देखि ५ रोपनी सम्म र ६.६७ प्रतिशतको ६ देखि ८ रोपनी सम्म बारी/ पाखो रहेको देखिन्छ ।

### ५.२.४ दमाई जातिले लगाउने विभिन्न वालीहरु, वार्षिक उत्पादन र खान पुग्ने अवधिः

बहाकोट गा.वि. स. का अधिकांश मानिसहरुको मुख्य पेशा कृषि हो । यहाँका दमाई जातिहरुको स्वामित्वमा रहेको जग्गा अति न्यून भए तापनि आफ्नो र अर्काको जग्गा कमाएर

भए पनि यिनीहरुले विभिन्न खाद्य वालिहरु लगाउने गर्दछन् । कृषि ब्यवसाय अन्तर्गत यिनीहरुले लगाउने विभिन्न बालीहरुको विवरण तालिका ५.१९ मा प्रस्तुत गरिएको छ ।

## तालिका ५.१९

विभिन्न बालीहरु लगाउने दमाई परिवारको विवरण :

| बालीहरु | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कोदो र मकै | १७ | ५८.६१% |
| कोदो, मकै र दालबाली | १ | ३.४५% |
| कोदो, मकै र आलु | ५ | १७.२४% |
| कोदो, मकै, आलु, तोरी र दालबाली | १ | ३.४५% |
| धान,मकै, कोदो, गहुँ र दालबाली | १ | ३.४५% |
| कोदो, मकै, आलु र दालबाली | १ | ३.४५% |
| धान, मकै, कोदो, तोरी, आलु र दालबाली | १ | ३.४५% |
| कुनै वालि नलगाउने | २ | ६.९०% |
| जम्मा | २९ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाले दमाई जातिको २९ घर परिवारमध्ये अधिकांश अर्थात् ५८.६१ % परिवारले कोदो र मकै बाली लगाउने गरेको देखाउँछ । त्यस्तै १७.२४ % परिवारले मकै, कोदो र दालबाली, ३.४५ %परिवारले कोदो मकै, आलु र दालबाली तथा ३.४५% ले धान, मकै, कोदो, तोरी, आलु र दालबाली लगाउने गरेको देखिन्छ भने ६.९० % ले कुनै पनि बाली नलगाउने गरेको देखिन्छ । यहाँ कुनै पनि वाली नलगाउने परिवार भन्नाले भूमिहीन र पति वैदेशिक रोजगारमा लागेका परिवार हुन् । यी २९ परिवारहरुमा कुनै परिवारले मेवा, सुन्तला, केरा जस्ता फलफूलहरु पनि लगाएको पाइयो भने केही परिवारमा १/२ वटा कफिका बोटहरु पनि देखिए । यहाँका दमाई जातिले विभिन्न बालीहरु लगाए तापनि खेतीयोग्य भूमि र खेतीपाती गर्ने वैज्ञानिक पद्धतिको अभावका कारण उत्पादन राम्रो भएको पाइँदैन । उनीहरुले आफ्नो भूमिबाट लिने वार्षिक उत्पादनलाई तालिका ५.२० मा प्रस्तुत गरिएको छ ।

## तालिका ५.२०

दमाई जातिको जग्गामा हुने वार्षिक उत्पादन :

| उत्पादन (मुरीमा) | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| १ मुरी भन्दा कम | १ | २.२२% |
| १ मुरी देखि ५ मुरी सम्म | ३३ | ७३.३३% |
| ६ मुरी देखि १० मुरी सम्म | ४ | ८.८९% |
| १० मुरी भन्दा बढी | १ | २.२२% |
| आफ्नै उत्पादन नभएका | ६ | १३.३४% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकामा उल्लेख भए अनुसार वार्षिक १ मुरी भन्दा कम विभिन्न बालीहरु भि याउने दमाईहरु २.२२ % छन् । यसै गरी १ मुरी देखि ५ मुरी सम्म उत्पादन गर्ने ७३.३३ % रहेको पाइयो भने वार्षिक ६ मुरीदेखि १० मुरीसम्म उत्पादन गर्ने ८.८९% र वार्षिक १० मुरी भन्दा बढी उत्पादन गर्ने २.२२% रहेको पाइयो । आफ्नो स्वामित्वमा जग्गा जमिन नभएकोले खुद आफ्नै उत्पादन नभएका दमाईहरु १३.३४ % रहेको भेटियो । वार्षिक १० मुरी भन्दा बढी उत्पादन भए पनि आफ्नो १० जनाको परिवारलाई ४ महिना भन्दा बढी खान नपुग्ने कुरा हरिकला परियार बताउँछिन् ।

तालिका ५.२० मा दमाई जातिले आफ्नो जग्गामा वार्षिक कति अन्न उत्पादन गर्दछन् भन्ने कुरा देखाइएको छ । अब वार्षिक उत्पादनले उनीहरुलाई कति अवधि खान पुग्दछ भन्ने बारे तालिका ५.२१ मा देखाउने प्रयास गरिएको छ ।

## तालिका ५.२१

दमाई जातिमा आफ्नो जग्गाको उत्पादनले खान पुग्ने अवधिः

| खानपुग्ने अवधि | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो उत्पादन नभएका | ६ | १३.३३% |
| १ महिना भन्दा कम | १२ | २६.६७% |
| १ देखि ३ महिनासम्म | २१ | ४६.६७% |
| ४ देखि ६ महिनासम्म | ४ | ८.८९% |
| ६ महिना भन्दा बढी | २ | ४.४४% |
| जम्मा | ४५ | १००% |

स्रोतःस्थलगत सर्वेक्षण २०६५

यस तालिकाबाट दमाई जातिको परिवारमा आफ्नो जग्गाको उत्पादनले आधा वर्ष पनि राम्ररी खान पुग्दैन भन्ने कुरा स्पष्ट हुन्छ । अध्ययनको क्रममा आफ्नै जग्गाको उत्पादन नभएका

दमाईहरु १३.३३% भेटिए । यसै गरी १ महिना भन्दा कम खान पुग्ने २६.६७ %, १ देखि ३ महिनासम्म खान पुग्ने ४६.६७ %, ४ देखि ६ म हिनसम्म खान पुग्ने ८.८९ % र ६ महिना भन्दा केही बढी समय खान पुग्ने मात्र २ जना अर्थात् ४.४४% भेटिए । आफ्नो जग्गाको उत्पादनले थोरै समय मात्र खान पुग्ने भएकाले बाँकी समय गुजाराको लागि मजदुरी गर्ने, अर्काको जग्गा अधियाँमा कमाउने, ऋण लिने तथा परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा लाग्नु भन्दा बाहेक अन्य विकल्प नरहेको कुरा अधिकांश दमाईहरु बताउँछन् ।

## ५.२.५ दमाई समुदायमा पशुपंक्षी पालन :

यस बहकोट गा.वि.स. म बसोबास गर्ने दमाई समुदायको मुख्य पेशा कृषि भएकोले खेतीका लागि चाहिने मलको पूर्तिका लागि उनीहरुले पशुपंछी पाल्ने गर्दछन् । मलको अतिरिक्त दूध, दही, घ्यू तथा मासुको लागि पनि पशुपंक्षी पाल्ने गरेको पाइन्छ । यिनै पशुपंक्षीको बेचविखनबाट यहाँका दमाई परिवारले थोरै भए पनि रकम आर्जन गरेको पाइएको छ । तलको तालिकामा यिनीहरुले पालेको पशुपंक्षीको विवरण प्रस्तुत गरिएको छ ।

### तालिका ५.२२

दमाई समुदायमा पालिएका पशुपंक्षीको विवरण :

| पालिएका पशुपंक्षी | सख्यां |
|---|---|
| गाई | १० |
| गोरु | ७ |
| भैसी | ३० |
| बाखा/पाठा | ६१ |
| सुंगुर | ६ |
| कुखुरा | ७३ |
| परेवा | २ |
| जम्मा | १८९ |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकामा बाखा/पाठा र कुखुराको संख्या बढी देखिन्छ । यसको मुख्य कारण थोरै लगानीमा पनि बाखा/पाठा र कुखुरा पाल्न सकिनु र विक्रीको लागि यिनीहरुको माग पनि बढी हुनु हो । गोरुको संख्या ७ मात्र छ । दमाईहरुको जग्गा अति कम भएकोले धेरै परिवारले गोरु पालेका छैनन् । भैसीको संख्या ३० हुनु सामान्य नै हो । त्यस्तै गाई, सुंगुर र परेवाको संख्या पनि न्यून रहेको छ । यो समुदायमा विभिन्न पशुपंक्षी पाल्ने परिवारको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ५.२३

दमाई समुदायमा विभिन्न पशुपंक्षी पाल्ने परिवारको विवरण :

| पशुपंक्षी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| गाई | ७ | १५.५६% |
| गोरु | ५ | ११.११% |
| भैसी | १९ | ४२.२२% |
| बखा/पाठा | १७ | ३७.७८% |
| सुंगुर | ३ | ६.६७% |
| कुखुरा | २३ | ५१.११% |
| परेवा | १ | २.२२% |
| केही नपालेका | ३ | ६.६७% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाबाट के थाहा हुन्छ भने २९ दमाई परिवार मध्ये ७ परिवारले गाई र ५ परिवारले बाखा/पाठा पालेका छन् । त्यसमा पनि केहीले त भैसी, बाखा/पाठा तथा कुखुरा समेत अधियाँमा पालेको पाइयो । बाखा/पााठा पाल्नेहरुको संख्या केही बढी देखिनु को कारण दमाईहरुको आर्थिक अवस्थालाई ध्यानमा राखी हेफर इन्टरनेशनल नेपालले अति विपन्न परिवारलाई २/२ वटाको दरले निशुल्क बाखा उपलब्ध गराएकोले हो । सबैभन्दा बढी २३ परिवारले कुखुरा पाल्ने गरेको पाइयो । कुखुरा बढी पाल्नुको कारण त्यति साह्रै हेरचाह पनि गर्नु नपर्ने, बढी दाना पानी पनि नलाग्ने, पर्याप्त मासु र अण्डा पनि खान पाइने र पालनको लागि किन्न पनि तुलनात्मक रुपले सस्तो हुनु हो भनी उत्तरदाताहरुले बताए । त्यस्तै ३ परिवारले सुंगुर र जम्मा १ परिवारले परेवा पालेको पाइयो भने कुनै पनि पशुपंक्षी नपाल्ने ३ परिवार भेटिए ।

## ५.२.६ आफ्नो पेशाप्रति दमाईहरुको धारणा :

अनुसन्धानको क्रममा दमाई जातिले आफ्नो दैनिक जीविका चलाउनको लागि विभिन्न पेशाहरुमा संलग्न रहेको पाइयो । ती पेशाहरुमा कृषि, पशुपंक्षीपालन, मजदुरी, नोकरी, सिलाई, पुरेत्याइँ, वैदेशिक रोजगार आदि हुन् । बालबालिका र वृद्ध-वृद्धाहरु बाहेक प्रायः सबै दमाईहरु कुनै न कुनै पेशामा संलग्न रहे तापनि आफ्नो पेशाप्रति उनीहरुको मिश्रित प्रतिक्रिया रहेको पाइयो । यसलाई तालिका ५.२४ मा प्रस्तुत गरिएको छ ।

## तालिका ५.२४

आफ्नो पेशाप्रति दमाईहरुको धारणा संबन्धी विवरण :

| धारणा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| पूर्ण सन्तुष्ट | ० | ० |
| सन्तुष्ट | १६ | ३५.५६% |
| असन्तुष्ट | १७ | ३७.७८% |
| पूर्ण असन्तुष्ट | १० | २२.२२% |
| कुनै राय नभएका | २ | ४.४४% |
| जम्मा | ४५ | १००% |

स्रोतःस्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाबाट आफ्नो पेशाप्रति कुनै पनि दमाई पूर्ण रुपमा सन्तुष्ट भएको देखिँदैन । अर्थात् शत प्रतिशत दमाईहरु आफ्नो पेशाबाट सन्तुष्ट छैनन् । त्यस्तै ३५.५६% सन्तुष्ट रहेको, ३७.७८% असन्तुष्ट रहेको, २२.२२% पूर्ण असन्तुष्ट रहेको र ४.४४% को चाही पेशा प्रति कुनै राय नभएको पाइयो ।

यसरी आफ्नो पेशाबाट पूर्ण सन्तुष्ट रहेका उत्तरदाताहरुको प्रतिशत शून्य नै रहेकोले पेशापरिवर्तन संबन्धी उनीहरुको धारणा बुझ्दा ६८.८९% ले आफ्नो पेशा परिवर्तन गर्न चाहेको र २६.६७% ले नचाहेको कुरा बताए भने ४.४४% ले चाही कुनै प्रतिक्रिया जनाएनन् । सरकारी सेवामा लागेका र पेशा परिवर्ततन गरेर खासै केही गर्न नसकिने अवस्थामा रहेका उत्तरदाताहरुले आफ्नो पेशा परिवर्तन गर्न नचाहेको कुरा बताएका थिए ।

## ५.२.७ अघिल्लो पुस्ताको पेशा संबन्धी धारणा :

अनुसन्धानको क्रममा उत्तरदाताहरुबाट अघिल्लो पुस्ताको पेशा संबन्धी पनि जानकारी लिइएको थियो । उनीहरबाट प्राप्त भएको जानकारीलाई तालिका ५.२५ मा प्रस्तुत गरिएको छ ।

## तालिका ५.२५

दमाई जातिको अघिल्लो पुस्ताको पेशा संबन्धी विवरणः

| अघिल्लो पुस्ताको पेशा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कपडा सिलाउने | २३ | ५१.११% |
| कृषि | ९ | २०.००% |
| कटुवाल | ३ | ६.६७% |
| मजदुरी | ८ | १७.७८% |
| भारतीय सैनिक | १ | २.२२% |
| राडी, पाखी, कम्बल बुन्ने | १ | २.२२% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिका अनुसार अघिल्लो पुस्ताका दमाईहरु मध्ये कपडा सिलाउने काम गर्नेहरु ५१.११% भेटिए भने कृषि व्यवसाय अपनाएका २०% भटिए । त्यस्तै १७.७८% ले

मजदुरी पेशा अपनाएको र ६.६७ % ले कटुवाल पेशा अपनाएको थाहा हुन्छ । यसै गरी भारतीय सेनामा काम गर्नेहरु २.२२% र राडी, पाखी, कम्बल बुनेर विक्री गरी जीविका चलाउने २.२२% नै भेटिए । यसबाट धेरै जसो अघिल्लो पुस्ताका दमाईहरुले लुगा कपडा सिलाउने व्यवसाय अंगालेको स्पष्ट हुन्छ ।

## ५.२.८ वैदेशिक रोजगारः

नेपालमा हालका दिनहरुमा युवाहरु वैदेशिक रोजगारमा लाग्ने क्रम दिनानुदिन बढ्दो छ । यहाँका दमाई समुदायमा पनि यस क्रमले ब्यापकता पाएको छ । खेतीपाती गरी खाने उब्जाउशील भूमिको कमी तथा देशमा विद्यामान बेरोजगारी समस्याको कारण दमाई समुदायका युवाहरु जीविकोपार्जनका लागि वैदेशिक रोजगारमा लाग्न बाध्य देखिन्छन् । यिनीहरुको आम्दानीको मुख्य स्रोत नै वैदेशिक रोजगार भएको पाइन्छ । अध्ययनका क्रममा वैदेशिक रोजगारमा संलग्न भएका तथा नभएका घर परिवारको विवरण लिइएको थियो, जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२६**

वैदेशिक रोजगारमा संलग्न तथा असंलग्न परिवरको विवरणः

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| संलग्न | २२ | ७५.८६% |
| असंलग्न | ७ | २४.१४% |
| जम्मा | २९ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिकाबाट २९ घर परिवार मध्ये २२ घरपरिवार (७५.८६%) बाट वैदेशिक रोजगारमा लागेको र ७ घरपरिवार (२४.१४%) बाट मात्र वैदेशिक रोजगारमा नलागेको कुरा स्पष्ट हुन्छ । अध्ययनका क्रममा एउटै घर परिवारबाट ३ जना सम्म वैदेशिक रोजगारमा लागेको पाइएको थियो । यसै सिलसिलामा यहाँका युवाहरु सवैभन्दा बढी कतार त्यसपछि क्रमशः मलेशिया, भारत, साउदी अरब र कुवेत जाने गरेको पाइयो । भारतीय सैनिक सेवा पश्चात् पेन्सनमा आएका ३ जना भेटिएका थिए ।

## ५.२.९ वार्षिक आय :

आयस्तर कुनै पनि देश, समाज, परिवार र व्यक्ति विशेषका लागि आर्थिक अवस्थाको मेरुदण्ड मानिन्छ । उच्च आयस्तर सम्वृद्धिको सूचक मानिन्छ । आर्थिक अवस्थाको निर्धारणमा आयस्तरको यस भूमिकालाई मध्यनजर राख्दै प्रस्तुत अध्ययनमा दमाई जातिको वार्षिक आयस्तर पनि पत्ता लगाउने कोशिस गरिएको छ । यस कुरालाई तलको तालिकाले स्पष्ट पार्दछ ।

**तालिका ५.२७**

दमाई परिवारको वार्षिक आय संबन्धी विवरण :

| आयस्तर | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| रु. २०,००० भन्दा कम | ५ | १७.२४% |
| रु. २०,००१ देखि रु. ४०,००० | १ | ३.४५% |
| रु. ४०,००१ देखि रु.६०,००० सम्म | ५ | १७.२४% |
| रु. ६०,००१ देखि रु. ८०,००० सम्म | ३ | १०.३४% |
| रु. ८०,००१ देखि रु.१,००,००० सम्म | ६ | २०.६९% |
| रु. १,००,००१ देखि रु.१,२०,००० सम्म | ६ | २०.६९% |
| रु. १,२०,००१ देखि रु. १,४०,००० सम्म | १ | ३.४५% |
| रु. १,४०,००१ देखि रु.१,६०,००० | १ | ३.४५% |
| रु १,६०,००० देखि माथि | १ | ३.४५% |
| जम्मा | २९ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

यस तालिकाले दमाई समुदायमा वार्षिक रु २०,००० भन्दा कम आम्दानी भएका र वार्षिक रु.१,६०,००० भन्दा पनि बढी आम्दानी भएका दमाईहरु रहेको जनाउँछ । अनुसन्धानको क्रममा वार्षिक रु. ६,००० जति मात्र आम्दानी भएका २ परिवार भेटिएका थिए । जुन परिवारबाट कुनै सदस्य वेदेशिक रोजगारमा लागेका छन, त्यो परिवारको वार्षिक आय ठीकै रहेको पाइयो भने अन्य परिवारको वार्षिक आय काहाली लाग्दो देखियो । वार्षिक रु.१ लाख ६० हजार भन्दा बढी आम्दानी गर्ने परिवार ३.४५ प्रतिशत मात्र भेटियो । यस्तो परिवारका ३-४ जना सदस्यहरु वैदेशिक रोजगारमा लागेको पाइयो । जसले गर्दा वार्षिक आय राम्रै देखियो । तर वार्षिक आय जति भए पनि साहुको ऋण तिर्दा र घरायसी खाद्यान्न लगायतका वस्तुहरुमा खर्च गर्दा अझै नपुग्ने कुरा उनीहरु बताउँछन् । यस जातिमा धन, सम्पत्ति लगायत अन्य वस्तुहरु संचय गर्ने बानीको अभाव रहेको कुरा अध्ययनबाट थाहा भएको थियो ।

यहाँ दमाई जातिको आर्थिक अवस्थाको अध्ययन गर्ने क्रममा विभिन्न परिवारको स्वामित्वमा के कस्ता आधुनिक विद्युतीय सामानहरु रहेका छन् बुझ्ने प्रयास गरिएको थियो । यस प्रयास अनुरुप प्राप्त भएको जानकारीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ५.२८

दमाई परिवारको स्वामित्वमा रहेका विद्युतीय सामानहरुको विवरणः

| विद्युतीय सामानहरु | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| घडी/रेडियो | ३३ | ७३.३३% |
| टेपरेकर्डर | ७ | १५.५६% |
| मोवाइल | १७ | ३७.७८% |
| क्यामेरा | ६ | १३.३३% |
| आइरन | ५ | ११.११% |
| टि.भी. | ८ | १७.७८% |
| केही नभएका | १० | २२.२२% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तालिका अनुसार ४५ जना उत्तरदाताहरुसंग सोधिएको प्रश्नमा अधिकांश (७३.३३) उत्तरदाताहरुले आफ्नो परिवारको स्वामित्वमा घडी/ रेडियो रहेको बताए । त्यस्तै आफ्नो परिवारको स्वामित्वमा मोवाइल, टि.भी., टेपरिकर्डर, क्यामेरा र आइरन भएको बताउनेहरु क्रमशः ३७.७८%, १७.७८%, १५.५६%, १३.३३% र ११.११% भेटिए । तर २२.२२% ले आफ्नो परिवारको स्वामित्वमा कुनै पनि विद्युतीय सामानहरु नरहेको बताए ।

# अध्याय -छ
# बालीघरे प्रथा

## ६.१ परिचय

परिश्रम गरेपछि त्यसको उचित पारिश्रमिक पाउनका लागि अनेकौं कानुनी व्यवस्थाहरु छन्  तर त्यसको विपरीत  मानिसहरु वर्षभरि गाउँमा धेरै साहुको खेत खनजोत गरी उब्जनी साहुलाई बुझाई खलोमा छाडिएको ढुंगा माटोसरीको अन्नपात लिई जीवन धान्नुपर्ने अवस्था समेत हाम्रो समाजमा छ । त्यसै गरी जातीय हिसाबले ठूलाबडा र माथिल्लो जातका मानिस भन्दा तिनीहरुको खेती गर्ने समयमा हलीको रुपमा गई त्यसबाट न्यून  पारिश्रमिक लिने कु-सस्कार एवं कु-प्रथासमेतबाट दलितहरु शिकार हुनपरिरहेको अवस्था छ । यस्तो कु-प्रथा हली प्रथाको रुपमा रहेको देखिन्छ । त्यसै गरी आफ्नो उचित ज्याला नलिई बिशेष गरी भाँडाको काम गर्ने र सिलाई पेशामा संलग्न दलित समुदायलाई पनि निम्न स्तरका अन्नबाली न्यून दरमा दिई बर्षभरी काम गराउने सामन्ती संस्कार जुन बालीघरे प्रथाको रुपमा चिनिन्छ । त्यसबाट पनि ठूलो संख्यामा दलितहरु पीडित बन्नु परिरहेको छ । कानुनले हरेक नागरिकलाई समान अधिकार प्रदान गरेको, जातजातिका आधारमा कसैप्रति पनि भेदभाव गर्न नहुने, कामको आधारमा पारिश्रमिक पाउनुपर्ने र कसैलाई पनि दास तुल्याउन नपाउने संबैधानिक व्याख्या भए तापनि उक्त व्यवस्थाको विपरित दासत्वको अवशेषको रुपमा रहेको बालीघरे हली र खलो उठाउने जस्ता कु-प्रथा दलित विरुद्ध शोषण र असमान व्यवहार गर्ने आधारको रुपमा रहेको देखिन्छ ।

नेपालमा दास दासीहरुलाई वि.स. १९८० मंशीर १४ गते नै श्री ३ चन्द्र शमशेरले मुक्त गरे तापनि विभिन्न प्रथा र प्रचलनका नाममा उत्पीडित दलित शिल्पकर्मी समुदायले दासत्वको सांङलोबाट छुट्कारा हुन सकेका छैनन् (लाम्गादे, २०६१) । यस प्रति राज्य तथा नागरिक समाजको पनि ध्यान जान सकेको छैन । बालीघरे प्रथा पुस्तौ देखि वर्णाश्रम धर्मको आधारमा समाजमा कथित अछुत मानिने विश्वकर्मा तथा परियार समुदाय रहेको हातहतियार निर्माण तथा मर्मत गर्ने र लुगा कपडा सिलाउने जातिलाई विष्ट भनिने कथित उपल्ला जातिले उनीहरुले गर्दै आएका जातीय परम्परागत व्यवसायमा पूर्व निर्धारित अन्न तथा बाली दिने शर्तमा सालभरि काम लगाई बाली दिने प्रथालाई बालीघरे प्रथा भनिन्छ ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै फैलिएर रहेको यो प्रथाले जातीय आधारमा पेशा गर्नेहरु नै यो प्रथाको मारमा परेका छन् । यो प्रथा परम्परागत रुपमा शिल्पकारी समुदायहरु माथि श्रमशोषणका लागि गरिने एक हचुवा प्रकारको ठेक्का हो । यसमा कुनै पनि विष्ट अर्थात उपल्लो जातिको काम ठेक्काको रुपमा आफ्नो सीपअनुसार सालभरि नै गरिदिने जसअनुसार काम लगाउने व्यक्तिले प्रतिव्यक्ति एक पाथीको दरले र काम लगाउने परिवार सदस्य संख्याको आधारमा अन्न दिइने चलनलाई बालीघरे प्रथा अर्थात् विष्ट कमाउने प्रथा भनिन्छ ।

वर्णाश्रम व्यवस्था अन्तर्गत वर्णको आधारमा पेशा गर्नु पर्ने र शूद्र वर्णमा पर्ने कथित अछुत जातिहरुलाई छुट्टयाएको पेशा वंशानुगत गराउने ध्ययले जन्म लिएको यो प्रथा बाँधा

मजदुरसंग सम्बन्धित छ । वर्णाश्रम व्यवस्थाकै आधारमा शूद्र वर्णमा पारिएका र अछुत बनाइएका सामाजिक बहिष्कार र बन्देज लगाउने क्रममा भूमि प्राप्तिमा पनि पूर्ण रुपमा बन्देज लगाइयो, जसको कारण उनीहरुसंग खेतीयोग्य जमिनको अभाव त रहयो नै, आफ्नो सीपलाई पनि प्रतिस्पर्धात्मक रुपमा बजारमा बिक्री गर्न पाएनन् । केवल कथित उपल्ला जात (विष्ट) को सेवा मात्र गर्नुपर्ने र उनीहरुको दयामायाले दिएको अन्नपात खाएर आफ्नो गुजारा चलाउनुपर्ने सामन्तवादी सोच अन्तर्गत शोषणको संजालको रुपमा यो प्रथाको उत्पत्ति र विकास भएको पाइन्छ ।

बाँधा मजदुर प्रथा दासता विरुद्धको अधिकारसंग जति संबन्धित छ त्यति नै सम्मान सहित उचित पारिश्रमिक पाउने अधिकारसंग पनि संबन्धित छ । हात हतियार मर्मत तथा निर्माण गर्ने विश्वकर्मा र लुगा-कपडा सिलाउने परियार समुदायहरुले तत्कालीन परम्परागत पुर्ख्यौली पेशा नै गर्नुपर्ने बाध्यताले हजारौ वर्षदेखि यो समुदायका धेरै मानिसहरु अहिले पनि खेतीयोग्य जमिनबाट बञ्चित छन् । जसको कारण बालीघर कमाएर बसेका विश्वकर्मा र परियारहरु संधै बिष्टले दिने बालीमा निर्भर रहनुपर्ने बाध्यता छ ।

वालीघरे (विष्ट) कमाउने मानिसहरुले बिष्ट (मालिक) को परिवार संख्याको आधारमा बाली निर्धारण गरिन्छ । बालीमा प्रायः कोदो, मकै, धान, दिने गरेको पाइन्छ । सामान्यतया प्रति परिवार संख्याको एक पाथीका दरले साना-ठूला गरेर १० जना परिवार संख्या भए सालमा १० पाथी अन्न दिइने गरिन्छ । कोदो, मकै, धान, कुन लिने दिने गरेको भन्ने कुरा चाही विष्ट र बाली कमाउने वीचको साझा समझदारीमा नै निर्णय गर्ने गरेको पाइन्छ । यसका अतिरिक्त चैते दशै, वडा दशै, साउने संक्रान्तिमा भने उनीहरुलाई एक मानो चामल र रोटी तथा बाखा पाठाको पुच्छर समेत भागको रुपमा दिने गरेको पाइन्छ । तर बालीघरे कमाउने, हातहतियार बनाउने पनि दशैमा 'विष्ट' हरुको हातहतियार उध्याउन घरघरमै सांद बोकेर जानुपर्ने, कपडा सिलाउनेले पनि घर-घरमा मेशिन बोकेर गइ उनी 'विष्ट' हरुको काम गरे तापनि उनीहरुले पाउने बाली भने नपाक्दा सम्म पाउँदैनन् ।

विष्ट कमाउनेहरुले सालभर एकजना मनिसको कति कपडा सिलाउनुपर्छ, कति हतियार बनाउनुपर्छ कति पटक मर्मत गनुपर्छ, त्यसको कुनै लेखाजोखा हुँदैन । उसले एउटा कपडा सिलाएको तथा मर्मत गरेको कति रुपैया तिर्नुपर्छ, त्यसको पनि कुनै हिसाब हुँदैन । उसको पारिश्रमिक एक पाथी अन्न बराबर मात्र हुन्छ । यसरी दलितहरुमा यस प्रथाबाट शोषण भएको पाइन्छ ।

आफ्नो सीपलाई स्वतन्त्र रुपमा उपभोग गर्न पाउनु पर्ने अधिकारबाट बंचित गर्ने बालीघरे प्रथाले नेपालले हस्ताक्षर गरेका मानव अधिकारको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको ठाडो उल्लंघन गरेको छ । बालीघरे प्रथाकै कारण दलित समुदायले आफ्नो श्रमको सम्मानपूर्वक उचित पारिश्रमिक पाउनबाट मात्र वंचित छैनन्, उनीहरु एक्काइसौ शताब्दीमा पनि बाँधा मजदुरको रुपमा जीवन धान्न विवश छन् । त्यसैले बालीघरे प्रथाको उन्मूलन गरी यो पेशा गर्दै आएका समुदायको पुनर्स्थापनाका लागि संबन्धित सबै पक्षको ध्यान जानु नितान्त जरुरी छ ।

## ६.२ अध्ययन क्षेत्रका दमाई जातिमा बालीघरे प्रथाको विगत र वर्तमान अवस्था :

बहाकोट गा.वि.स. एक पहाडी क्षेत्र भएकोले यहाँ बसोबास गर्ने प्रायः सबै जातजातिहरुका मानिसहरुको स्वामित्वमा रहेको खेतीयोग्य जमिन न्यून नै देखिन्छ । त्यसमा पनि दमाई जातिको नाममा त अति नै कम जग्गा जमिन छ । त्यसैले दैनिक जीवन गुजाराको लागि अघिल्लो पुस्ताका दमाईहरु वालीघरे प्रथा अन्तर्गत रहेर विष्टहरुका विभिन्न कामहरु गर्न बाध्य थिए । वर्ष भरि उच्च जाति (विष्ट) को विभिन्न कामहरु गरिदिएबापत बाली भि याउने समयमा उनीहरुलाई तोकिएको मात्रामा अन्न दिइन्थ्यो । त्यही अनाज र आफ्नो सीमित जग्गा जमिनबाट उत्पादन भएको अन्नबालीबाट दैनिक जीवन गुजारा गर्दथे । गरिबी, अशिक्षा, भूमिहिनता र बेरोजगारीका कारण उनीहरुको लागि वालीघरे प्रथा जीवनको आधार जस्तै थियो । अघिल्लो पुस्ताका प्रायः सबै दमाईहरु यस प्रथा अन्तर्गत रहेर काम गर्ने गरेको अनुसन्धानबाट थाहा हुन आएको छ । तर समय वित्दै जाँदा यस प्रथाबाट आफूहरु बढी शोषणमा परेको उनीहरुले महशुश गर्न थाले । परिणामस्वरुप यस प्रथालाई त्याग्ने प्रवृति उनीहरुमा बढ्दै गयो । वर्तमान अवस्थामा अति सीमित परिवारमा मात्र यो प्रथा कायम छ, तापनि उनीहरु यस पेशाबाट सन्तुष्ट छैनन् ।

दमाई समुदायमा अघिल्लो पुस्ताका दमाईहरुले बालीघरे प्रथा अन्तर्गत रहेर कुन-कुन पेशाहरु गर्दथे भन्ने बारेमा बुझ्न गरिएको प्रयास अनुरुप उक्त प्रथा अन्तर्गत रहेर उनीहरुले गर्ने गरेको कामको विवरण प्राप्त भएको थियो, जसलाई तालिका ६.१ मा उल्लेख गरिएको छ ।

**तालिका ६.१**

वालीघरे प्रथा अन्तर्गत अघिल्लो पुस्ताका दमाईहरुको कामको विवरणः

| कामको विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कपडा सिलाउने | २३ | ५१.११% |
| उपल्लो जातको हलो जोत्ने | १५ | ३३.३३% |
| कटुवाल काम गर्ने | ३ | ६.६७% |
| पेशा थाहा नभएका | ४ | ८.८९% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

यस तालिकाले अघिल्लो पुस्ताका दमाईहरु मध्ये वालीघरे प्रथा अन्तर्गत रहेर कपडा सिलाउने ५१.११%रहेको देखाउँछ भने सोही प्रथा अन्तर्गत रहेर उपल्लो जातको हलो जोत्ने ३३.३३% र कटुवाल पेशा गर्ने ६.६७% देखिन्छन् । तर ८.८९% को चाहि वालीघरे प्रथा अन्तर्गत रहेर कुन व्यवसाय गर्दथे जानकारी हुन सकेन । वालीघरे प्रथा अन्तर्गत काम गर्नेहरुले कामको प्रकृति हेरी अन्न प्राप्त गर्दथे भनी चुडामणि परियार बताउँछन् । बालीघरे प्रथा अन्तर्गत रहेर उपल्लो जातको हलो जोत्ने दमाईले विष्टको घरमा कतिदिन जोत्ने काम गर्नुपर्छ,

सोही आधारमा अनाज पाउँथे । बढी जोत्नुपर्ने भएमा बढी र थोरै दिन जोते पुग्ने भएमा थोरै नै अनाज पाउँथे । सामान्यतया यस प्रथामा रहेर हलो जोत्ने दमाईले वार्षिक २२ देखि ३० पाथीसम्म कोदो पाउँथे, यसै गरी कपडा सिउने दमाईले पनि विष्टको घरमा भएका सदस्य संख्याको आधारमा १ जनाको १ पाथीको दरले कोदो उठाउने गर्दथे भने कटुवाल पेशा गर्नेहरुले प्रति परिवार १ पाथीको दरले कटुवाल पाथी स्वरुप कोदो उठाउँने गर्दथे । विभिन्न चाडपर्वहरुको भाग भनेर विष्टको घरमा गई उनीहरुले चामल, नून, तरकारी तथा विभिन्न परिकारहरु माग्ने गर्दथे भनी चुडामणि परियार बताउँछन् ।

यस गा.वि.स. मा वस्ने अघिल्लो पुस्ताका अधिकांश दमाईहरुले वालीघरे प्रथामा रहेर विभिन्न पेशाहरु गर्दथे भन्ने कुरा अनुसन्धानबाट थाहा भएपछि वर्तमान अवस्थाका दमाईहरु उक्त प्रथा अन्तर्गत काम गर्छन् वा गर्दैनन् भनी बुझ्ने प्रयास गरिएको थियो । यस प्रयास अनुरुप प्राप्त भएको जानकारीलाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२**

वर्तमानमा वालीघरे प्रथा अन्तर्गत रहेर काम गर्ने वा नगर्ने दमाईहरुको विवरण

| विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| काम गर्ने | ४ | ८.८९% |
| काम नगर्ने | ४१ | ९१.११% |
| जम्मा | ४५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६५

यस तालिकाले हाल बालीघरे प्रथा अन्तर्गत काम गर्ने दमाई जतिको प्रतिशत अति न्यून अर्थात ८.८९% मात्र रहेको देखाउँछ भने यस प्रथा अन्तर्गत काम नगर्नेहरुको प्रतिशत अत्याधिक अर्थात ९१.११% रहेको देखाउँछ । यसबाट स्पष्ट हुन्छ कि अघिल्लो पुस्ताबाट हालको पुस्तासम्म आइपुग्दा वालीघरे प्रथामा धेरै परिवर्तन आएको छ । यसको कारण वालीघरे प्रथामा रहेर काम गर्नुभन्दा अन्य व्यवसायमा लाग्दा बढी कमाई हुने कुरा वैदेशिक रोजगारमा लागेका दिनेश कुमार नेपाली बताउँछन् । त्यस्तै हाल बालीघरे प्रथा अन्तर्गत रहेर काम गर्नेहरुमा कटुवाल छन् । उनीहरु भन्छन्-वार्षिक २५-३० पाथी कोदाले जीविका कसरी चलाउने ? यस पेशाबाट सन्तुष्ट छैनौ । अन्य विकल्प भए बालीघरे प्रथा अन्तर्गतको यो कटुवाल पेशा तुरुन्तै छाडिदिन्थ्यौ ।

## ६.३ बालीघरे प्रथामा परिवर्तन आउनका कारणहरुः

बहाकोट गा.वि.स. मा बसोबास गर्ने अघिल्लो पुस्ताका शत प्रतिशत दमाईहरु वालीघरे प्रथा अन्तर्गतको विभिन्न पेशाहरुमा संलग्न हुँदै आएको र वर्तमानमा यो क्रम घट्दै आएर ८.८९% मा मात्र सीमित रहेको कुरा तालिका ६.१ र ६.२ बाट स्पष्ट भैसकेको छ । यसरी बालीघरे प्रथामा व्यापक परिवर्तन आउनका कारणहरु पत्ता लगाउने प्रयास गरिएको थियो । अनुसन्धानको क्रममा उत्तरदाताहरुबाट प्राप्त भएको जानकारीहरुलाई निम्न अनुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. अघिल्लो पुस्ताका दमाईजाति पूर्ण रुपमा अशिक्षित थिए । उनीहरुमा वालीघरे प्रथा अन्तर्गत रहेर काम गर्दा र अन्य पेशामा संलग्न हुँदा तुलनात्मक रुपमा कुन पेशाबाट आफूलाई बढी फाइदा हुन्छ, सो एकिन गर्ने क्षमता समेत नभएकोले उनीहरु वालीघरे प्रथा अन्तर्गत रहेर काम गर्दथे । तर अहिलेका युवा पुस्ताहरुमा धेरै थोरै शिक्षाको विकास भएको छ । जसले गर्दा युवाहरु त्यो प्रथामा रहेर काम गर्नु भन्दा अन्य पेशामा लाग्दा राम्रो ठान्ने गरेको अनुसन्धानबाट थाहा भयो ।

२. वालीघरे पेशामा कपडा सिलाउने दमाईहरुले अहिलेको आधुनिक डिजाइन अनुसारको कपडा सिलाउन नसकेको हुँदा विष्टहरुले नै कपडा सिलाउन नबोलाएको कुरा केही वर्ष अघिसम्म कपडा सिलाउँदै आएका लालबहादुर दर्जी बताउँछन् ।

३. अहिले हातमा सीप भएका जुनसुकै जाति चाहे ब्राह्मण, क्षेत्री नै किन नहोस् उनीहरु कपडा सिलाउन थालेका छन् । जसले गर्दा यहाँका दमाईहरुको विष्ट कमाउने घरहरु घट्दै गएका हुन् ।

४. कपडा सिलाउने राम्रो सीप भएका दमाईहरु शहर बजारमा गई लुगा सिएर ४/५ सयसम्म ज्याला कमाउने सक्ने भएकोले ४/५ पाथी अन्नको लागि कपडा सिलाउने बालीघरे प्रथा त्यागेको पाइन्छ ।

५. अहिले कैयौ नेपाली युवाहरु रोजगारको सिलसिलामा विश्वका धेरै मुलुकहरुमा पुगेका छन् । यहाँका दमाई युवाहरु पनि भारत, मलेशिया, कतार, साउदी, दुवई आदि मुलुकहरुमा पुगी कुनै न कुनै पेशामा लागेका छन् । जसले गर्दा बालीघरे प्रथा हराउँदै गएको हो ।

६. बालीघरे प्रथा अन्तर्गत तोकिएको अन्नको तुलनामा दैनिक मजदुरीबाट बढी कमाई हुने हुँदा उनीहरुले बालीघरे प्रथालाई त्यागेको पाइन्छ ।

७. बालीघरे प्रथा अन्तर्गत रहेर काम गर्दा सामाजिक , आर्थिक, राजनैतिक आदि क्षेत्रमा सधै पछि परेको महशुश भएकोले यो प्रथा त्यागेका हौं भनी स्थानीय लालसिङ्ग दर्जी बताउछन् ।

८. बालीघरे प्रथा अन्तर्गतको पेशामा विष्टहरु बाट हामी दमाईहरु शोषित हुनुपर्ने बाध्यता रहेकाले यस प्रथा अन्तर्गत रहेर काम गर्न छाडिएको हो भनी चुडामणि परियार बताउँछन् ।

९. पहिले-पहिले बाहुन, क्षेत्री, ठकुरीले हलो जोत्दैनथे र उनीहरुले दमाई जातिलाई हलो जोत्ने काममा बालीमा लगाउँथे । तर अहिले आएर उनीहरुले आफ्नो हलो आफै जोत्ने भएकोले दमाईहरुलाई बालीमा काम गराउँदैनन् र दमाईहरुले बालीमा काम गर्दैनन् पनि । यसले गर्दा उनीहरुले बालीघरे प्रथा छाडी आफ्नो दैनिक पारिश्रमिक दैनिक रुपमा नगदमा लिन थालेका हुन् ।

# अध्याय-सात
## सारांश, निष्कर्ष र सुझावहरु

### ७.१ सारांशः

**अध्याय एकः** यो अध्ययन गण्डकी अञ्चल स्याङ्गजा जिल्ला बहाकोट गा.वि.स. मा बसोबास गर्ने दमाई जातिमा केन्द्रित छ । यो जाति वर्णव्यवस्था अनुसार पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने दलित समूह मध्यको एक जाति हो । शारीरिक वनावट र वोलिचाली गर्ने भाषाका हिसावले यिनीहरु उच्च वर्गका समुदायसंग सामीप्य राख्दछन् । यिनीहरुको धार्मिक आस्था र विश्वास  पनि उच्च वर्गीय वाहुन, क्षेत्रीहरुसंग नै मिल्दछ । यो जातिलाई नेपाली समाजमा परापूर्व कालदेखि नै एउटा अभिन्न अंगका रुपमा रही आएको मानिन्छ । यिनीहरुको इतिहास नेपालको इतिहास जत्तिकै पुरानो छ । यो जाति बहाकोट गा.वि.स. मा सदियौं अघिदेखि स्थायी रुपमा बसोबास गर्दै आएको छ । यस गा.वि.स. को वडा नं. ३ भञ्ज्याङ्ग, वडा नं. ४ धोवादी र वडा नं. ७ कलियाथोक, मियलडाँडा, माल्कीडाँडा, गैडाकोट र गिउँडाँडामा दमाईहरुको बसोबास रहेको छ । यस गा.वि.स.मा अन्य दलितहरुकोभन्दा दमाईहरुको संख्या बढी भएको र हालसम्म यिनीहरुको बारेमा कोही कसैबाट समाजशस्त्रीय अध्ययन नभएकाले यो अध्ययन गरिएको हो । यस अध्ययनको सामान्य उद्देश्य दमाई जातिको सामाजिक तथा आर्थिक, सास्कृतिक, शैक्षिक र राजनैतिक अवस्थाको अध्ययन गर्नु रहेको छ  भने विशिष्ट उद्देश्यमा दमाई जातिको परम्परागत पेशाका बारेमा अध्ययन गरी वालीघरे प्रथामा आएको परिवर्तनको अध्ययन गर्नु रहेको छ । यस अध्ययनले भविष्यमा यहाँका दमाई जातिका बारेमा जान्न चाहने जो कोहीलाई सहयोग पुरचाउने छ भने विभिन्न अनुसन्धानकर्ता, नीति निर्माता, योजना निर्माण संबन्धी निकायहरुलाई समेत मार्ग निर्देशन गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

**अध्याय दुईः** स्याङ्गजा जिल्लाको सदरमुकाम स्याङ्गजा बजारदेखि पूर्वमा अवस्थित यस गा.वि.स.का वडा गत गाउँहरुमा वडा नं. १ डाँडाश्वारा , वडा नं. २ द्याङ्गदी, वडा नं. ३ भञ्ज्याङ्ग, वडा नं. ४ धोवादी, वडा नं. ५ गैया, वडा नं. ६ बहाकोट, वडा नं. ७ कलियाथोक र गैडाकोट, वडा नं. ८ अर्भ्याङ्ग र वडा नं. ९ काहुले छन् । यस गा.वि.स. को कूल क्षेत्रफल ११.६६ वर्ग किलोमिटर छ । राणा शासकको विरुद्धमा विक्रम संम्वत २००७ ज्येष्ठ ११ गते बहाकोट भञ्ज्याङ्गबाट क्रान्तिको शुरुवात भएको थियो । उक्त ऐतिहासिक आन्दोलनको स्मरण गर्दै हरेक वर्ष ज्येष्ठ ११ गते यस ठाउँमा क्रान्ति दिवस मनाइन्छ ।

राष्ट्रिय जनगणना २०५८ अनुसार यस गा.वि.स.को कूल जनसंख्या २,२५१ मध्ये पुरुषको संख्या १,००५ र महिलाको संख्या १,२४६ रहेको छ । दमाई जातिको मात्र कूल जनसंख्या १५२ (६.७५%) रहेको छ । यस गा.वि.स.मा हाल ५ वटा प्राथमिक विद्यालय र एउटा माध्यमिक विद्यालय संचालित छन् । यी विद्यालयहरुमा हाल १८९ जना छात्र र २२१ जना छात्रा गरी जम्मा ४१० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

**अध्याय तीनः** कुनै पनि अनुसन्धान कार्यका लागि पूर्ववत् संबन्धित अध्ययनहरुमा समावेश गरिएका पुस्तक, लेख, रचना, तथा विभिन्न पत्र पत्रिकाहरुको सहायता अपरिहार्य

भएकाले यस अध्ययनमा पनि स्वदेशी तथा विदेशी विद्वानहरुद्वारा नेपालका जाति, जनजातिहरुका सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक एवं राजनैतिक पक्षहरुमाथि अध्ययन गरी प्रकाशित भएका पुस्तक, लेख, रचना, बुलेटिन्, शोधग्रन्थ र पत्रपत्रिकाहरुलाई सान्दर्भिक रुपमा समीक्षा गरी तिनका आवश्यक अंशहरु यस अध्ययनमा राखिएका छन् ।

**अध्याय चारः** यो अध्ययन बहाकोट गा.वि.स.मा बसोबास गर्ने २९ घर परिवार दमाईहरुमा केन्द्रित छ । यो शोधग्रन्थ तयार गर्ने क्रममा प्रत्येक परिवारबाट प्रतिनिधित्व हुने गरी २९ जना पुरुष र महिलाहरुको प्रतिनिधित्व हुने गरी १६ जना महिला सहित जम्मा ४५ जना दमाईहरुसंग अन्तरक्रिया गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

यस अध्ययनमा वर्णनात्मक ढाँचा अपनाइएको छ । अध्ययनमा प्राथमिक स्रोतका तथ्याङ्कहरु प्रश्नावली, अवलोकन र अन्तर्वाताको माध्यमबाट संकलन गरिएको छ भने द्दितीय स्रोतका तथ्याङ्कहरु विभिन्न लेख, रचना, पूर्व शोधग्रन्थहरु, गा.वि.स. र शैक्षिक संस्थान बाट लिइएका छन् । प्राथमिक र द्धितीय स्रोतबाट प्राप्त मात्रात्मक र गुणात्मक तथ्याङ्कहरुलाई समावेश गरी यसको उद्देश्यलाई पूरा गर्ने प्रयास गरिएको छ । मात्रात्मक तथ्याङ्कलाई तालिकामा संख्या र प्रतिशतमा ब्याख्या गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई आवश्यकता र सन्दर्भ अनुसार प्रस्तुती र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनको सिलसिलामा स्रोत व्यक्तिको रुपमा घरमूली, बूढाबूढी तथा युवायुवतीहरुलाई समावेश गरिएको छ । दमाई जातिको सामाजिक तथा आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक अवस्थाको अध्ययन गर्ने क्रममा प्राप्त संख्यात्मक तथ्याङ्कहरुलाई साधारण तालिकामा संख्या र प्रतिशतमा प्रस्तुत गरी विश्लेषण गरिएको छ भने अन्य तथ्याङ्कहरुलाई ब्याख्यात्मक रुपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**अध्याय पाँचः** यस ठाउँमा बसोबास गर्ने दमाईहरुको जनसंख्यामा पुरुष र महिलाको अनुपात ८:७ रहेको छ । यिनीहरुमा छोरीलाई भन्दा छोरालई प्राथमिकता दिने प्रचलन रहेकोले परिवारको आकार ठूलो हुने गरेको पाइएको छ । ठूलो आकारको परिवारमा तुलनात्मक रुपमा गास, बास, कपास, स्वास्थ्य, शिक्षा आदि क्षेत्रहरुमा प्रतिकुल असर देखिएकोले हाल यहाँका अधिकांश दमाईहरु परिवार नियोजनका स्थायी तथा अस्थायी साधनहरु प्रति आकर्षित रहेको पाइयो । यहाँका दमाईहरुका घरहरु शतप्रतिशत कच्ची देखिए । ढुंगा, माटाबाट निर्माण गरिएका ती घरहरुका अधिकांश छानाहरु खरका देखिए । यसमा आर्थिक पक्ष नै बढी जिम्मेवार देखियो । त्यस्तै करिब ११ प्रतिशत दमाईहरुका घरमा शौचालयको निर्माण नै नभएको र २-३ परिवारको त  एउटै साझा कच्ची शौचालय रहेको पाइयो ।

आफ्नो खेतबारीमा हुने उत्पादनले वर्षभरि खान पुग्ने परिवार एउटा पनि भेटिएन । अधिकांश दमाईहरु भूमिहीन सरह नै छन् । करिब ९३ प्रतिशत दमाईहरुको खेत नभएको अनुसन्धानबाट थाहा भयो । त्यस्तै बारी, पाखो पनि अति न्यून रहेको पाइयो । जसले गर्दा आफ्नो उत्पादनले १-५ महिना जति मात्र गुजारा हुने उनीहरुको राय थियो । तर चामलको लागि भने पूर्ण रुपमा बजार मुखी हुनुपर्ने बाध्यता देखिन्छ ।

उनीहरुले आफ्नो जग्गा जमिनमा विभिन्न वालीहरु लगाउने गरे तापनि पुरानै तरिकाले खेतीपाती गर्दा उत्पादन कम हुने गरेको पाइयो । आर्थिक दृष्टिकोणले सक्रिय (१५-५९ वर्षका) मानिसरु ६१.७८% भएर पनि खेतीपाती गर्ने लगायत अन्य काममा समेत प्रविधि र सिपमूलक मौकाबाट बन्चित रहेको पाइयो ।

अधिकांश दमाईहरुको मुख्य पेशा कृषि  रहे तापनि एउटै पेशाबाट मात्र जीवन निर्वाह गर्न नसकिने महसुस गर्दै सहायक पेशाको रुपमा विभिन्न पेशाहरु जस्तै - मजदुरी, डकर्मी, सिकर्मी, उपल्लो जातको हलो जोत्ने , कटुवाल पेशा गर्ने , बाजा बजाउने, डोका बुन्ने, पुरेत्याइँ गर्ने आदि अपनाइएको पाइयो । अध्ययनका क्रममा दमाई जातिले गर्दै आएको पेशाप्रतिको धरणा बुझ्न खोजिएको जिज्ञासामा दमाई जातिको कुनै पनि व्यक्ति आफ्नो पेशाबाट पूर्ण सन्तुष्ट रहेको पाइएन । यसै क्रममा ६८.८९ % दमाईहरु आफ्नो पेशाबाट असन्तुष्ट रहेको जनाउँदै आफूले गर्दै आएको पेशा परिवर्तन गर्न चाहेको पाइयो ।

परिवारको बनावटमा प्रायः जसो व्यक्तिहरु मध्यम वा सानो परिवारमा बस्न रुचाए पनि विभिन्न कठिनाइहरुले गर्दा करिब ६६% परिवार संयुक्त नै देखियो । सानो परिवार मन पराउनु आधुनिक सभ्यता तर्फको पाइलो हुन सक्छ । विवाह गर्दाको उमेर हेर्दा अधिकांश विवाह १६-२० वर्षभित्र हुने गरेको पाइयो । यस समुदायमा आफ्नै जातभित्रको मागी बिबाह नै उत्तम विवाह ठानिदै आएको पाइयो । अध्ययनका सिलसिलामा दुई जना दमाई केटाहरुले अन्तरजातीय बिबाह गरेको पाइयो । मगर र क्षेत्री जातका दुई जना केटीहरुले आफ्नै जातको लोग्ने छाडी पुनः ती दमाई केटाहरुसंग विवाह गरेको पाइयो ।

आम्दानीको प्रमुख स्रोतको रुपमा बैदेशिक रोजगार देखिन्छ । २९ घर परिवार मध्ये २२ घर परिवारबाट १ जना देखि ३ जनासम्म बैदेशिक रोजगारमा लागेको पाइयो । आफ्नो जग्गाको उत्पादनले थोरै अवधि मात्र खान पुग्ने भएकोले अधिकांश समय यही वैदेशिक रोजगारको कमाईबाट गुजारा गरिरहेको पाइयो । आफ्नो परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा नभएका परिवारको आर्थिक अवस्था काहाली लाग्दो नै देखियो । त्यस्ता परिवारमा विहान-बेलुका पेट भरी खान पाउने स्थिति समेत नरहेको आभाष हुन्छ ।

दमाई समुदायको वार्षिक आम्दानीलाई हेर्दा कुनै परिवारमा वार्षिक रु. ५,००० देखि रु. ६,७०० सम्म मात्र आम्दानी हुने गरेको पाइयो । त्यस्तो आम्दानीले ६-७ जनाको परिवार लाई कसरी पालन पोषण गर्ने भनी स्थानीय गुप्तबहादुर नेपाली  बढी चिन्तित देखिन्छन् । यस्तो परिवारमा मजदुरी बाहेक आम्दानीको अन्य विकल्प नरहेको देखियो । अर्कोतिर ९ परिवारको वार्षिक आय भने रु.१ लाख    भन्दा बढी रहेको पाइयो । यी परिवारबाट कुनै न कुनै सदस्य वैदेशिक रोजगारमा लागेको देखिन्छ । तर घरायसी उत्पादन भने अति न्यून रहेकोले खाद्यान्न लगायत अन्य वस्तु भाउमा बढी खर्च हुने हुँदा आम्दानीको सानो  हिस्सा पनि वचत रहने अवस्थामा देखिदैन । देशमा बढ्दो गरिबी, अशिक्षा तथा बेरोजगारको समस्याले गर्दा आज अधिकांश युवाशक्ति विदेशी भूमिमा भौतारिन बाध्य छन्, जुन राष्ट्रको  लागि राम्रो पक्ष होइन । विदेशी भूमिमा रही काम गर्दा आफूले कैयौ समस्याहरु झेल्नु परेको ती युवाहरु बताउँछन् ।

भारतीय सैनिक सेवाबाट निवृत भएका वा भू.पू. सैनिकको रुपमा पेन्सन प्राप्त गर्दै आएका परिवारको आर्थिक अवस्था तुलनात्मक रुपमा सन्तोषजनक रहेका पाइयो ।

यहाँका अधिकांश दमाईहरुले अत्यन्त न्यून मात्रामा पशुपंक्षी पालेका र त्यो पनि मासु र अण्डाको तथा चाडपर्वको खर्च टार्न भन्ने बुझिएकोले यस सहायक पेशाले आर्थिक अवस्थामा सुधार ल्याउन भूमिका खेल्न सक्छ भन्ने कुरामा आशा गर्न सकिदैन । उनीहरुको आर्थिक अवस्थालाई ध्यानमा राखी हाल हेफर इन्टरनेशनल नेपालले २/२ वटा बाख्राहरु उपलब्ध गराएको छ ।

शिक्षालाई देश विकासको मेरुदण्ड मानिन्छ । तर यहाँका दमाईहरु शैक्षिक क्षेत्रमा अति पिछडिएको पाइएको छ । दमाई समुदायमा १८.६७% निरक्षर नै भेटिए भने हालसम्म एस.एल.सी. उत्तीर्ण गर्नेहरुको संख्या ९ अर्थात ४% मात्र पाइयो । एस.एल.सी. भन्दा माथिल्लो तहको अध्ययन पूरा गरेको कुनै पनि भेटिएन । यसको प्रमुख कारक तत्व आर्थिक अवस्था नै रहेको पाइयो । नेपाल सरकारले दलितहरुको शैक्षिक अवस्थालाई उकास्न दिदै आएको छात्रवृत्तिले उनीहरुलाई केही राहत मिलेको छ । हाल यहाँको दमाई परिवारहरुमा सबैभन्दा विपन्न परिवारका केही छात्राहरुलाई हेफर संस्थाले किताब, कपी, झोला लगायत विद्यालयको पोशाक समेत उपलब्ध गराउन थालेको पाइएको छ । यसबाट उनीहरुको शैक्षिक क्षेत्रमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

राजनीति तर्फ पनि यिनीहरुको त्यति चासो देखिदैन । आफूलाई मन पर्ने राजनैतिक पार्टीको सभा, सम्मेलनमा यिनीहरु यदाकदा उपस्थित हुने गरेको देखिन्छ । स्थानीय तहको कार्यकर्तामा समेत यिनीहरुको प्रतिनिधित्व देखिदैन । तर विभिन्न सामाजिक समूह जस्तै स्थानीय आमा समूह, सिर्जनशील दलित उत्थान समूह, हेफर प्रोजेक्ट नेपाल र छिमेकी बैकको सदस्य पदमा रही काम गर्दै आएको पाइयो । गाउँघरमा हुने छलफल तथा निर्णयहरुमा यिनीहरुको उपस्थिति कमै देखिन्छ ।

यहाँका अधिकांश दमाईहरुको अन्य जातिहरुसंग घनिष्ठ संबन्ध रहेको पाइन्छ । दमाई जातिका पुरुष, महिला तथा कामगर्न सक्ने केटाकेटीहरु अन्य जातिहरु जस्तै- ठकुरी, मगर, गुरुङ्ग र भूजेलको घरमा गएर विभिन्न कामहरु गरी त्यसबाट प्राप्त हुने ज्यालाले आफ्नो परिवारको पालन पोषण गरेका हुन्छन् भने उनीहरुलाई दुःख पर्दा ती जातिहरुले अनाज तथा नगद उपलब्ध गराई सहयोग गर्दछन् । यसरी उनीहरुबीच दोहोरो सहयोगको भावना रहेको पाइन्छ । तर दमाई जातिलाई मठ, मन्दिर भित्र प्रवेश गर्न नदिने परम्परा भने यथावत नै रहेको देखिन्छ ।

अधिकांश दमाईहरुका सन्तानहरु घरमै जन्मिएको अध्ययनबाट थाहा हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने सुत्केरी हुने अवस्थामा महिलाहरुमा उत्पन्न हुन सक्ने जोखिम प्रति उनीहरु त्यती सम्वेदनशील देखिदैनन् ।

दमाईहरु हिन्दु धर्मावलम्वी नै भएकोले यिनीहरुले पनि दशै, तिहार, तीज, शिवरात्रि, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, नागपंचमी, सरस्वती पूजा जस्ता चाडपर्वहरु मनाउने गर्छन् । यिनीहरुको समाज अन्धविश्वासमा रुमलिएको देखिन्छ । धामीझाक्री माथि यिनीहरु त्यत्तिकै विश्वास राख्छन् । यिनीहरु जन्म, पास्नी, ब्रतवन्ध, विवाह र अन्त्येष्टि संस्कार मनाउँछन् । संस्कारमा स्थानीय प्रभाव परेकोले यहाँ बसोबास गर्ने दमाई जातिले माथिल्लो जातिले जस्तै विभिन्न संस्कारहरु गर्दै आए तापनि उनीहरु संस्कृतिकरण र सामाजिकरण दुवै दृष्टिले जातीय उत्थानमा त्यति सचेत नभएको पाइयो । यसै क्रममा दलितहरुको संलग्नतामा गठित सिर्जनशील दलित उत्थान समूहले यहाँका तमाम दलितहरुको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक लगायत विविध क्षेत्रहरुमा रहेको पछौटेपनलाई निर्मूल पारेर कसरी अगाडि बढ्ने बारे समय-समयमा छलफल हुँदै आएको समूहका उपाध्यक्ष लालसिङ दर्जी बताउँछन् ।

**अध्याय छः** बालीघरे प्रथा परम्परागत रुपमा शिल्पकारी समुदायहरु माथि श्रमशोषणका लागि गरिने एक हचुवा प्रकारको ठेक्का हो । यसमा कुनै पनि विष्ट अर्थात् उपल्लो जातिको काम ठेक्काको रुपमा आफ्नो सीप अनुसार सालभरि गरिदिने जस अनुसार काम लगाउने व्यक्तिले प्रति व्यक्ति एक पाथीको दरले र काम लगाउने परिवार सदस्य संख्याको आधारमा अन्न दिने गरिन्छ । विष्ट कमाउनेहरुले सालभर एकजना मानिसको कति कपडा सिलाउनुपर्छ, कति हतियार बनाउनुपर्छ, कति पटक मर्मत गर्नुपर्छ त्यसको कुनै लेखाजोखा हुँदैन । आफ्नो सीपलाई स्वतन्त्र रुपमा उपभोग गर्न पाउनु पर्ने अधिकारबाट बंचित गर्ने बालीघरे प्रथाले नेपालले हस्ताक्षर गरेका मानव अधिकारको अन्तराष्ट्रिय सन्धि संझौताको ठाडो उल्लंघन गरेको छ ।

बालीघरे प्रथा अन्तर्गत रहेर काम गर्ने परम्परामा व्यापक परिवर्तन आएको अनुसन्धानबाट थाहा भयो । अघिल्लो पुस्ताका प्रायः सवै दमाईहरुले वालीघरे प्रथा अन्तर्गत रहेर विष्टको घरमा विभिन्न कामहरु जस्तै कपडा सिलाउने, हलो जोत्ने, कटुवाल काम गर्ने आदि गरेको पाइयो भने अहिलेको पुस्तामा जम्मा ४ जना अर्थात् ८.८९ % दमाईहरु मात्र यस प्रथा अन्तर्गत रहेर काम गर्ने गरेको पाइयो । यसमा विशेष गरी कटुवालहरु रहेको पाइयो । वालीघरे प्रथामा यसरी व्यापक परिवर्तन आउनको कारण यस प्रथा भन्दा अलग रहेर काम गर्दा तुलनात्मक रुपमा बढी कमाई हुने र आर्थिक स्वतन्त्रता समेत हुने उनीहरुको राय रहेको पाइयो ।

## ७.२ निष्कर्ष :

दमाई जाति नेपालको बहुजातीय, बहुभाषिक, बहुसंस्कृतिक फाँटमा मातृभाषाको रुपमा नेपाली भाषा बोल्ने र आफ्नै परम्परागत हिन्दू संस्कृति भएको एउटा दलित (शूद्र) जाति हो । यो जातिलाई हिन्दू धर्मावलम्वीमा पर्ने छोइछिटो हाल्नु पर्ने जाति हो भन्ने तथ्य अध्ययनबाट नै प्रष्ट भएको छ ।

ठकुरी, मगर, गुरुङ्ग, भुजेल तथा अन्य दलित जातिहरु कामी, सुनार, सार्की संग दमाई जातिको केही संस्कृतिहरु पूजाआजा, बिहेबारी मेलापात मिले पनि गरगहना र लवाई खुवाई

भने निर्धनता र  निरक्षरताका कारण न्यून स्तरको भएको तथ्य सहभागी अवलोकनबाट प्रष्ट भयो ।

दमाई जातिको परम्परागत जातीय पेशा कपडा सिलाउने भएको तर यस्तो पेशाबाट आफ्नो परिवारको पालन-पोषण संभव नभएकोले बाध्य भएर उनीहरुले परम्परागत पेशा छोड्दै गएको र हाल २९ परिवारहरु मध्ये जम्मा एक परिवारले मात्र मुख्य पेशाको रुपमा उक्त पेशा अपनाएको अनुसन्धानबाट थाहा भयो ।  पहिले देखि नै यही पेशा अपनाउँदै आएको र अरु पेशामा लाग्न अब शारीरिक रुपले पनि अशक्त भएकोले यही सिलाई पेशामा नै आफूलाई राम्रो लागेको ६० वर्षीय प्रेमबहादुर नेपाली को राय थियो । नयाँ  मुलुकी ऐन २०२० ले जातीय भेदभाव उन्मूलन गरे तापनि अशिक्षा र पछौटेपनको कारण दमाई जातिलाई अछुत मान्ने छोएमा छिटो हाल्नु पर्ने तथा पानी नचल्ने जात मानिने परम्परा यथावत नै रहेको तथ्याङ्कबाट स्पष्ट भयो । बिशेष गरी ठकुरी जातिमा यस्तो छुवाछूतको भावना बढी रहेको अध्ययनबाट थाहा भयो । दमाई जाति दलित जाति भए तापनि अन्य दलित जातिहरु कामी, सार्की र सुनार संग पनि खानपिनमा असमानता तथा उचनिचको भावना भएको तथ्य सहभागी अवलोकनबाट स्पष्ट भयो ।

अघिल्लो पुस्ताका प्रायः सबै दमाईहरुले विष्टको घरमा वालीघरे प्रथा अन्तर्गत रहेर विभिन्न पेशाहरु गर्दै आएकोमा हाल यसमा व्यापक परिवर्तन आई केवल ८.८९% दमाईहरुले मात्र यस प्रथा अन्तर्गत रहेर काम गरिरहेको पाइयो ।

अधिकांश दमाईहरु भूमिहीन सरह भएकोले संधै गाउँघरको मजदुरीले मात्र जीवन यापन गर्न ज्यादै कठिन परेकोले कमाई गर्ने उमेर पुगेका युवाहरु पढाई छोडेर पनि वैदेशिक रोजगारमा लाग्न बाध्य भएको उनीहरु बताउँछन् । देशमा विद्यमान वेरोजगार समस्या र विदेशमा धेरै कमाउन सकिने अभिलाषाले गर्दा अधिकांश घर परिवार (७५.८६%) बाट युवाहरु वैदेशिक रोजगारमा संलग्न रहेको पाइयो ।

वैदेशिक रोजगारमा संलग्न घर परिवारको वार्षिक आय ठिकै देखिए तापनि घरको उत्पादन नगन्य भएकोले मुस्किलले जीवन गुजारा गरेको देखिन्छ भने वैदेशिक रोजगारमा नलागेका घर परिवारको जीवन अति कष्टकर देखिन्छ ।

शैक्षिक क्षेत्रमा यहाँका दमाईहरु अति पिछडिएको देखिन्छ । आजको २१ औं शताब्दीमा पनि पूरा दमाई समुदायमा जम्मा ९ जनाले मात्र मुस्किलले एस.एल.सी. उत्तीर्ण गरेको देखिनु हास्यास्पद नै हो । हालसम्म  प्रमाणपत्र तह उत्तीर्ण गरेको कुनै भेटिएन । गरिबीको कारणले नै शैक्षिक क्षेत्र पछि परेको उनीहरुको दावी छ ।

राजनीतिक क्षेत्रमा पनि यिनीहरुको कुनै पहुँच देखिएन । वडा सदस्यमा समेत यिनीहरुको प्रतिनिधित्व छैन । तर विभिन्न सामाजिक समूहहरुमा भने यिनीहरुको संलग्नता रहेको पाइयो । सिर्जनशील दलित उत्थान  समूहको अध्यक्ष र उपाध्यक्ष पदमा दमाईहरु नै रहेका छन् । यो  समूहले गाउँघरमा विभिन्न सामाजिक कार्यहरु - बाटो निर्माण, सरसफाई

आदि) गर्दै आएको र मासिक रुपमा प्रति व्यक्ति रु. २० का दरले बचत अभियान शुरु गरेको पाइयो । यस कार्यमा सूर्योदय युवा क्लव, बाडखोलाले सहयोग गरेको पाइयो ।

अशिक्षा र अज्ञानताका कारण परिवार नियोजन संबन्धी ज्ञान नहुँदा परिवारको आकार ठूलो भएको थियो । अहिले आएर कोही बुढापाकाहरुले पनि परिवार नियोजन राम्रो कुरा रहेछ, पहिले हामीलाई यस संबन्धी ज्ञान भएन । धेरै सन्तान भए । हुर्काउन, पालन पोषण गर्न गाह्रो पर्‍यो भनी बताउँछन् । कोहीले भने बढी केटाकेटी हुनु भगवानको वरदान हो भनी शन्तोष नै मानेको पनि पाइयो । तर अहिलेका अधिकांश युवा-युवतीहरुको धारणाचाहिं स्थायी नियोजन गर्नु उचित हुन्छ भन्ने रहेको पाइयो ।

दमाई जातिको परिवारमा वैवाहिक स्थितिलाई हेर्दा मागीविवाह प्रमुख देखियो । उनीहरुको समुदायमा मागी विवाह, नै राम्रो ठानिएको पाइयो । यस समुदायमा हाल दुई परिवारमा अन्तर जातीय विवाह भएको पाइयो । यसमा पनि विवाह गरी ल्याएका दुई केटीहरु कन्या नभई दोस्रो विवाहको भएको पाइयो ।

यस गा.वि.स. का दमाई समुदायको बस्ने घरको अवलोकन गर्दा संपूर्ण घरहरु ढुंगा-माटाबाट निर्मित कच्ची रहेको पाइयो । जम्मा २९ घर परिवार रहेको यो दमाई बस्तीमा १५ घरहरुको छानो खरको र १४ घरहरुको छानो टिनको रहेको पाइयो । यसैगरी यो समुदायमा ११.११ प्रतिशतले शौचालयको निर्माण नै नगरेको पाइयो । विशेष गरी आर्थिक रुपले विपन्न परिवार र आफ्नो घरको नजिक बनजंगल तथा खोला खोल्सा रहेका परिवारहरुले शौचालयको निर्माण नगरेको पाइयो । कुनै परिवारहरुमा त साझा शौचालय बनाएको पनि देखियो ।

वर्तमान विज्ञानको युगमा आधुनिक विद्युतीय उपकरणहरुको प्रयोग यस समुदायमा हेर्दा केही पनि नहुने २२.२२ प्रतिशत देखिए । यसबाट तिनीहरु आधुनिक युग भन्दा निकै टाढा र १५ औं शताब्दी तिरका समुदाय हुन् कि भन्ने आभाष हुन्छ । वर्तमान सूचना र विज्ञानको साम्राज्यको युगमा आफ्नो स्थान पुरचाउन कति शताब्दी विताउनु पर्ने हो त्यो पनि यस जातिका ती परिवारहरुका लागि रहस्यकै विषय बन्न पुगेको छ ।

यो समुदायमा पशुपंक्षी पालन अति सीमित मात्रामा रहेको पाइयो । हेफर इन्टरनेशनल नेपालले यहाँका अति विपन्न परिवाहरुलाई २/२ वटाको दरले बाखा वितरण गरेकोले बाखाको संख्या ६१ रहेको पाइयो । थोरै लगानीले पनि पाल्न सकिने हुँदा कुखुराको संख्या ७३ पाइयो । गाई, भैसी, सुंगुर र गोरुको संख्या भने कम देखियो । कुनै परिवामा भैसी, बाखा र कुखुरा समेत अर्काको अधियाँमा पालेको पनि थाहा भयो । यसरी पशुपालन अति कम मात्रामा भएकोले खेतीपातीको लागि मल कम हुन गई उत्पादन पनि कमै भएको आभाष हुन्छ ।

नेपालमा नयाँ मुलुकी ऐन २०२० लागु भएको साढेचार दशक वितिसक्दा पनि मानवीय मूल्य, मान्यता एवं असमानताको विरुद्ध समाज त्यति जागरुक भएको पाइएन । मानवीय, जातीय असमानतालाई हटाउन केवल कानुन बनाएर हुँदैन । यसका लागि त समाजको भावनामा परिवर्तन गरी चेतना ल्याउन सक्नु पर्छ । दमाईले सिलाएका कपडाहरु विना रोकतोक

लगाउने तर उनीहरुले तयार पारेका खाने, पिउनेकुरा लुकीछिपी खाने, पिउने यहाँका अन्य जातिले बाहिरी समाजमा भने दमाई समुदायलाई सिढी भन्दा अगाडि बढ्न नदिएको परम्परा अवगत गर्दा मुलुकी ऐनले प्रायोजन गरेको समानताको पाठ नै समाजका शिक्षित, अगुवा एवं उच्च वर्गहरुलाई दिइनु वाञ्छनीय देखिन्छ । परम्परागत पेशाबाट आफ्नो र परिवारको भरण पोषण गर्न नसकिएको र सहायक पेशाबाट पनि आर्थिक उपार्जन गर्ने खासै उपाय नभएपछि यहाँका अधिकांश व्यक्तिहरु कामको खोजीमा भारत लगायत विश्वका कैयौ मुलुकहरुमा कुल्ली कामको खोजीमा भौतारिएको देखिन्छ । यसै क्रममा एक जना दमाई प्रेम बहादुर दर्जी विगत १८ वर्ष देखि वेपत्ता भएको उनकी श्रीमती सुनमाया दर्जी बताउछिन् । अतः दमाई जातिको उत्थानका लागि, सामाजिक मूल्य र मान्यतामा समानताका लागि, आर्थिक उन्नति र स्वाभिमानका लागि आगामी दिनहरुमा के कस्ता योजना, कार्यक्रम र नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्छ भन्ने बारे शोधकर्ताको हैसियतले निम्न सुझावहरु प्रस्तुत गरेको छु ।

## ७.३ सुझावहरु :

यस गा.वि.स मा बसोबास गर्ने अघिल्लो पुस्ताका अधिकांश दमाईहरु (५१.११%) ले आफ्नो जातीय परम्परा अनुसारको पेशा (कपडा सिलाउने) अपनाउँदै आएको पाइएको थियो भने अहिलेको पुस्तामा यस पेशाप्रतिको आकर्षण घट्दै गएर केवल १ जनाले सो पेशा गर्दै आएको पाइयो । यसरी उनीहरुको परम्परागत जातीय पेशामा वितृष्णा आउनुमा परिश्रम अनुसारको उचित पारिश्रमिक नपाउनु र अन्य जातिका मानिसहरुले उनीहरुको पेशामा विश्वास नगर्नु रहेको थाहा भयो । त्यसैले दमाई जातिको परम्परागत पेशालाई संरक्षण गर्नका लागि पेशालाई सम्मानित र सुव्यवस्थित गर्ने प्रयास थालिनु पर्छ । ऐतिहासिक महत्व बोकेका विभिन्न पोशाकहरुको तैयारीमा युवा पुस्ताको संलग्नता बढाउन आवश्यक तालिमको व्यवस्था गर्ने, काम अनुसारको उचित पारिश्रमिक दिने र यस्ता पेशामा लागेका व्यक्तिलाई व्यवसाय संचालन गर्न सहुलियत दरमा ऋण दिने जस्ता काम गर्नु आवश्यक छ यो जातिको सामाजिक तथा आर्थिक उन्नतिका लागि निम्न लिखित कुराहरुको कार्यान्वयन गर्नु पर्ने आवश्यक देखिन्छ ।

१. यहाँ बस्ने दमाई जातिका बालबच्चाहरुलाई विद्यालयमा भर्ना शुल्क मिनाह गरी छात्रवृत्तिहरु उपलब्ध गराउनुका साथै उच्चशिक्षाका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्नुपर्दछ ।

२. सरकारी सेवामा प्रवेशका लागि न्यूनतम योग्यता पुगेका युवा-युवतीहरुलाई प्राविधक शिक्षाको तालिम दिई हरेक क्षेत्रमा संलग्न गराउने व्यवस्था मिलाउनु पर्दछ ।

३. खेतिपाती गर्ने परम्परागत अवैज्ञानिक तरिकालाई निरुत्साहित गरी वैज्ञानिक तरिकाले खेतीपाती गर्न कृषकहरुलाई तालिममा सहभागी गराई उन्नत बीउ, मल आदिको व्यवस्था गर्नुपर्दछ । यसको साथै वैज्ञानिक तरिकाले पशुपालन, कुखुरापालन, माहुरीपालन तथा फलफूल खेती जस्ता व्यवसायहरुमा समेत उनीहरुलाई उत्साहित गर्नुपर्दछ । यसको लागि उनीहरुलाई सहुलियत दरमा ऋणको व्यवस्था मिलाउनु पर्दछ ।

४.	यहाँका अधिकांश दमाईहरु भूमिहीन सरह रहेकोले निश्चित मापदण्डका आधारमा राज्यले भूमिव्यवस्था गर्नुपर्ने आवश्यक देखिन्छ ।

५.	देश विकासमा ठूलो टेवा पुरचाउन सक्ने युवाशक्तिको पसिनाले आज विदेशी भूमि सिंचित भइरहेको छ । त्यसैले यस्तो शक्तिलाई आफ्नै देश निर्माणमा लगाउन स्वरोजगारको व्यवस्था हुनुपर्दछ ।

६.	नेपाली भूमिमा बसोबास गर्ने सबै जाति जनजातिलाई एउटै मूल प्रवाहमा समेट्न २०२० साल भाद्र १ गतेदेखि नेपालमा लागू भएको नयाँ मुलुकी ऐनले प्रदान गरेको समानताको हकलाई समाजमा व्यवहारिक रुप दिन आवश्यक छ । ग्रामीण समाजमा विद्यमान छुवाछुतको भावनालाई अन्त्य गर्न चेतनामूलक कार्यक्रमहरु अघि सार्नु पर्दछ । समाजमा शैक्षिक विकास गरी चेतनावोध गर्न सकेमा मानसिक उत्थान भई यो जाति अगाडी बढ्ने छ ।

७.	स्वास्थ्य नै जीवन हो भन्ने कुरालाई आत्मसात् गर्दै दमाई समुदायका मानिसहरुले आफू र आफ्नो परिवार, टोल तथा छरछिमेकको सरसफाइमा विशेष ध्यान दिनु आवश्यक छ ।

८.	जातीय फुट ल्याउने प्रकारका नभई जातीय एकता कायम हुने गरी दलित जातिको उत्थानका लागि यथाशीघ्र शक्तिशाली दलित विकास प्रतिष्ठान गठन गरिनु पर्दछ । त्यस्तै दलित जातिको उत्थानका लागि गठित विभिन्न संघ संस्थाहरुलाई आवश्यक आर्थिक, भौतिक र नीतिगत सहयोग राज्य स्तरबाट दिई बहुआयामिक पक्षमा विकास गर्ने रणनीति तयार गर्नु पर्दछ ।

९.	समाजमा विवाह, चूडाकर्म, न्वारन तथा विभिन्न समारोहहरु सम्पन्न गर्दा दमाईहरुले परम्पारगत नौमती बाजा बजाउने गर्दछन् । उनीहरुको यस कार्यलाई व्यवसायको रुपमा सम्मान गर्नुपर्दछ । यसले संस्कृतिको संरक्षणमा ठूलो सहयोग पुग्दछ ।

१०.	अध्ययनको क्रममा ११.११ प्रतिशत दमाईहरुले शौचालयको निर्माण नगरी घर वरिपरिको जंगल र खोल्साहरुलाई शौचालयको रुपमा प्रयोग गर्दै आएकोले यसबाट वातावरण प्रदूषण भई विभिन्न रोगहरु फैलिन सक्ने भएको हुँदा कच्ची रुपमै भए पनि हरेक परिवारमा एउटा शौचालयको निर्माण हुनु अति आवश्यक देखिन्छ ।

११.	आफ्ना छोराछोरीलाई झोला, पुस्तक बोकाएर विद्यालय पठाएर र शुल्क तिरेर मात्र अभिभावकको जिम्मेवार पूरा हुन सक्दैन । तसर्थ अभिभावकको तर्फबाट पनि समय-समयमा विद्यालय गएर छोराछोरीको प्रगतिबारे शिक्षकहरुसंग सोधपुछ गरी घरमा पनि पढ्ने समय र वातावरण सृजना गराइदिनुपर्ने आवश्यक देखिन्छ ।

१२.	स्वदेश तथा विदेशका समाजशास्त्री तथा मानवशास्त्रीहरुले गरेका अनुसन्धानका सुझावहरुलाई संकलन गरी सोही मुताविक समाज सुधारका मार्गहरु अवलम्वन गर्दै अघि बढेमा यस जातिको राजनैतिक तथा सांस्कृतिक सुधार गर्न सकिने देखिन्छ ।

१३.  यस गा.वि.स. मा बसोबास गर्ने दमाई समुदायको आर्थिक तथा सामाजिक अवस्था दयनीय देखिएकोले यसलाई सुदृढ गर्नको निम्ति सरकारी तवरबाट राष्ट्रिय स्तरको योजना बनाउनु पर्छ र खास-खास दलित वस्तीहरुमा नमुना कार्यक्रमहरु चलाउनु पर्दछ । यसो भएमा यहाँ बस्ने तथा अन्यत्र बस्ने यस्तै प्रकारका दलित जातिको उन्नति हुनेछ ।

१४.  यहाँ प्रौढ शिक्षाको लागि कक्षा संचालन भइरहेको छ । यसै गरी बालशिक्षा र महिला तथा चेलीवेटी शिक्षा कार्यक्रम संचालन गरी सबैलाई साक्षर पार्नु पर्ने देखिन्छ । साथै सिपमूलक तथा व्यावसायिक शिक्षामा पनि जोड दिदै जानु पर्दछ ।

१५.  यहाँका अधिकांश परिवारहरुको आकार ठूलो रहेकोले यस समुदायमा परिवार नियोजनका स्थायी तथा अस्थायी साधनहरुको राम्रो जानकारी दिनु आवश्यक छ । यस्ता कार्यक्रम संचालन गर्न नेपाल सरकारले पहल गर्नुपर्ने देखिन्छ ।

१६.  सामाजिक तथा आर्थिक रुपले यस जातिप्रति अन्य जातिहरुको सहानुभूति र सद्भावनाको आवश्यक छ । यस्तो वातावरणको सृजना हुन सकेमा अन्य जातिसंग हातेमालो गरी यिनीहरु अगाडि बढ्न सक्ने संभावना देखिन्छ । यसबाट मात्र सिङ्गो राष्ट्रको एकता बलियो हुन सक्छ ।

उपरोक्त तथ्यहरुको आधारमा सामाजिक समानता, शिक्षाबाट रुढीवादिता जस्ता कुरीतिको अन्त्य भई यहाँका दमाई परिवारको जीवनस्तरमा सुधार आउन सक्छ । समष्टिगत रुपमा नेपालको विकास भनेको यहाँका जाति जनजातिहरुको पछौटेपनको अन्त्य र सामाजिक–आर्थिक उत्थान गर्नु हो । त्यसैले सामाजिक प्रतिबद्धता, मानसिक अग्रसरताका लागि कटिबद्ध भई सरकार र समाजका सचेत वर्ग, समाजसेवी, सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरु एवं स्वयं दमाई जातिबाट नै आवश्यक पहल गरिनु पर्दछ । जसले गर्दा दमाई जातिको आर्थिक तथा सामाजिक उत्थानका साथै समग्र राष्ट्रिय एकता र देशको सामूहिक रुपमा समुचित विकास हुनेछ ।

# सन्दर्भ सामग्री


कप्लान, ए. पारट्रिसिया (सन् १९७२) : **प्रीष्ट एण्ड कोबलर्स ।** इनटेक्सट् पब्लिशर, लण्डन ।

सि.वि.एस. (२००१): **स्टाटिस्टिकल पकेट बुक** । केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

बिष्ट, डोरबहादुर (२०५५): **सबै जातको फूलबारी** । साझा प्रकाशन, काठमाडौं ।

**नेपाली बृहत शब्दकोष** (२०५०) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी, काडमाडौं ।

खतिवडा, सोमप्रसाद र दाहाल, पेशल (२०५७): **नेपाली समाज र संस्कृति** । एम.के.पब्लिशर्स एण्ड डिष्टीब्युटर्स भोटाहिटी, काठमाडौं ।

शर्मा, जनकलाल (२०५८): **हाम्रो समाज एक अध्ययन** । साझा प्रकाशन, काठमाडौं ।

वन्त, प्रत्यषू, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र संग्रौला तथा सी.के.लाल (२०५८): **छापामा दलित** । काठमाडौंः एकता बुक्स ।

निरौला, खगेन्द्र (२०५९): **नेपाल परिचय**, । रत्न पुस्तक भण्डार काठमाडौं ।

लाम्गादे, भोजमान (२०६१): **नेपालमा दलित मानव अधिकारको अवस्था-२००४ र कानूनी व्यवस्था** । जन उत्थान प्रतिष्ठान न्यूप्लाजा पुतलीसडक काठमाडौं ।

आचार्य, बलराम (२०६२): **सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण** । नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं ।

पाण्डेय, मधुसूदन (२०६३): **नेपालका दलितहरु** । पैरवी प्रकाशन

**नेपालको अन्तरिम संविधान २०६३ (दोस्रो संशोधन, २०६४)** हिमाली प्रकाशन काठमाडौं ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०६४): **मुलुकी ऐन : एक टिप्पणी** । पैरवी प्रकाशन, रामशाहपथ काठमाडौं ।

इन्सेक (२०५३): **नेपालमा जातीय छुवाछूत** । काठमाण्डौंः अनौपचारिक क्षेत्र सेवा केन्द्र ।

हेमचुरी, कमला (सन् १९९९): **दलित महिलाहरुको चुनौती र संभावनाहरु** । सेन्टर फर इकोनोमिक एण्ड टेक्निकल स्टडिज (सेट्स) द्वारा फ्रेडरिक-एवर्ट-स्टिफटुङ्गको सहयोगमा आयोजित प्रजातन्त्र र दलित : नेपालमा छुवाछूतको समस्या विषयक राष्ट्रिय गोष्ठिमा प्रतुत् कार्यपत्र, जुन ।

आहुति (सन् २००४): हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न । **"नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन"**मा उद्धृत ।

गिरी, जीवेन्द्र देव (२०५४): **दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरु ।** दलित समुदायका समस्या बिषयक राष्ट्रिय परामर्श कार्यक्रम । काठमाडौं : अन्तराष्ट्रिय ऐक्यबद्दता समूह (ग्रिन्सो) ।

विश्वकर्मा, पद्मलाल (२०५४): **दलित समुदायको सामाजिक, आर्थिक, राजनैतिक स्थिति र आरक्षणको सवाल ।** दलित समुदायका समस्या बिषयक राष्ट्रिय परामर्श कार्यक्रम । काठमाडौं अन्तराष्ट्रिय ऐक्यबद्धता समूह (ग्रिन्सो) ।

राष्ट्रिय योजना आयोग (२०५५): नवौं योजना (२०५४-२०५९) मा दलित तथा उपेक्षित समुदाय संबन्धी नीति तथा कार्यक्रम । **"छापामा दलित"** मा उद्धृत ।

प्रश्रित, मोदनाथ ( २०५६): जातपात र छुवाछूत प्रथा : शास्त्रीय सन्दर्भ, वर्तमान स्थिति र समाधानको प्रक्रिया ।एक्काइसौ शताब्दी असोज) । **"छापामा दलित"** मा उद्धृत ।

शर्मा, डा. शिव (२०५७): दलित जाति र गरिबी । प्राची (साउन), **'छापामा दलित'** मा उद्धृत ।

पराजुली, शेखर र गौतम, भास्कर (२०५८): पत्रकारितामा दलितको न्यून सहभागिता । विकास वर्ष १० अंक २० (भदौ) । **"छापामा दलितमा"** उद्धृत ।

भट्टचन, डा. कृष्णबहादुर (२०५६): दलित महिलाको सामाजिक र आर्थिक अवस्था । **'छापामा दलित'** मा उद्धृत । काठमाडौं: एकता बुक्स ।

प्रश्रित, मोदनाथ २०५८: छुवाछूत प्रथा मानव जातिको कलंकको टीका । **"छापामा दलित"** मा उद्धृत ।

दर्नाल, सुभासकुमार (२०५८): दलित महिला लैंगिक र जातीय विभेदको दोहोरो शोषणमा । गतिविधि साप्ताहिक (३ वैशाख, २०५७) । **'छापामा दलित'** मा उद्धृत ।

रावल, धनबहादुर (२०५९): **बझाङ्ग जिल्ला मटेला गा.वि.स. वडा नं. ७ जीवली गाउँका सार्की जातिको सामाजिक तथा आर्थिक पक्षको एक अध्ययन** पृ-१-११ । त्रि.वि.वि. शोधग्रन्थ ।

विश्वकर्मा, पद्मलाल (२०६२): नेपालका दलित र मानव अधिकार । **"नेपालमा मानव अधिकार तथा कानुनी उपचार"** मा उद्धृत ।

विभिन्न पत्रपत्रिकाहरु: **कान्तिपुर दैनिक** (१३ मंसीर २०५८) ।
**नेपाल समाचार पत्र** (१० पुस २०५८) ।
**नेपाल सरकार, राष्ट्रिय दलित आयोग बुलेटिन** २०६०) पृ-६९-७० ।

**स्याङ्गजा जिल्ला वस्तुगत विवरण** (२०६२) पृ-२२ शाखा तथ्याङ्क कार्यालय, प्रगतीनगर स्याङ्गजा ।
**रजस्थल**, (वर्ष १०, श्रावण–आश्विन २०६३, पूर्णाङ्क २७ पृ-४-५), स्याङ्गजा साहित्य प्रतिष्ठान ।
**हेफर इन्टरनेशनल नेपाल** संक्षिप्त परिचय (३० श्रावण २०६३)
**गोरखापत्र दैनिक** (४ वैशाख २०५७, ९ वैशाख २०६२ ,३० कार्तिक २०६४, २४ मंसीर २०६५)

# घरधुरी सर्वेक्षणको प्रश्नावली

अन्तरवार्ता मितिः–२०६५/.../.....

नमूना संख्याः–

१. सामान्य परिचय

घरमूलीको नाम, थर......................................... पेशा................धर्म..............

उत्तर दाताको नाम,थर................... ................. लिङ्ग...........

ठेगाना– वडा नं........ टोल..........

२. पारिवारिक विवरणः...........................

जम्मा सदस्य संख्याः.........

| क्र.सं. | लिङ्ग | उमेर | शिक्षा | पेशा | वैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | उत्तर दाता |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |
| ११. | | | | | | |

३. परिवारको किसिम– क. एकल ख.संयुक्त

४. घरको किसिम–

.....................................................................................................

५. तपाइँको घरमा विद्युत जडान गर्नुभएको छ ?

क. छु ख.छैन

६. तपाइँको परिवारको स्वामित्वमा रहेका विद्युतीय सामानहरु के-के छन् ?

क. घडी/रेडियो ख. टेपरेकर्डर ग. क्यामेरा घ. टि.भी.

ङ कम्प्यूटर च.केही नभएको

७. तपाइँको घरमा कस्तो शौचालय निर्माण गर्नुभएको छ ?

क. कच्ची ख पक्की ग. निर्माण नभएको

८. तपाईको स्वामित्वमा रहेको जग्गाको विवरण दिनुहोस् ।

| क्र.सं. | जग्गाको प्रकार | क्षेत्रफल(हल/रोपनी) | कैफियत |
|---|---|---|---|
| १. | खेत | | |
| २.. | बारी | | |
| ३. | पाखो | | |

९. तपाइको मुख्य पेशा के हो ?

क. कृषि　　ख. मजदूरी　　ग. उद्योग　　घ. नोकरी

ङ कपडा सिलाउने　　च.वैदेशिक रोजगारी

१०. तपाइको सहायक पेशा के छ ?

क. कृषि　　ख.मजदुरी गर्ने　　ग. कपडा सिलाउने　　घ. भारी बोक्ने ङ. उपल्लो जातिको हलो जोत्ने　　च. डकर्मी/सिकर्मी काम गर्ने

११. तपाँइ आफ्नो पेशाबाट सन्तुष्ट हुनुहुन्छ ?

क.पूर्ण सन्तुष्ट　　ख.सन्तुष्ट　　ग. तटस्थ

घ.असन्तुष्ट　　ङ. पूर्ण असन्तुष्ट

१२ तपाँइ आफ्नो पेशा परिवर्तन गर्न चाहनुहुन्छ ?

क. चाहन्छु　　ख.चाहन्न

१३. अघिल्लो पुस्ताको पेशा के थियो ?

क.कृषि　　ख.कपडा सिलाउने　　ग.उपल्लो जातको हलो जोत्ने

घ. मजदुरी　　ङ. भारी बोक्ने

१४. तपाईले आफ्नो जग्गामा वार्षिक कति उत्पादन (मुरी/पाथीमा) गर्नुहुन्छ ?

क. धान ...........ख.मकै............ग.कोदो........ घ.गहु............ ङ तोरी............

च. दालवाली.........................छ. आलु...................... ज. अन्य.................

१५. आफ्नो जग्गाको उत्पादनले तपाइको परिवारलाई कति अवधि खान पुग्छ ?

..........................................................................................................

१६.यदि वर्ष भरि खान पुग्दैन भने बाँकी समय कसरी गुजरा गर्नुहुन्छ ?

क. ज्यालादारी काम गरेर　　ख.अरुको जग्गा कमाएर　　ग.ऋण लिएर　　घ. सबै

१७. तपाइँले पाल्नु भएको पशु पंक्षीहरुको संख्यात्मक विवरण दिनुहोस ।

क.गाई.........ख.गोरु............ग. भैसी......घ.बाखा/बोका........ङ.सुंगुर........ ..

च.बंगुर..........छ.कुखुरा............ज.हाँस..........झ.परेवा........ञ.अन्य.............

१८. तपाइँले कुनकुन फलफूल तथा नगदेवालीहरु लगाउनु हुन्छ ?

क.........................ख......................ग.........................घ.................

१९. फलफूल तथा नगदेवालीहरु कहाँ विक्री गर्नुहुन्छ ?

क.गाउमै　　ख.बजारमा

ग.अन्य ठाँउमा　　घ. बिक्री गर्दिन ।

२०. तपाँइ वालीघरे प्रथा अन्तर्गत रहेर काम गर्नुहुन्छ ?

क.गर्छु　　ख. गर्दिन

२१.यदि गर्नुहुन्छ भने वार्षिक कति अन्न (मुरी /पाथीमा) प्राप्त गर्नुहुन्छ ?

क. धान................ख.कोदो ............ ग मकै .................

घ. गहुँ ................　　ङ .........अन्य

२२.वालीघरे प्रथाको बारेमा बाबु/बाजेको पालाको केही जानकारी दिनुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

२३ तपाइँको परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा लागेका छन् ?

क. छन्　　ख. छैनन्　　ग.पेन्सन प्राप्त

२४.यदि छन् भने कुन देशमा ?

..........................................................................................

२५. तपाइँको परिवारको सरदर वार्षिक आम्दानी कति छ ?

क. पशुपंक्षी विक्री वितरणबाट रु............

ख. फलफूल तथा वालिहरु विक्रीवितरणबाट रु............

ग. नोकरीबाट रु.................

घ. अन्य व्यवसायबाट रु............

ङ.बैदेशिक रोजगारीबाट रु..........................

२६ तपाइँले छोराछोरी दुवैलाई पढाउनु भएको छ ?

क. छु ख.छैन

२७. यदि पढाउनु भएको छैन भने यसको कारण के हो ?

क. कमजोर आर्थिक अवस्था ख. पढ्न चाहदैनन्

ग. पारिवारिक कृयाकलापहरुमा संलग्न हुनुपर्ने घ. अन्य

२८. तपाइँको परिवारमा अन्य जातिसँगको वैवाहिक सम्बन्ध कायम भएको छ ?

क. छ ख. छैन

२९. तपाँइको सन्तानहरु कहाँ जन्मेका हुन ?

क. घरैमा (संख्या)...........................................................................

ख.अस्पतालमा, (सख्या)......................................................................

३०. परिवार नियोजन प्रति तपाइँको धारणा के छ ?

क. स्थायी नियोजन गनुपर्छ ख.अस्थायी नियोजन गर्नुपर्छ ग. परिवार

ग. नियोजन गर्नु हुदैन घ. थाहा छैन

३१.तपाँइ कुनै सामाजिक समूह/राजनैतिक पार्टीको सदस्य हुनुहुन्छ ?

क. छु ख.छैन

३२. यदि हुनुहुन्छ भने कस्तो खालको समूह/पार्टीमा आवद्ध हुनुहुन्छ ?

क.आमा समूह ख..........................ग..................................................

घ....................................................ङ...................................

३३ गाँउमा हुने छलफल तथा निर्णयहरुमा तपाँइको भूमिका कस्तो रहन्छ ?

क.अत्याधिक संलग्नता ख. समान सम्लग्नता

ग.कम संलग्नता घ.संलग्न छैन ।

३४.तपाँइको गाउँ क्षेत्रमा रहेका मठ, मन्दिर भित्र प्रवेश गरी पाठपूजा गर्न पाउनुहुनछ ?

क. पाउँछु ख. पाउँदिन

३५. तपाइँको छिमेकमा छुवाछुतको भावना कुन जातिमा बढी छ ?

क. गुरुङ्ग ख मगर ग ठकुरी घ. भूजेल

३६. अन्तमा केही भन्न चाहनुहुन्छकी ?

..........................................................................................................................

..............................................................................................

तपाइँको अमूल्य समय र महत्वपूर्ण जानकारीका लागि धन्यवाद !!!